# कीर्तिपुर बाघभैरव जात्राको सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा

स्नातकोत्तर उपाधिको आंशिक

परिपूर्तिका निमित्त प्रस्तुत

शोधपत्र


शोधकर्ता

रविना खड्का

त्रि.वि. दर्ता नं.: ६-२-३७१-१२६-२०१०

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौँ


२०७९

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व स्नातकोत्तर तहको पत्र शोधप्रबन्धको पाठ्यक्रमको परिपूर्तिको लागि यस केन्द्रीय शिक्षण विभागका विद्यार्थी रविना खड्काद्वारा प्रस्तुत ***कीर्तिपुर बाघभैरव जात्राको सांस्कृतिक अध्ययन*** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार भएको व्यहोरा प्रमाणित गर्दै आवश्यक मूल्यांकनको लागि सिफारिस गर्दछु ।

______________________

**डा. तिना मानन्धर**

**शोध निर्देशक**

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति : २०७९/१०/१५

# प्रतिवद्धता पत्र

त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि ***कीर्तिपुर बाघभैरव जात्राको सांस्कृतिक अध्ययन*** विषयमा डा. तिना मानन्धर ज्यूको शोध निर्देशनमा यस शोध पत्र तयार पारिएको हो । यो शोधप्रबन्ध मेरो मौलिक लेखन भएको र कुनै पनि उपाधिका लागि अन्य विश्वविद्यालय वा प्राज्ञिक संस्थामा पेस नगरेको घोषणा गर्दछु ।

____________________

रविना खड्का

शोधार्थी

मिति : २०७९/१०/१५

## कृतज्ञता ज्ञापन


शोत्रपत्र र यसका कार्यगर्दा आवश्यक सल्लाह सुझाव एवं अमूल्य समय दिई निर्देशन गर्नुहुने त्रि.वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागकी डा. तिना मानन्धर ज्यूलाई हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु। मेरो यो शोधकार्यसँग सम्बन्धित विषयमा सल्लाह, सुझाव र परामर्श दिनुहुने विभागीय प्रमुख प्रा. डा. सोमप्रसाद खतिवडा, सह प्रा. डा. पुनम राज्यलक्ष्मी राणा, सह-प्राध्यापक डा. सन्ध्या पराजुली, पूर्व विभागिय प्रमुख मदन कुमार रिमाल, सह प्राध्यापक डा. महेश कुमार आचार्य प्रति पनि म कृतज्ञता ज्ञापन गर्दछु। मेरो यो शोधकार्यसँग सम्बन्धित विषयमा सल्लाह, सुझाव, परार्मश एवंम यस सम्बन्धित पुस्तकहरू प्रदान गरिदिनु हुने मेरो आदरणीय दाजु भरत महर्जन प्रति पनि म कृतज्ञता व्यक्त गर्न चाहन्छु। मलाई यस अध्ययन गर्ने क्रममा आफ्नो अमूल्य समय दिई मार्गनिर्देशन र शोधकार्यमा सहकार्य गरि सहयोग गरिदिने साथी दिपेश राज शर्मा, भिक्षु खेमानन्द, साथै सहयोग गर्नु हुने अन्य साथीहरूलाई पनि विशेष रूपमा सम्झिन चाहन्छु।

गुरूहरू प्रयागमान प्रधान, बज्रमुनि बज्राचार्य तथा सम्पूर्ण अन्तरर्वार्ता दिनु हुने महानुभावलाई हृदयदेखि कृतज्ञता प्रकट गर्दछु।

शोधपत्रमा शोधकार्य गर्दा कम्प्यूटर टाइप गरि सहयोग गरिदिने मेरो भाई रन्जित गोदार थापालाई पनि धन्यवाद दिन चाहन्छु र कृतज्ञता ज्ञापन गर्न चाहन्छु। यस शोधकार्यका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गरि दिनु हुने सम्पूर्णमा एक मुष्ठ धन्यवाद दिन चाहन्छु।

रविना खड्का

## शब्दावली

आगंछे - आगमघर

आजु : द्य – बाजे देवता

किगः तनेगु – अछेता चढाउने

गुं – जगांल

चिः आना – प्वाल परेको पैसा

चाः पूजा – रात्रीकालिन पूजा

चोका बजी – चिउराको टुप्पो

चाकः पूजा – चारै ठाउँमा पूजा

छोएला बूः – पूजाको अघिल्लो दिन राति शुद्धिकरणको लागि गरिने मासुको परिकार सहितको चिउरा भोज

झवाः – गोठालो

झवाः देव - गोठालो देवता

त्वाः - टोल

पः मा - प्रधान

पुखू - पोखरी

भ्यारा – भेडा

मोहनी सिह्न - विशेषप्रकारले बनाइएको ध्वासोको कालो टिका

मोसि – श्रेष्ठ

देशबली – भात चढाउने

देय्पुखु - देश/वस्तीको पोखरी

देय् गू : देशको गुठी

द्य : छेँ - देवगृह

धिमे - दुवैतिरबाट बजाउने छालाको मोडिएको ढोलकभन्दा ठूलो बाजामा विशेष प्रयोगमा आउने

बुगाः – कुवा

बौःजाः – मृतकको नाममा चढाइने भात

बुसा : दं – जन्मदिन

नाशः द्य – नाट्यश्वर /नित्यनाथ

नाह्की - कसाई बाजा

नकीं – थकालीको श्रीमती

हिफः द्य – रगत थाप्ने देवता

# विषय सूची

शोध निर्देशकको सिफारिस पत्र क

शोध प्रबन्धको स्वीकृति ख

प्रतिवद्धता पत्र ग

कृतज्ञता ज्ञापन घ

शब्दावली ङ

नक्सा

## अध्याय-एक

## शोधपरिचय

**१.१ सामान्य परिचय** १

**१.२ समस्या कथन** २

**१.३ अध्ययनको उद्देश्य** २

**१.४ अध्ययन अनुसन्धानको पूर्वकार्य समिक्षा** ३

**१.५ अध्ययनको महत्व** ६

**१.६ अनुसन्धानको औचित्य** ६

**१.७ समेटिने क्षेत्र एंव विषय** ७

**१.७.१. भौगोलिक सिमा** ७

**१.७.२. विषयवस्तु सिमा** ७

**१.८. अध्ययन विधि / तथ्याङ्क संकलन विधि** ७

**१.८.१. प्राथमिक स्रोत** ८

**१.८.१.१. अवलोकन** ८

१.८.१.२. अर्न्तवाता ९

१.८.१.३.. तस्बीर संकलन विधि १०

१.८.२. द्बितियक श्रोत १०

१.९. अनुसन्धानको चरण एंव प्रकृया ११

१.९.१. अनुसन्धानको सैद्दान्तिक ढाँचा १२

१.९.१.१. अनुसन्धानको ढाचाँ १२

१.९.१.२. शोधको दृष्टिकोण १२

१.१०. तथ्याङ्कको विश्लेषण एंव प्रस्तुतिकरण १२

१.११. शोधपत्र अध्ययनको संगठनात्मक रूपरेखा १२

## अध्याय-दुई

### अध्ययन क्षेत्रको परिचय

२.१.. कीर्तिपुरको भौगोलिक एंव भौर्गभिक परिचय १४

२.२. कीर्तिपुरको राजनीतिक इतिहास १५

२.२.१. गोपालवंशकालिन कीर्तिपुर १५

२.२.२.. लिच्छिविकालिन कीर्तिपुर १६

२.२.३. मध्यकालिन कीर्तिपुर १६

२.३. कीर्तिपुर क्षेत्रको बाघभैरव मन्दिर र यस परिसरका सम्पदाको परिचय २२

२.४. कीर्तिपुर र बाघभैरव मन्दिरको सम्बन्ध ३१

२.५. कीर्तिपुरका नेवार समुदाय र संरचना ३२

२.६. कीर्तिपुरमा रहेका नेवार वस्तीमा परेको बाह्त्य प्रभाव ३६

२.७.. कीर्तिपुरमा मनाइने जात्रापर्वहरू ३८

२.७.१. गंथामुग (गथाम्व : चह्रे :) ३८

२.७.२. वडा दँशै तथा पाया : ४०

२.७.३. इन्द्रायणी जात्रा : ४२

## अध्याय-तीन

## बाघभैरव जात्राको परम्परा

३.१.. भैरवको परिचय ४६

३.२.. बाघभैरव जात्राको उत्पत्ति ५२

३.३ बाघभैरव मन्दिर र बाघ भैरवजात्राको सम्बन्ध ५०

३.४. बाघभैरव जात्रा र पुजारी परम्परा ५४

३.५. बाघभैरव जात्रामा गुठीको सम्बन्ध र राज्यको भुमिका ५५

३.५.१ गुठीको इतिहास ५५

## अध्याय-चार

## बाघभैरव जात्राको सामाजिक एवं सांस्कृतिक पक्ष

४.१ जात्रासंग सम्बद्ध वर्ग र भूमिका ६२

४.२ कार्यक्रम तथा मनाउने पद्धति ६३

४.२.१. नित्यपुजा ६३

४.२.२. रथ राखिने विधिः ६३

४.२.३. देवि स्नानः ६३

४.२.४. भजन खलः ६४

४.२.५. मुकुट खटमा राखिने विधि ६४

४.२.६.. आन्तरिक पुजा पद्धति ६५

४.२.६.१. होमपुजा ६५

४.२.७. बाह्य पुजा पद्धति ६५

४.२.७.१. बाह्य होमपुजा ६५

४.२.७.२. पञ्चवलीको पुजा विधि ६६

४.२.७.३. देशबली (बौः बलेगु) पठाउने चलन ६७

४.२.७.४. देशबली पठाउने स्थान ६८

४.२.७.५. महादीप बाल्ने ६८

४.२.७.६. देश परिक्रममा पठाउने चलन ६८

४.२.७.६.१. रथ परिक्रमा ६८

४.२.७.६.२. लाखे नचाउने चलन ६९

४.२.७.७. जात्रा सम्पन्न विधि ६९

४.२.७.७.१. रथ भित्र्याउने ६९

४.३ जात्रामा प्रयोग हुने बाजाहरू ७०

४.४ जात्रामा आएका सांस्कृतिक परिवर्तन ७०

४.५ जात्राको दार्शनिक सामाजिक पक्ष ७२

## अध्याय-पाँच

## उपसंहार, निष्कर्ष र सुझावहरू

५.१. उपसंहार र निष्कर्ष ७४

५.२. प्राप्ति ७५

५.३. सुझावहरू ७७

अनुसूची :-एक

**प्रश्नावली** **७९**

**अनुसूची :-दुई**

**अन्तर्वार्ता** **८१**

**अनुसूची :-तीन**

**अन्तरवार्ता लिइएका व्यक्तिहरूको विवरण** **८२**

**परिशिष्ट-क**

अभिलेख ८२

**परिशिष्ट-ख**

चित्र सूची ८४

**सन्दर्भ सूची**

# अध्याय - एक

# शोधको परिचय

## १.१. परिचय

नेपाली इतिहास हेर्दा पूर्वकालदेखि नै यहाँ विभिन्न धार्मिक एवं सांस्कृतिक गतिविधिहरू प्रचुर मात्रामा रहेको र यहाँका शासकहरू र जनताहरूले सुरुवातदेखि नै आफ्नो संस्कृति, धर्म जोगाउन ठूलो भूमिका खेलेको र योगदान दिएको पाइन्छ । नेपाल सानो मुलुक भएता पनि यहाँको कला, संस्कृति र सम्पदाहरूमा निकै सम्पन्न र भाग्यशाली मुलुकको रूपमा चिनिन्छ । नेपाललाई विश्वमाझ मन्दिरहरूको देश भनि चिन्ने गरिन्छ । त्यहि मन्दिरहरू मध्ये बाग्मति प्रदेश अन्तर्गत पर्ने कीर्तिपुरको मध्य भागमा त्यस भेगकै सबैभन्दा ठूलो र महत्वपूर्ण मन्दिरको रूपमा बाघभैरव मन्दिर रहेको पाइन्छ । करिब ३० मिटर × ५० मिटर क्षेत्रफलमा फैलिएको चोकमा चोकको उत्तरपट्टि बीचमा मन्दिर अविस्थित छ । यस मन्दिरमा दैनिक रूपमा पुजा एंव अन्य खास पूजा गर्दा बज्रचार्य पुरोहितद्वारा पूजाविधिहरू अपनाई पूजा सम्पन्न गर्ने गरिन्छ । बाघभैरव मन्दिर र कीर्तिपुरको शहर स्थापना १ वर्षको फरकमा भएको इतिहासले गर्दा पनि यसको प्राचीनता निकै पुरानो भएको देखिन्छ । यस मन्दिरलाई पूर्व लिच्छविकालदेखि कै मान्दै आइरहेको पाइन्छ तर पनि पुरातात्विक उत्खनन् र प्रमणको आधारको रूपमा शिलालेखहरू नपाइएकाले यसै हो भन्न सकिने आधार भने अझैसम्म पाइएको छैन ।

नेपालमा धार्मिक एकता, सहिष्णुता र संस्कृति जोगाइ राख्नको लागि विभिन्न चाडपर्व र जात्राहरू समय समयमा मनाउने गरिन्छ । बाघभैरव मन्दिर सांस्कृतिक एंव धार्मिक रूपमा पनि अत्यन्तै महत्वपूर्ण मन्दिर मानिन्छ । यस कीर्तिपुर क्षेत्रमा मनाइने जात्राहरू मध्ये अत्यन्त महत्वपूर्ण जात्राको रूपमा बाघभैरव जात्रालाई लिइन्छ तर यहाँ मनाइने खटजात्रा केहि दशक अघिमात्र चलेको मानिन्छ । यो जात्रा प्रत्येक वर्ष भाद्र १ गतेका दिन अर्थात सिंह संक्रान्तिका दिनमा मनाइने गरिन्छ । प्रचिनकालमा यस दिन पूजाआजा मात्रै गरिने चलन थियो र पछि जात्रा चलाएर खट परिक्रमा चलेको विभिन्न पुस्तकहरूमा उल्लेख भएता पनि यस जात्राको बारेमा र यसको उत्पत्ति, नामाकरण र इतिहास सम्बन्धी हालसम्म विस्तृत रूपमा अध्ययन र

अनुसन्धान भएको छैन । त्यसैले यस जात्राको मूर्त र अर्मूत सांस्कृतिक पक्षहरूको पहिचान गर्ने उद्देश्यले यस अनुसन्धान कर्ताले गर्ने जमर्को गरिएको छ । बाघभैरव जात्राको उत्पत्ति र नामाकरण सम्बन्धी तथ्यहरू खोजि गर्ने र महत्वबारे उजागर गर्न पनि यो अनुसन्धान गर्न लागिएको हो । यसै सन्दर्भमा सबै कुरालाई मध्यनजर गरि यस बाघभैरव जात्राको ऐतिहासिक तथा सांस्कृतिक पक्षको अध्ययन गर्ने क्रममा यसको मूर्त र अमूर्त सांस्कृतिक पक्षलाई अध्ययन गरिएको छ । जसमा पूर्व अवलोकन गरिएका र त्यसै अनुरूपमा चित्राङ्कन, समूहगत छलफल, अवलोकनको विभिन्न विधि अपनाएर जात्राको अध्ययन, अनुसन्धान गरिएको छ । बाघभैरव जात्राको सांस्कृति अध्ययनबाट यसका मूर्त र अमूर्त सांस्कृतिक पक्षहरूका बारे अझ विस्तृत रूपमा जानकारी पाइने र भावी अनुसन्धानकर्ताहरूलाई लाभ दिने वा मिल्ने बारे आशा राख्दै यो गरिएको छ ।

## १.२. समस्या कथन

बाघभैरव मन्दिरको जात्राहरूमध्ये बाघभरैब जात्रा एक महत्वपूर्ण जात्रा भएता पनि यसको मूर्त र अर्मूत सांस्कृतिक पक्षबारे विस्तृत अध्ययन अनुसन्धान गरिएको पाइदैन । यसैले यो अध्ययन शुरु गर्न गरिएको हो । समस्याहरू यस प्रकार छन् :

क) बाघभैरव जात्राको मूर्त सांस्कृतिक पक्षको अध्ययन एवं खोज अनुसन्धान नहुनु

ख) बाघभैरव जात्राको अमूर्त सांस्कृतिक पक्षको अध्ययन एवं खोज अनुसन्धान नहुनु

ग) बाघभैरव जात्रामा यहाँको गुठी र यसको व्यवस्थाको भूमिका बारे विस्तृत खोज अनुसन्धान नहुनु

## १.३. अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धान बाघभैरव मन्दिरको बाघभैरव जात्राको सांस्कृतिक तथा धार्मिक पक्षको विश्लेषण गर्ने उद्देश्यले सम्पन्न गरिने छ ।

यसका उद्देश्यहरू यस प्रकार छन् :

क) यस बाघभैरव जात्राको मूर्त सांस्कृतिक पक्षको बारेमा अध्ययन एंव खोज अनुसन्धान गरिने छ ।

ख) यस बाघभैरव जात्राको अर्मूत सांस्कृतिक पक्षको बारेमा अध्ययन एवं खोज अनुसन्धान गरिने छ ।

ग) बाघभैरव जात्रामा गुठी व्यवस्थाको भूमिका बारे विस्तृत खोज र अनुसन्धान गरिने छ ।

## १.४. अध्ययन अनुसन्धानको पूर्वकार्य समिक्षा

विषयगत समीक्षामा यस विषयमा प्रकाशित पुस्तक, शोधपत्र, अनुसन्धान प्रतिवेदन, आदिको अध्ययन गरिएको छ । विषयगत अध्ययनको रूपमा अनेक पुस्तक अध्ययन गरिएको भएतापनि त्यस मध्ये सीमित पुस्तक यहाँ उल्लेख गरिएको छ । बाकि पुस्तकको विवरण सन्दर्भ ग्रन्थ सूचीमा उल्लेख गरिएको छ ।

क) बाङ्गदेल, लैनसिंह (विं.सं. २०३९) "**प्राचिन मूर्ति कलाको इतिहास"**, पृ.५१ मा नेपालका प्राचीन कुषाणकालीन मूर्तिहरूमा धेरैजसो मातृका गणको बाहुल्य रहेको तथ्य चर्चा गर्दै सप्तमातृका र अष्टमातृका गणको मूर्तिहरू चाँगुनारायण, वगंलामुखी, बल्खु, जयबागेश्वरी र कीर्तिपुरको बाघभैरव मन्दिर परिसरमा स्थित गणेश मन्दिरका मूर्तिहरूलाई उदाहरण स्वरूप प्रस्तुत गर्नु भएको छ । यस कुराले बाघभैरवको प्राचीनता बारे प्रष्ट पार्न केही हदसम्म मद्दत पुगेको छ । तर उक्त पुस्तकमा यस जात्रा बारे विस्तृत रूपमा उल्लेख नगरिएको हुनाले यस अध्ययन अनुसन्धान गरिएको हो ।

ख) श्रेष्ठ, शुक्रसागर (वि.सं.२०५७) **"कीर्तिपुरको सांस्कृतिक र पुरातत्विक इतिहास"** पृष्ठ ३६-४६ मा बाघभैरव मन्दिरको बारेमा उल्लेख गरिएको पाइन्छ । उहाँले बाघभैरवको र कीर्तिपुर शहरको स्थापना एक वर्षको अन्तरालमा भएको मानिन्छ र यसको स्थापना राजा शिवदेवको पाला (ई.सं.१०९९-११२६) मा गरिएको कुरा गोपालवशांवलीमा उल्लेख गरिएको चर्चा गर्नु भएको छ । बाघभैरव मन्दिर बन्नुअघि पनि हाल मन्दिर रहेको प्राङ्गाण देवस्थलको रूपमा प्रसिद्ध रहेको उल्लेख पाइन्छ । कीर्तिपुरमा अवस्थित बाघभैरव मन्दिर यस भेगकै सबैभन्दा ठूलो र

महत्पूर्ण मन्दिर हो । मुख्य आराध्य देवता भएकोले स्थानिय बासिन्दा बाघभैरवलाई आजुद्यः भन्ने गर्दछन् । कुनै पनि वस्तीको मुख्य देवतालाई आजुद्यः भन्ने चलन नेवार समाजमा पाइन्छ । बाघभैरवको स्थापना भएको समयदेखि ने.स. ६२३ सम्म कुनै अभिलेख पाइदैन । एक्कसि ने.स. ६२३ को कार्तिक महिनामा पाटनका महापात्र जगत्पाल वर्मा आइ यसको भव्य जीर्णोद्वार गरिएको वर्णन हामी पाउँछौं भनेर उल्लेख भएको पाइन्छ । साथै कीर्तिपुरमा मनाइने विभिन्न जात्रापर्वहरूमध्ये बाघभैरव जात्रा पनि एक हो र बाघभैरव जात्रा केही दशक अघिदेखि मात्र चलेको हो र त्यसभन्दा पहिले बेलुका मन्दिर परिक्रमा र दिपावली मात्र (गोदा मत) गर्ने चलन थियो भन्ने उल्लेख गरिएको छ । तर उक्त पुस्तकमा यस जात्रा बारे विस्तृत रूपमा उल्लेख नगरिएको हुनाले यस अध्ययन अनुसन्धान गरिएको हो ।

ग) पौडेल वीणा, (वि.सं. २०६०), ***काठमाण्डौ उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू*** भन्ने पुस्तकमा लेखकले भैरवको बारेमा चर्चा गर्नु भएको छ । उहाँले पृ. ७३ मा कीर्तिपुरको बाघभैरवको चर्चा गर्दै यस मन्दिरको प्राचीनताको चर्चा गर्नु भएको छ । यस पुस्तकमा उहाँले कीर्तिपुरको बाघभैरव मन्दिरमा पाइएका मातृका गणहरू, शिव पार्वती मूर्तिहरूको समय अबधिको आधारमा हेर्ने हो भने यो निकै पुरानो देखिने कुराको चर्चा गर्नुभएको छ । र उहाँले यस मन्दिर सम्बन्धित जात्रा पछि मात्र केहि दशक अघि मात्र चलेको हो भन्ने कुराको उल्लेख गरेको पाइन्छ ।

घ) पौडेल वीणा, शर्मा डिल्लीराज, र पोखरेल गोपालराज, (वि.सं. २०७८), ***नेपाल उपत्यकाका केही जात्रा*** भन्ने पुस्तकमा **कीर्तिपुरको डाँडामा खटपरिक्रमा : बाघभैरव** भन्ने शिर्षकमा लेखकहरूद्वारा व्याख्या गरिएको पाइन्छ । यस लेखमा उहाँहरूले कीर्तिपुरको बाघभैरव मन्दिरको बारेमा उल्लेख गर्दै यहाँ मनाउने बाघभैरव जात्राको बारेमा पनि केहि चर्चा गरेको पाइँछ । तर यहाँ विस्तृत रूपमा भने जात्राको चर्चा गरिएको पाइदैन ।

ङ) प्रधान, प्रयागमान (ने.स. ११४१) **"नेवाः लहनाः किपूया लजना"**, पृ २४,मा बाघभैरव जात्राको बारेमा उल्लेख गरि यस प्रकार लेखिएको छ :

यँय्‌दस सिंघसंक्रान्ति (भाद्र १ गते) कुन्छु जुइगु बाघभैरव जात्रायात गुथि संस्थानपाँखे देगलय् चाकः मत च्याकेत, हिफः द्यः याथाय् पञ्चबली यिबा, किपू, पः मांखल तय्त व मूमूगु

मुथितय्त भ्वय् नकेत आयस्ता वइगु दु । थौकन्हय् आयस्ताया म्ह : जुया जात्राय् जुइपि विशेष मनूतय्त जक भ्वय् नका : जात्रा न्हयकाः जयाच्वगु दु । बाघभैरव जात्राबलय बाधभैरवयात पूजा वया किपूया थीथी खलः व परिवारिक गुथिया मनूत थः पूर्खापिन्सं आजुद्यः यात छानातः गु थोथी तिसा गथेकि किंकिपा, वहया गुद्धा, नागमा; छ्यंमा; (मुण्डमाला), कण्ठीमा; वहया सिखः मा; वहया ध्यबामा; वह-लुयँ जन्तरमाः, आदि, द्धंलद्ध : तिसा यःथःगु छैं यंका बांलाक सिलाः विशेष पूजानाप हाकनं छायेः गुथियाः दाजुकिजा, म्हयाय्मस्त, भिनामस्त, थःथिति सः ताः समय्-भ्वय् नयेगु कथंया निजी गुथित नं न्हयाकाच्वंगु दु ।

अनुवाद :

काठमाण्डौ देशमा सिंहसक्रान्ति अर्थात भाद्र १ गतेको दिन बाघभैरव जात्रालाई गुठी संस्थानबाट मन्दिरको वरिपरि बत्ति बाल्नको लागि, हिफःधलाई वलि दिनको लागि र प्रधानहरूको लागि र अरू मुख्य गुठीहरूको लागि भोज खुवाउनको लागि गुठीसंस्थानबाट आयस्ता दिने चलन छ तर हाल आएर यो आयस्तामा कमि भएको हुनाले जात्रा हुदाँखेरि पनि विशेष मानिसहरूलाई मात्रै भोज खुवाउने र जात्रा चलाउने चलन चलिरहेको देखिन्छ । बाघ भैरव जत्रामा बाघ भैरवलाई पूजा गर्दा खेरि गुठि खलकहरू एंव पारिवारिक गुठीका मानिसहरू आएर आफ्ना पुर्खाहरूले बाघभैरवलाई चढाइएको विभिन्न प्रकारको गहनाहरू पनि चढाउने र चढाइराखेको जात्रा अबधिमा भोज गर्ने चलन छ । चढाइराखेको गहनाहरू जस्तै : किकिंपा, सर्पको माला, मुण्डमाला कण्ठहार, चाँदीको सिक्री, हजाँरौ संख्यामा रहेका चाँदी र सुनको जनतरमालालाई सफा गरेर, पूजा गरेर ल्याउने र आफ्नो छोरीबेटी र छोरीबेटीको बच्चाहरू बोलाएर भोज खाने चलन रहेको देखिन्छ । तर उक्त पुस्तकमा यस जात्रा बारे विस्तृत रूपमा उल्लेख नगरिएको हुनाले यस अध्ययन अनुसन्धान गरिएको हो ।

च) आचार्य, महेश कुमार, ***Nepalese Culture, Vol. XIV.*** “कीर्तिपुर क्षेत्रका लिच्छिवीकालीन मानव वस्तीहरू” मा लेखकले कीर्तिपुर क्षेत्रको प्राचीनताको बारेमा र यहाँको मानववस्तिको बारेमा विस्तृत रूपमा चर्चा गर्नु भएको छ । उहाँले यस अुनसन्धान पत्रमा पृ. ५५-५६ मा बाघभैरव मन्दिरको बारेमा उल्लेख गर्दै यस मन्दिरको प्राचीनता, मूर्त संस्कृति बारे चर्चा गर्नु भएको छ ।

शोध अनुसन्धानको क्रममा गरिएका पूर्वकार्य समिक्षामा विभिन्न पुस्तकहरूको अध्ययन गरिएको छ । अध्ययनको क्रममा प्रायः सबैजसो पुस्तकमा कीर्तिपुर क्षेत्र र बाघभैरव मन्दिरको बारेमा उल्लेख र अनुसन्धान गरि लेखिएको पइएता पनि बाघभैरव जात्राको बारेमा हालसम्म पनि संक्षिप्त रूपमा अनुसन्धान एंव अध्ययन गरिएको कहिकतै पाइएन । सोहि कारणले गर्दा यस जात्राको बारेमा अध्ययन तथा अनुसन्धान गर्नु पर्ने आवश्यकता महसुस गरि यो अनुसन्धान गर्न लागिएको हो । आशा राखको यस शोधपत्रको अनुसन्धानद्वारा भावि अनुसन्धानकर्तालाई मद्दत पुग्ने छ ।

## १.५. अध्ययनको महत्व

धार्मिक जात्राहरूको उत्पत्ति, ऐतिहासिकता र सांस्कृतिक पक्षहरूको विषयमा अध्ययन अनुसन्धान गर्दा त्यहाँको समुदाय र स्थलको बारेमा सम्पूर्ण विषयमा जानकारी गर्न सकिन्छ ।

बाघभैरव जात्राको अध्ययन गर्दा हालसम्म यसको सांस्कृतिक पक्षको विस्तुत रूपमा अध्ययन गरेको पाइदैन त्यसैले यस अध्ययनले यहाँका ऐतिहासिक, सांस्कृतिक, धार्मिक पक्षलाई प्रकाश पार्न पनि महत्वपूर्ण भूमिका खेल्नेछ ।

यस अध्ययनले बाघभैरवको मूर्त र अर्मूत पक्षको महत्वको विषयमा ज्ञान दिने हुदाँ यसको महत्व रहनेछ ।

बाघभैरव जात्राको सांस्कृतिक अध्ययन गर्दा त्यहाँको समुदाय र तिनको धार्मिक र सांस्कृतिक आस्थामा अर्झै थप जानकारी प्राप्त गरिने हुँदा पनि यस अध्ययनको महत्व रहेको छ ।

## १.६ अनुसन्धानको औचित्य

यस बाघभैरव जात्राको अध्ययन मूलतः सांस्कृतिक पक्षलाई अध्ययन गरि गरिएको छ । यस जात्रामा हिन्दु एंव बौद्ध धर्मावलम्बीहरूको उपस्थिति रहने गरेको पाइन्छ । यस जात्रामा पूजाविधिका नियमहरू, गुठीयारको भूमिका र व्यवस्था बारे लेखिएको छ । बाघभैरव जात्रा अत्यन्त महत्वपूर्ण जात्रा भएता पनि यसको इतिहास र सांस्कृतिक पक्षको यस अघिसम्म

विधिवत अध्ययन नभएकाले गर्दा यस विषयमा अध्ययन गर्नु समसामयिक रहने देखिएको हुनले यस विषयमा अध्ययन गरिएको हो । यस अनुसन्धानले स्थानीय इतिहास, संस्कृति बुझ्न मद्दत पुऱ्याउनुको साथै पर्यटकीय स्थलको रूपमा यस क्षेत्रको प्रवर्द्धन गर्न ठूलो टेवा पुग्ने आशा राखिएको छ ।

## १.७ समेटिने क्षेत्र एंव विषय

यस बाघभैरव जात्राको मूर्त र अमूर्त पक्ष एंव जात्रामा गुठी व्यवस्था र गुठीयारहरूको भुमिका बारे क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

### १.७.१. भौगोलिक सिमा

नेपालको विभिन्न भागहरूमा बाघभैरवको मूर्ति एंव मन्दिर रहेको भएता पनि यस शोधकार्यमा अध्ययनको क्षेत्र कीर्तिपुरमा मनाउने बाघभैरव जात्रा र कीर्तिपुर नगरपालिकाको बाघभैरव मन्दिर उपर गरिएको छ ।

### १.७.२. विषयवस्तु सिमा

काठमाण्डौ जिल्लामा पर्ने ऐतिहासिक गाँउ कीर्तिपुरको गढ परखालले घेरिएको डाडाँभित्र मात्र रहेको वस्तीमा भएको बाघभैरव मन्दिरको बाघभैरव जात्राको सम्बन्धमा मात्र अध्ययनको सिमा सिमित गरिएको छ । यस अध्ययनमा जात्राको सम्पूर्ण सांस्कृतिक र धार्मिक पक्षको अध्ययन गरिएको छ । त्यसबाहेक बाहिरको अध्ययन गरिएको छैन ।

## १.८ अध्ययन विधि / तथ्याङ्क संकलन विधि

अनुसन्धनको कार्य गर्दा वैज्ञानिक सिद्धान्तमा आधारित अनुसन्धानले सम्बन्धित विषयमा समस्या पहिचान, उद्देश्य निर्धारण, ढाँचा निमार्ण, अध्ययन क्षेत्र छनोट, तथ्याङ्क संकलन, वर्गीकरण र विश्लेषण गरि तोकिएको समयभित्र प्रतिवेदन उत्पादन गर्न मद्दत गर्दछ । अनुसन्धान विधि कुनै पनि अनुसन्धानलाई वैज्ञानिक ढङ्गले तार्किक निष्कर्षमा पुऱ्याउने महत्वपूर्ण पद्दति हो । यस

शोधमा प्राथमिक तथ्यांक संकलनको लागि सम्बन्धित स्थानको अध्ययन, अन्तर्वाता लगायत विधिको प्रयोग गरिएको छ । उक्त स्थानमा हुने जात्राको स्वंय अवलोकन गरिएको छ । यस क्रममा त्यहाँको नित्य तथा नियमित पूजासँगै जात्रामा हुने पूजाविधिको तथ्यांक संकलन गरिएको छ । यस बाहेक बाघभैरव जात्रा र मन्दिर सम्बन्धित यस क्षेत्रका लोक विश्वास, किंवदन्ती, जनधारणा तथा यस मन्दिर क्षेत्रमा रहेका विभिन्न मूर्ति कला तथा मन्दिरको वास्तुकला लगाएका मन्दिरसँग सम्बन्धित र जात्रासँग सम्बन्धित जानकार व्यक्तिहरूसँगै अन्तर्वाता लिएर पनि तथ्यांक संकलन गरिएको छ । यसका अतिरिक्त बुद्धिजिविहरूसँग पनि अन्तर्वाता लिइएको छ र द्वितिय स्रोत अन्तर्गत विभिन्न प्रकाशित तथा अप्रकाशित पुस्तक, शोधपत्र, पत्रपत्रिका, सामाजिक सञ्जाल, लेख, आदिलाई समेटिएको छ ।  बाघभैरव जात्राको सांस्कृतिक अध्ययनको विषयमा गरिएको यो अध्ययन पत्र तयारपार्नको लागि विशेषत : प्राथमिक स्रोत र द्धितीय स्रोतको प्रयोग गरिएको छ ।

### १.८.१. प्राथमिक स्रोत

बाघभैरव जात्राको अध्ययन पत्र तयार पार्नको लागि मन्दिरको कार्यसँग सम्बन्धित विभिन्न व्यक्ति, पुजारी, गुठीयार, स्थानीय व्यक्तिका साथै त्यसै ठाउँका अग्रजहरूलाई सोधपुछ गरी अन्तर्वाता लिइएको छ । जसमा आवश्यक अध्ययन तथा अवलोकन जस्ता विधिको प्रयोग गरिएको छ ।

यस शोधपत्रमा प्राथमिक स्रोतलाई नै अनुसन्धानको मुख्य आधार मानिएको छ । यो अर्न्तगत विभिन्न पद्धतिको प्रयोग गरिएको छ ।

#### १.८.१.१. अवलोकन

तथ्याङ्क सङ्कलनको लागि अवलोकन अनुसन्धान महत्वपूर्ण विधि मानिन्छ । यसमा बाघभैरव जात्रा र यसको पूजा विधि, बारे प्रत्यक्ष अवलोकन गरिएको छ । यहाँ अवलोकनको क्रममा अवलोकन निर्देशिका तयार पारेर त्यसको आधारमा नियन्त्रित अवलोकन बिधिलाई प्रयोग गरिएको छ । स्थानीय जनसभागितालाई पनि अवलोकन गरि तथ्याङ्क संकलन गरि विश्लेषण

गरिएको छ । मुर्त सांस्कृतिक सम्पदाको बारेमा पनि स्थलगत अवलोकन गरि विज्ञहरूको सहयोगमा विश्लेषण गरिएको छ भने अमूर्त संस्कृतिको पनि अवलोकन गरि तथ्याङ्क संकलन गरिएको छ ।

### १.८.१.२. अर्न्तवार्ता

अन्तवार्तालाई अध्ययन अनुसन्धानका लागि आवश्यक तथ्याक एंव सूचना संकलन गर्ने अर्को महत्वपूर्ण विधिको रूपमा लिने गरिन्छ । त्यसैले यस सन्दर्भमा उक्त जात्राको विषयमा, स्थानीय बासिन्दाहरूसँग र बोद्ध परम्परा अनुसार र हिन्दु परम्परा अनुसार पुजा उपासना गरिने उक्त स्थानको विषयमा सम्बन्धित क्षेत्रका बासिन्दाहरूसँग अर्न्तवार्ता गरि सूचना संकलन गरिएको छ । परापूर्वकालदेखि के-कस्ता किसिमका कथा किम्बदन्तीहरू रहेका छन् भन्ने विषयमा स्थानीय समुदायका विभिन्न जानकार व्यक्तिलाई सहभागि गराइएको छ । प्रत्येक समुदायबाट ५ देखि ८ जना व्यक्तिको समूह बनाई उक्त विधिबाट समूहगत छलफल गराइएको छ । एक / एक व्यक्ति गरि प्रत्येक व्यक्तिबाट अर्न्तवार्ता लिई शोध अनुसन्धानको उद्देश्यसँग सम्बन्धित आवश्यक तथ्याङ्क एंव सूचना संकलन गरिएको छ । यसको लागि बाघभैरव जात्राकै दिन लगायत अन्य दिनहरूमा पनि अवलोकन तथा अर्न्तवार्ता गरिएको छ । सूचना र तथ्याङ्क सङ्कलन विशेष गरेर बाघभैरव जात्राको ऐतिहासिकता, मौलिकता तथा अभौतिक सांस्कृतिक पक्षलाई विशेष महत्व दिइएको छ ।

अन्तर्वाताको लागि २ वटा नमुणा प्रश्नावली तयार गरिएको छ । एकप्रति श्रोत व्यक्तिको लागि ( Key Informant) र अर्को प्रति स्थानीयबासीकोलागि, जात्रामा सहभागि भएका व्यक्तिहरू आदिका लागि तयार गरिएको छ । अन्तर्वातामा सम्मिलित प्रश्नहरू सबै खुल्ला प्रश्नावलीका आधारमा छन् ।

अन्तर्वाताको लागि स्थानीयबासीहरूमा पनि विशेष गरेर अग्रज व्यक्तित्वहरूलाई नमुनाको रूपमा लिइएको छ । जात्रा सम्बन्धी आएका परिवर्तहरूको अध्ययनको लागि यस्तो गरिएको हो । यसका साथै युवा पुस्तालाई अन्तर्वातामा सम्मिलित गरिएको छ । युवापुस्ताको यस जात्राप्रतिको रुचि र जात्राको निरन्तरताको लागि अन्तर्वाता लिइएको हो ।

### १.८.१.३. तस्वीर संकलन विधि

यस विधि मार्फत मोबाइल फोन र क्यामेरा प्रयोग गरि तस्बिर लिइएको छ र आवश्यक तस्बिर शोध अनुसन्धानमा समावेश गरिएको छ । यसमा स्वंम अनुसन्धानकर्ता आफै अध्ययन स्थलमा गई आवश्यक तस्बीरहरू संकलन गरिएको छ ।

## १.८.२. द्धितियक श्रोत

विशेष गरि कसैले सम्पन्न गरिसकेको अध्ययन तथा तथ्याङ्क संकलन गरिएको अनुसन्धानलाई आफ्नो अनुसन्धानमा श्रोतको रूपमा प्रयोग गरिने विधिलाई द्धितीयक श्रोत भनिन्छ । यि तथ्याङ्कहरू छिटो र सजिलै संकलन गर्न सकिन्छ । सधै प्राथमिक श्रोतले मात्र अनुसन्धान पुरा नहुने हुदाँ द्धितीयक श्रोत पनि अनुसन्धानको क्रममा राख्नु जरुरी हुने गर्दछ । तसर्थ यस अनुसन्धानमा द्धितीयक श्रोतको तथ्याङ्क सिमित रूपमा मात्र लिइएको छ, जुन यस प्रकार छन् :

१.८.२.१. पत्रपत्रिकामा छापिएका लेखहरू

१.८.२.२. शिर्षकसँग सम्बन्धित अभिलेखहरू

१.८.२.३. वंशावली


१.८.२.४. पुस्तक

१.८.२.५. प्रकाशित र अप्रकाशित शोधपत्र

१.८.२.६. आवश्यक अनुरूप इन्टरनेटको प्रयोग

## १.९. अनुसन्धानको चरण एंव प्रकृया

यस शोधको मुख्य क्षेत्र कीर्तिपुरमा रहेको बाघभैरव मन्दिर र त्यहाँ मनाइने जात्राहरू मध्ये बाघभैरव जात्राको संस्कृति, परम्परा र आस्थाको बारेमा अध्ययन गरि विश्लेषण गुर्न हो । यसको लागि शोधको निम्न चरण एंव प्रकृया पूरा गरिएको छ ।



### १.९..१. अनुसन्धानको सैद्दान्तिक ढाँचा

### १.९..१.१. अनुसन्धानको ढाचाँ

प्रस्तुत शोध सांस्कृतिक अन्वेषणमा आधारित छ । यस शोधपत्रमा गरिने अध्ययन विशेषतः ऐतिहासिक धार्मिक एंव प्राचिनताको पक्षमा रही गुणात्मक तथ्यांक विश्लेषणमा आधारित रही तयार पारिएको छ । ऐतिहासिक र सांस्कृतिक पक्ष उजागर गर्नको लागि अन्वेषणात्मक ढाँचा महत्वपूर्ण मानिन्छ । त्यसैले यस शोधका लागि छानिएका तथ्यांकहरू पनि गुणात्मक प्रकृतिकै छन् ।

### १.९..१.२. शोधको दृष्टिकोण

यस शोधपत्रमा गरिने अध्ययनको दृष्टिकोण धार्मिक, सांस्कृतिक एंव पुरातात्विक पक्षमा रहेर गरिएको छ ।

### १.१०. तथ्याङ्कको विश्लेषण एंव प्रस्तुतिकरण

यस अध्ययनमा संकलन गरिएका तथ्याङ्कलाई विभिन्न किसिमका विधिहरू प्रयोग गरि प्रशोधन गरिएको छ । संकलित सूचना एंव तथ्याङ्कलाई प्रशोधनपछि यसलाई विषयवस्तुको आधारमा आवश्यकता अनुसार परिच्छेद वर्गीकरणपछि अनुक्रमलाई विभिन्न परिच्छेद, शीर्षक तथा उपशीर्षकमा विभाजन गरि शोधपत्र तयार भएको छ र संकलित तथ्याङ्क एंव सूचनालाई वर्णात्मक रूपमा विश्लेषण गरि प्रस्तुत गरिएको छ ।

### १.११. शोधपत्र अध्ययनको संगठनात्मक रूपरेखा

रूपरेखा अनुसन्धान कार्यको एक स्वरूप हो । यसले अध्ययन अनुसन्धान कार्य एंव प्रतिवेदन कस्तो बन्दछ भन्ने विषयको अग्रिम जानकारी दिन्छ । कुनै पनि अनुसन्धान गर्दा वास्तवमा भन्नुपर्दा यसको आर्कषण, प्रभाव एंव नियन्त्रण यसको रूपरेखाले नियन्त्रण गर्ने

भएकाले यस बाघभैरव जात्राको अध्ययन अनुसन्धानलाई मुख्यतया परिच्छेदमा वर्गीकरण गरि राखिएको छ । ति यस प्रकार छन् :

- अध्याय एक : शोधको परिचय
- अध्याय दुई : अध्ययन क्षेत्रको परिचय
- अध्याय तिन : बाघभैरव जात्राको परम्परा
- अध्याय चार : बाघभैरव जात्राको सामाजिक एंव सांस्कृतिक पक्ष
- अध्याय पाँच : उपसंहार, प्राप्ति, निष्कर्ष र सुझाव

# अध्याय-दुई

## अध्ययन क्षेत्रको परिचय

### २.१. कीर्तिपुरको भौगोलिक एंव भौगर्भिक परिचय

नेपालको इतिहास हेर्दा परापूर्वकालदेखि नै धेरै पुरानो सहरहरू रहिआएको देखिन्छन् । यस्तै प्राचीन सहरहरूमध्ये कीर्तिपुर सहर पनि एक मानिन्छ । कीर्तिपुर सहर काठमाण्डौ देखि ७ किलो मिटर नैऋृत्य कोणमा अवस्थित छ । यस क्षेत्रको सबैभन्दा उच्चो भाग समुन्द्री सतहदेखि १४१८ मिटर उचाइमा छ । डाँडा पूर्व पश्चिम लम्बिएको पाइन्छ र त्यो लम्बाइ करिब १४०० मिटर छ । चारैतिर समतल मैदानको बीचमा उठेको त्यो डाँडो चारैतिरको सत्तहभन्दा झन्डै ६५ मिटर अग्ला छ । त्यो डाँडोको बनोट बलौटे ढुङ्गाले बनेको हुँदा चारैतिरको तुलनामा यो भाग खदिँलो र बलियो रहेको र भौगर्भिक खिइने क्रम ज्यादै कम छ (श्रेष्ठ : वि.सं. २०५७, पृ.१) । कीर्तिपुर ऐतिहासिक सांस्कृतिक, पुरातात्विक आदि दृष्टिकोणले महत्वपूर्ण मानिने वस्ती हो । पहिले कीर्तिपुरलाई 'गुँदे' (पद्मकाष्ठपुर) जस्ता नामबाट चिनिन्थ्यो र यस स्थानमा रहेको वस्तीलाई स्थानीय बोलीका रूपमा 'किपु' भन्ने गरिन्छ । गुँदेको अर्थ नेवार भाषामा जगंलको देश हो । जहाँ 'गुँ' को अर्थ वन हो भने 'दे' को अर्थ सहर वा वस्ती भन्ने हुन्छ । तसर्थ गुँदेको पुरा अर्थ वनले घेरेको वनको बिचको वस्ती भन्ने हुन्छ । कीर्तिपुर क्षेत्रमा हालसम्म पाइएका शिलापत्रहरूमा प्राय 'पद्मकाष्ठपुर' नामाकरण उल्लेख गरेको पाइन्छ भने स्वयम्भू पुराणमा पनि पद्मकाष्ठपुर उल्लेख गरिएको पाइन्छ । त्यस्तै गरि नेपलको सबै जसो वंशावलीकारहरूले पशुपतिको उत्पत्तिको बारे लेख्दा कीर्तिपुरमा रहेका नन्द ग्वाको (ग्वालाहरूको) नामको गाईले दिनदिनै दूध दिने उल्लेख गरेका छन् । यसबाट के स्पष्ट हुन्छ भने कीर्तिपुरको इतिहास काठमाण्डौको पशुपतिनाथ जस्तै प्राचिनकालिन देखिन्छ । "पुण्यरत्न बज्रचार्यका अनुसार पशुपतिनाथको मूर्ति भेट्टाउनु अगाडि यो ठाँउको नाम 'पद्मकाष्टगिरी' थियो पछि यस ठाउँमा वस्ती भएपछि कीर्तिपुर भनेर नामाकरण गरिएको हो" (प्रधान : वि.सं. २०३४; पृ.३) । कीर्तिपुर वस्ती एउटै ढुङ्गा वा चट्टानमा बनेको वस्ती हो भन्ने विश्वास छ र सन् १९६० र १९७० को

दशकमा कीर्तिपुरको वरिपरि भौगर्भिक इतिहास बताउने खालका धेरै चट्टानहरू थिए जुनपछि प्रधानपञ्चबाट सबै प्रमाण नष्ट हुने गरि ठेकेदारहरूलाई ढुङ्गा बेच्ने कार्य भएबाट कीर्तिपुरको भौगर्भिक इतिहासको एक महत्वपूर्ण अध्ययनको पाटो नै नष्ट हुन पुगेको हो (श्रेष्ठः वि.सं.२०५७; पृ.१-२) ।

हालसम्म गरिएको अध्ययन र वंशावली अनुसार नेपालमा सर्वप्रथम गोपाल, त्यसपछि महिषपाल, किराँत, लिच्छिवि, ठकुरी, मल्ल र शाहवंशीहरू आएर राज्य गरेको पाइन्छ र कीर्तिपुरमा पनि प्राचिनकालदेखिनै गोपाल वंशीहरूले राज्य गरि वस्ती बसाल्दै आएको देखिन्छ तर अभिलेखिए प्रमाण भने हालसम्म पाउन सकिएको अवस्था भने छैन । तर पनि यहाँ अवस्थित ग्वापुखु थाम्बाहा र सागल टोलमा गोपालवंशीहरूको राज्यकाल देखि नै वस्ती बसी सकेको देखिन्छ (ऐजन) ।

## २.२. कीर्तिपुरको राजनीतिक इतिहास

नेपालमा इतिहासकारहरूको अनुसार गोपालवंशीले उपत्यकामा राज्य गर्दा नै कीर्तिपुरमा कुनै न कुनै रूपमा वस्तीको विकास भै सकेको थियो । त्यसबखत सम्पूर्ण काठमाण्डौ उपत्यकामा नै पनि कुनै प्रकारको सहरी विकास भै सकेको थिएन । लिच्छिविकालमा केवल धार्मिक स्थलकै रूपमा मात्र रहन गएको स्थान पछि शिवदेव तृतीयको राज्यकाल (ई.स. १०९९-११२६) मा वस्ती बसालेर कीर्तिपुर सहरको स्थापना गरे भन्ने गोपालवंशावलीमा उल्लेख पाइन्छ (श्रेष्ठ : वि.सं. २०६८, पृ.१६) । तर लिच्छिविकालपछि र शिवदेव तृतियको राज्यकालको बिचमा कीर्तिपुरमा के भयो के थियो कुनै ऐतिहासिक तथ्य भेटिदैन । शिवदेव तृतियले पुरानो गुदैँलाई कीर्तिपुर सहरमा स्थापना गरे भन्ने कुराको उल्लेख पाइन्छ (ऐजन) ।

### २.२.१. गोपालवंशकालिन कीर्तिपुर

पुरानो समयमा यस स्थानको नाम गुदैं थियो र उक्त शब्द संस्कृत शब्दबाट बनेको हो। नेवार भाषामा 'गुं'को अर्थ वन र 'दे'को अर्थ सहर भन्ने हुन्छ । तसर्थ गुँदेको अर्थ वनले घेरीएको वनको बिचमा रहेको वस्ती भन्ने हुन्छ । काठमाण्डौको इतिहास हेर्दा गोपालवंशीहरूले

पहिलो पटक राज्य गरेको देखिन्छ र त्यति बेला कीर्तिपुरमा कुनै न कुनै रूपमा वस्ती विकास भैसकेको मान्यता पाइन्छ । कीर्तिपुरको नैऋत्य कोणमा रहेको एउटा टोललाई हाल पनि सागल टोल भनिने गरिन्छ । नेपाल भाषामा सागलको अर्थ 'गोपुर' अर्थात गोठ हुन्छ र आजभन्दा करिब २३८ वर्ष अघि कीर्तिपुर दखल गर्दा गोरखालीलाई त्यसै गोपुरको ढोकाबाट भित्र्याइएको कुरा ऐतिहासिक विवरणहरूमा उल्लेख गरिएको छ (श्रेष्ठ : वि.सं. २०५७, पृ.३) । तसर्थ त्यस ठाँउको नाम र प्रचलित वंशावलिको कथाको अनुसरण गरि धनबज्र बज्राचार्यले गोपालवंशीको राजाहरूका पालामै यतातिर वस्ती बसेको थियो भन्ने अनुमान गर्नु भएको छ र उहाँको विचारमा गोपाल (ग्वाला वग्वाः) हरूलाई सम्झाउने स्थल आदि अझै केही छन् (बज्राचार्य : १९८० ; पृ. २२१) ।

## २.२.२. लिच्छिविकालिन कीर्तिपुर

लिच्छिविकालसम्म आईपुग्दा विकासको क्रमलाई नियालेर हेर्दा उपत्यकामा विभिन्न ठाँउमा विभिन्न खालका विकास हुन थालेको थियो । प्रशासनिक रूपमा पनि ग्रामदेखि माथि तल, तलदेखि माथि द्रङ्गको रूपमा वस्ती विकास भएको देखिन्छ । तर कीर्तिपुरको डाँडोमा कुनै किसिमको ग्राम तथा द्रङ्गको नामहरू आएको पाइदैन । सायद यहाँ चारैतिर जङ्गलले घेरिएको र मात्र एक धार्मिकस्थलको रूपमा रहेकोले पनि यस क्षेत्रमा कुनै प्रशासनिक इकाइहरूको विकास नभएको हुनसक्छ । यस स्थानमा थुप्रै पुराना मूर्तिहरू भेटिएका छन् । जुन बाघभैरव मन्दिर प्राङ्गणको दक्षिणभागमा आवस्थित गणेश मन्दिर भित्रको शिवपार्वती, सप्त मातृका, ब्रहमायणी, महेश्वरी, बाराही, कौमारी, गणेश र अर्को शिवको मूर्ति, जसलाई स्थानीय जनता वासुकी नाग भनि पूजा गर्दछन् । यसैगरि कीर्तिपुरको सबैभन्दा उचोभाग हालको कोतघर पछाडिबाट पाइएको सानो शिव मुर्ति पनि प्राचीन मानिन्छ । प्राप्त यी मूर्तिहरूको आधारमा कीर्तिपुरमा लिच्छिविकालमा यो स्थान देवपीठको रूपमा थियो भन्ने अनुमान लगाउन सकिन्छ (श्रेष्ठ : वि.सं. २०५७, पृ.५) ।

## २.२.३. मध्यकालिन कीर्तिपुर

लिच्छिविकालपछि कुनै पनि किसिमको अभिलेखिए प्रमाण यस भेगबाट पाउन सकिएको छैन । त्यसै हुनाले त्यसपछि के-कस्ता घटनाहरू कीर्तिपुरमा भए भन्ने अनुमान गर्न सकिदैन । तर पनि लिच्छिविकाल पछि वंशावलीहरूलाई आधार बनाएर पुरानो गुर्दैलाई विभिन्न मानवीय आधारभूत कुराहरू पूरा गरि कीर्तिपुर सहर निर्माण तथा विकास गरि वस्ती बसालेको श्रेय शिवदेव तृतीयलाई दिइएको छ । सहर बसाउँदा केबल डाडाँको उच्च भागको समथर जग्गा मात्र प्रयोगमा ल्याइ वस्ती बसालेको र उनले कीर्तिपुर सहर बनाउँदा 'शाद्यन्त कोष शार' नामक पुस्तकको आधारमा बनाएको देखिन्छ जस अनुसार कीर्तिपुर शाखा नगर (चची नगर) मा पनि आउँछ (बज्रचार्य र श्रेष्ठः वि.सं.२०३१; पृ.३) । शिवदेवले नगरको रूपमा स्थापित गरिसकेपछि पनि कीर्तिपुरको उल्लेख कीर्तिपुर भन्दा यसको पुरानो नाम गुँदे नै आएको पाइन्छ । ने.स. ३६२ मा पाटनका कित्पाल भारोले त्रिपुर (भादगाँउ) को विशेध गरि केही गढहरू ( क्वाथ) कब्जा गर्दा गुँदे क्वाथ पनि परेको उल्लेख पाइन्छ र पछि उनलाई पक्रि ती गढहरू पुनः त्रिपुरले कब्जा गरेको पाइन्छ । कीतपाललाई तीन महिना कैद गरि छाडियो भन्ने उल्लेख गोपालराज वंशावलीमा गरिएको छ । गोपालराज वंशावलीमा दुई ठाउँमा कीर्तिपुरको उल्लेख पाइन्छ । त्यसमध्ये एकठाउँमा यसरी लेखिएको छ : राजा शिवदेवले कीर्तिपुरको वलवल देवीमा तपस्या गरेर नहर बनाई पोखरी, इनार, कुवा, ढुङ्गेधारा बनाए (मल्ल र बज्रचार्य : वि.सं. २०४२; पृ.३२) । त्यसपछि पुनः अर्को १०५ वर्षसम्म कीर्तिपुरको कुनै उल्लेख कतै पाइदैन । एकैचोटि ने. स. ४६७ मा देवलदेवी र अनकरामवर्धनद्वारा पाटनको अतिरिक्त महिंखु र कीर्तिपुरमा समेत आफ्नो कब्जामा लिइएको उल्लेख भएको पाइन्छ । त्यसपछि पुनः १६८ वर्षसम्म कीर्तिपुरको कुनै उल्लेख कतै पाइदैन । एकैचोटी ने.स. ६३५ मा पाटन पिम्बहालका महापात्र जगत्पाल वर्माले बाघ भैरवको जीणोद्धार र चिलंचो बहालको स्थापना गरेको पाइन्छ (श्रेष्ठ : वि.सं. २०५७, पृ.८) ।

काठमाण्डौ उपत्यकामा यक्ष मल्लको मृत्युपछि केहि समय उनका छोराहरू रायमल्ल, रत्न मल्ल, रण मल्ल, राम मल्ल, अरि मल्ल, पूर्ण मल्ल र राज मल्लको संयुक्त शासन चलेको देखिन्छ । यि मध्ये रत्न मल्ल सर्वेसर्वा भै निस्किएका थिए । रत्न मल्लको प्रमुख महापात्र पाटन पिम्बहालका जगत्पाल वर्माले कीर्तिपुरमा शासन गरे तर पछि रत्न मल्लको इ.स. १५२० मा मृत्यु भएपछि ने.स. ६४७ को भाद्र महिनामा गोकर्ण औंसी (कुशे औशी)को दिन पाटन

चापागाँउमा मानिसहरू आई उनलाई आफ्नै घरमा टुक्रा गरि मारिन्छ (श्रेष्ठ : वि.सं. २०६८, पृ. १७) । ने.स. ६४५ माघ महिनामा पाल्पाका राजा मुकुन्द सेनले कीर्तिपुरमा हमला गरि आगो लगाई दिएको र त्यसको १५ महिनापछि पुनः हमला गरि विजय प्राप्त गरे भनी केशर पुस्तकालयको पूर्वोक्त नारद स्मृतिमा उल्लेख पाइन्छ । कीर्तिपुरको उनन्त दिन त्यसै बेला भयो जब यो स्वतन्त्र राज्य भएको थियो । साथै श्रीनिवास मल्लले कीर्तिपुर छाडेर पाटन गएपछि पनि उनको सुदृष्टि यहाँ परी नै रहेको देखिन्छ । सानै भए पनि राजदरबार (लायकू) बनेको, तलेजु मन्दिर बनेको र राजदबारको घोषण भएको देखिन्छ । यि राजाका पालामा कीर्तिपुरमा धेरै कार्यहरू भएका देखिन्छन् जस्तै चीलचोमा धर्मधातु मण्डल बन्यो, इन्द्रायणीमा सिंह थपिए, तोरण तथा मन्दिर बन्यो, बाघभैरवमा काष्ठ तोरण बन्यो, ल्हों देगः बन्यो, उमामहेश्वरमा हात्ती थपियो, पञ्चबुद्ध बन्यो, पधमपाणी बन्यो, तारा बन्यो, भोजगालमा मन्दिर बन्यो, ८०१ मा कोतघर बन्यो र गजुर चढाइयो (श्रेष्ठ : वि.सं. २०५७, पृ. ८-१०) ।

जगतपाल वर्माद्धारा चीलंचो विहारको स्थापना भएपछि मात्र हालको बाघभैरव क्षेत्रबाट पूर्वमा वस्ती बढेको देखिन्छ । त्यसभन्दा अघि पश्चिमको अनुपातमा पूर्वमा जनघनत्व निकै कम थियो । त्यसपछि उनले शिवगल र देवगल भनि दुईभागमा बाडे । त्यसभन्दा पहिले कीर्तिपुरमा कुनै बौद्ध अवशेष भएको पाइदैन । धार्मिक विश्वास अनुसार शिवगल (शैव) र देवगल (बौद्ध) श्रद्धा अनुसारकै मन्दिर र देवस्थलहरूको पनि आ-आफ्नै क्षेत्रमा विकास गर्दै लगे । कीर्तिपुरमा जगतपाल वर्माद्वारा बौद्धधर्म भित्र्याएको देखिन्छ । यी दुई क्षेत्रमा विभाजनको रूपमा उत्तर दक्षिणको दथुँल (मूल सडक) मानियो । बौद्धमतका बासिन्दा पूर्व देवगल क्षेत्रमा मात्र सिमित भएका देखिन्छन् तर शैव मार्गीहरू भने दुवै स्थानमा रहेका पाइन्छन् । साथै वि.सं. १९९० देखिमात्र शिवगत क्षेत्रमा पनि बौद्ध स्मारक प्रतिस्थापना गर्न थालियो । त्यस भन्दा पहिला कुनै बौद्ध स्मारक यस क्षेत्रमा स्थापना गरिएको थिएन (ऐजन, पृ.१०) ।

पछि गएर शिवगल र देवगलका पनि आ-आफ्नै शाखाहरू बने र ती त्वा (टोल) परिणत भए । वंथ्वत्वा (टोल) दथुत्वा, गोरखपुरीत्वा, भुतिगामत्वा पुराना टोल थिए । पछि तिनै टोलहरू टुक्रिदै नाम फेरिदै, पुरानो नाम अपभ्रंश हुँदै अहिले देपुखु र चाफल बन्न पुग्यो । गोरखपुरी टोल पालिफल बन्न पुग्यो । गालाफल टोल लोंदैगः र म्वानटोल भए । क्वथुभ्फोड कुटुभ्फोल

बन्यो । नगरचो नग्लचो हुँदै नगः चो मात्र भनिन पुग्यो । पाउरबाट पाधुटोल बन्यो । त्यसैगरि दथुत्वाल श्रीनिवास मल्लले राजदरबार बनाएपछि लायकू भयो । चुसथुरीबाट चीथु भनिन थाल्यो । वंथ्वत्वा, दथुत्वा, गोरखपुरीत्वा, भुतिगामत्वाहरू पुराना हुनुको साथै ठूल्ठूला टोलहरू पनि तिनै थिए (प्रधान : वि.सं. २०६१, पृ.१२) । शिवदेवभन्दा अघि सहरको नाउ रहेको गुंदे पनि बाघभैरव प्राङ्गण र वरिपरि क्षेत्रमा सीमित हुन पुग्यो । आजभोलि मानिसहरू त्यहाँ जानुपर्दा स्थानीय बासिन्दा "गुनय् वनेगु" अर्थात गंनय् जाने भन्ने गर्दछन् । गुन्देबाट गुनय् हुनगएको हो भन्ने कुरो प्रष्ट बुझिन्छ । त्यसैगरि बाघभैरव देवतालाई समेत कीर्तिपुराधिपति नभनि गुन्देस्थानाधिपति भनि पुकारिएका प्रशस्त शिलापत्रहरू प्राङ्गण वरिपरि अवस्थित छन् (श्रेष्ठ : वि.सं. २०५७, पृ. २८) ।

ने.स. ७७५ कीर्तिपुरमा ६ वटा टोलहरू प्रमुख रूपमा देखापऱ्यो । उक्त उमामहेश्वरको निमार्ण सम्पन्न हुदाँ पछि ६ वटै टोल नायकहरू समेतले उक्त मन्दिरको रेखदेख, वर्षवर्धन र विग्रे भत्केमा जिर्णोद्दार समेत गर्नु भन्ने उल्लेख भएको छ । हालसम्म पनि विभिन्न जात्रामा सामेल गराइने प्रयासलाई नियाल्दा ती ६ वटै टोलहरू प्रमुख छन् । ती हुन् : गछें, थाम्बाहा, कुरुसा, क्वथुझोड, चुसथरी, तः ननी ।

कालान्तरमा पुनः ती ६ वटा टोलहरू पनि प्रत्येक टोल टुक्रिनगइ १२ टोल भए :

| | |
|---|---|
| *गछें* | द्योध्वाका |
| *थाम्बाहा* | समलटोल |
| *कुरुसा* | सागलटोल |
| *क्वथुझोड* | बाइगां |
| *चुसथरी* | इताछें |
| *तः ननी* | तुझो |

पुनः ती टोलमा पनि अरु थप टोलहरू आए र हाल कीर्तिपुरमा २४ टोल भएको मानिन्छ । तर व्यवहारमा त्यो भन्दा बढी भएको देखिन्छ (ऐजन, पृ. २९) ।

श्रीनिवास मल्लको उमेर पुग्दै आएपछि सिद्धिनसिंह मल्लले उनलाई पनि राज्य सञ्चालनमा सरिक गराउँदै सयुंक्त राज्य चलाएको देखिन्छ । ने.स. ७५९ तद अनुसार ई.स. १६४९ मा शाक्यमुनि मन्दिरको प्राण प्रतिष्ठा हुदाँसम्म बाबुछोराको संयुक्त शासन चलिरहेको थियो । त्यसपछि श्रीनिवासले एकलौटे शासन माग्न थालेपछि बाबुले तुरुन्तै सो माग पुरा गरेन्न र फलस्वरूप श्रीनिवास मल्ल प्रताप मल्लसँग सम्झौता गरि श्रीनिवासले कीर्तिपुर आई स्वतन्त्र राज्य खडा गरि बसे (श्रेष्ठ : वि.सं.२०६८; पृ.७२) । तर यो घटनाको ७२ दिन पछि नै सिद्धिनरसिंह मल्लले सदाको निम्ति श्रीनिवासलाई राज्य सुम्पे र आफू धार्मिक जीवन व्यतीत गरेको पाइन्छ । श्रीनिवास मल्लले कीर्तिपुरमा राज्य खडा गरेको बहत्तर दिनमै पाटनको गद्दी पाई त्यहाँ फर्कि गएको व्यहोरा सविस्तार वर्णन गरिएको ठ्यासफु काठमाण्डौ डल्लुका आजाजुसँग रहेको र उक्त ठ्यासफु गौतमवज्र बज्रचार्यद्वारा पढिएको कुरा धनवज्र बज्राचार्यले मौखिक रूपमा भन्नु भएको जानकारी शुक्रसागर श्रेष्ठले आफ्नो पुस्तकमा उल्लेख गर्नुभएको छ । श्रीनिवास मल्लपछि पाटनको राजगद्दीमा योगनरेन्द्र मल्ल बसे । यिनको पालामा कीर्तिपुरमा लोकेश्वरको मन्दिर बन्यो । भक्तपुरको लडाइँमा इ.स. १७७५ मा यिनको अकालमै मृत्यु भयो । तसर्थ पाटनका ६ प्रधानहरूको जग्जगी सुरु भयो र तिनै प्रधानहरूद्वारा नियुक्त क्वाठनायकहरूले कीर्तिपुरको दैनिक प्रशासन चलाउन थाले (श्रेष्ठः वि.सं.२०५७; पृ.१०-१३) । त्यसपछि कीर्तिपुरको इतिहासमा कालो दिनको रूपमा पृथ्वीनारायण शाहको आक्रमण र विजयलाई लिइन्छ । पृथ्वीनारायण शाहले तीन पटक आक्रमण गरेपछि मात्र कीर्तिपुर आफ्नो अधिनमा लिएको देखिन्छ । पृथ्वीनारायणको कीर्तिपुर माथि विजय हासिल गरिसकेपछि पनि पाटनका यी प्रधानहरूले नै कीर्तिपुरको प्रशासन कार्यहरू गरिसकेको पाइन्छ । “पृथ्वीनारायण शाहले आक्रमण गर्दा एक थरी प्रधानले बेइमान गरेपछि काठमाण्डौ प्रधानहरू (म्वो सिं अथवा मानसिंह प्रधानहरू) यस ठाउँ छाडेर काठमाण्डौमा नै फर्केर गएको जानकारी छ”(श्रेष्ठ : वि.सं.२०६८; पृ.१८) ।

पछि गएर वि.सं. १९६१ मा चन्द्र समशेरको पालासम्म कतिपय वस्तुहरू भारतबाट काठमाण्डौ हुँदै तिब्बत जाने गर्दथ्यो । कीर्तिपुर पनि त्यस बेलाको एक नाका थियो । भारतबाट झिकाइएका सामानहरू चितलाङ, पानीघाट, कीर्तिपुर हुँदै पाटन जाने गर्दथ्यो । तिनै वस्तुमा जागत उठाइन्थ्यो । हालको नयाँ बजारस्थित सोह्रखुट्टे पाटी (मन्द फल्चा) र सागल टोलको

मण्डपमा बसी जगात उठाउने गरिन्थ्यो । वि.सं. १९०३ मा राणाशासनको सुरुसुरुमै द्वारेमा परिणत भई कीर्तिपुरमा तलवार द्वारे प्रथा चल्न थाल्यो । जसको काम जात्रापर्व चलाउने, ठेक्कामा राजस्व उठाउने र स्थानीय स्तरमा सानातिना झगडा मिलाउने मात्रमा सिमित हुन पुग्यो । यसरी राणा शासनकालमा कीर्तिपुरमा द्वारे प्रथाद्वारा नै प्रशासन चलिरहेको थियो । त्यतिबेला द्वारे चयन हरेक वर्ष बोल कबोल प्रथाद्वारा गरिन्थ्यो । जसले बढी कबोल गर्थ्यो उनै द्वारे बन्थे र वर्षभरी जात्रा चलाउने, कर भन्सार उठाउने, सानातिना मुद्धा छिन्ने जस्ता कार्य यिनैले गर्दथे । वि.सं. २००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना भएपछि पञ्चायतकाल सुरु हुन्छ । पञ्चायतकालसम्म आइपुग्दा सो जिम्मेवारी चुनावद्वारा चुनिएका प्रधानपञ्चमा सऱ्यो । कीर्तिपुर नगरपालिका बनेपछि सो कार्य मेयरले गर्ने परम्परा थालेको पाइन्छ । तर वि.सं. २०६२ कीर्तिपुरमा पर्ने गाईजात्रामा सो कार्य गर्न मेयर पन्छिदा सबै जात्रापर्व अलपत्र रहन गएको थियो र त्यसपछि कीर्तिपुरका मुख्य मुख्य टोलको दाफा बाजा खलक र बुद्धिजीविहरू मिलेर कीर्तिपुर सांस्कृतिक जात्रापर्व व्यवस्थापन समिति, कीर्तिपुर २०६२ गठन गरि यो कीर्तिपुरमा हुने हरेक जात्रापर्वहरू सबैको व्यवस्थित रूपमा मनाउन मुख्य मुख्य टोलहरू मिलेर पालैपालो गरि मनाउँदै आइरहेको छ (ऐजन) कीर्तिपुर सहरको गढ परखालको उल्लेख गर्दा सम्पूर्ण सहरलाई गढ परखालले घेरि भित्र बाहिर गर्न १२ वटा ढोकाहरू राखिएका थिए । जस्तै : (१) द्यः ध्वाखा (२) गःछे (३) बाघभैरव (४) चीथू (५) भरिया पुखू (६) समलको पश्चिमपट्टि (७) ध्वाखासि (८) वाइगो (९) नायत्वाः (१०) पालीफल (११) सागः (१२) समलको दक्षिणपट्टि । यी बाह्र ढोकामध्ये द्योध्वाको मात्र मौलिक रूपमा बाँकी रहेको र अरु ढोकाको मौलिक रूप बिग्रिसकेकोले पुनः निर्माण गरेको देखिन्छ । ती ढोकाहरू हुन् : गःछे, द्यः ध्वाखा, समल ध्वाखा, चीथू, पालिफः र भरियापुखु (श्रेष्ठ : वि.सं. २०५७, पृ. ३५) ।

राजा शिवदेवको पालामा सडकमा ढुंगा छापी बनाइएको पाइदैन तर यि सडकहरू एक शताब्दी अघि मात्र बनाएको पाइन्छ । कुनै कुना, कोण र सतह नमिलाई प्राकृतिक रूपमा पाइएको ढुङ्गाले नै वकाई फकाई छोपी बनाइएका यस्ता सडकहरू अब केबल ‘बेको तं’ एक ठाँउमा मात्र बाँकी छ । केहि वर्ष अघिसम्म पाघुटोलबाट नाय्त्वाः जाने बाटो पनि यस्तै प्रकारको ठूल्ठूलो ढुङ्गाले बनेको थियो । त्यसपछि छड्केपारी विछ्याइएका तेलिया ईटाका सडकहरू बने । अझै पनि यस्ता सडकहरूको अवशेष केही बाँकी छन् । तर पछि कोट्खा

ढुङ्गाले छापी सडक बन्न थाले र पछि आधुनिक विकासको क्रममा ढल खन्ने, पाइप गाड्ने, पिच गर्ने इत्यादि कार्यले गर्दा पुरातात्विक, ऐतिहासिक र सांस्कृतिक महत्वका यस्ता सडक नष्ट भैसकेका छन् (प्रधानः वि.सं.२०६१; पृ.१४) । यसरी समयको परिवर्तन अनुसार कीर्तिपुरमा राजनीतिक गतिविधि र परिवर्तनका कारण धार्मिक, आर्थिक, सामाजिक र सांस्कृतिक आदि परिवर्तनहरू भएको देखिन्छ ।

## २.३. कीर्तिपुर क्षेत्रको बाघभैरव मन्दिर र यस परिसरका सम्पदाको परिचय

बाघभैरव मन्दिर कीर्तिपुरको मध्य भागमा अवस्थित सबैभन्दा ठूलो र महत्वपूर्ण मन्दिर मानिन्छ । करिब ३० मिटर × ५० मिटर क्षेत्रफलमा फैलिएको चोकमा चोकको उत्तरपट्टी बीचमा मन्दिर अवस्थित छ । बाहिरबाट हेर्दा ३ तल्ले देखिन्छ तर भित्र यो चारतल्ले छ । काठमाण्डौ उपत्यकाको अन्य भैरव तथा भीमसेन मन्दिरहरू जस्तै यो मन्दिर पनि वर्गाकारमा नभै लाम्चो चारकुने आकारमा उठाइएको छ । सबैभन्दा तल्लो छानामा एक, बीचको छानामा छ वटा र सबैभन्दा माथि एघार वटा गरि जम्मा अठारवटा गजुरले सजिएको छ (श्रेष्ठ : वि.सं.२०६८; पृ.३६-३७) । बाघभैरवलाई मुख्य आराध्य देवता भएकोले स्थानीय बासिन्दाले आजुद्यः भन्ने गर्दछन् । नेवार समाजमा आफ्नो वस्तीको मुख्य देवतालाई आजुद्यः भन्ने चलन पाइन्छ । आजुद्यः को अर्थ बाजे हो । बाघभैरवलाई त अझ आजाजु समेत सम्बोधन गरिएको छ जस्को अर्थ 'जिज्यू बाजे' भन्ने अर्थ लाग्छ । यस कुराले पनि बाघभैरवको प्राचीनता झल्काउन मद्दत पुऱ्याउछ । बाघभैरवलाई विभिन्न अवतार मानी पूजा गर्दै आएको कुरा अभिलेखहरूबाट थाहा पाइन्छ । शिलापत्रहरूमा बाघभैरवलाई व्याघ्रेश्वर, भट्टारक, भीमसेन भट्टारक, गुन्दे स्थानाधिपति, व्याघ्रभैरव इत्यादि भनि उल्लेख गरेको पाइन्छ (श्रेष्ठ : वि.सं. २०५७, पृ.३६) । मूलदेवता प्रवेशद्धारबाट पस्ने बितिकै देब्रेतर्फ पूर्व मुख गरि स्थापना गरिएको छ । प्राय जसो मन्दिरहरूमा मुख्य गर्भगृहको देवता बीचमा राखिएको पाइन्छ । तर यस मन्दिरमा भने बाघभैरवको मूर्ति पश्चिममा प्रवेशद्धार पस्ने बित्तिकै देब्रेतर्फ राखिएको पाइन्छ । यसो हुनुमा विभिन्न कारणहरू रहेको देखिन्छ । एउटा कारण बीचमा गर्भगृहमा देवता स्थापना गर्दा दक्षिणमा पर्ने र सूर्यको किरण नपर्ने हुदाँ अध्यारो हुने समस्या, अर्को यहि मन्दिरमा रहेको बाघभैरवको मूर्तिको ठ्याक्कै पछाडि रहेको नाशः द्यको अर्ध मन्दिर टाँसी बनाइएको हुनाले

यहाँको मुख्य मूर्ति बीचमा नभई प्रवेशद्धार पस्ने बित्तिकैको देब्रेतर्फ राखिएको हो (अन्तर्वार्ता : प्रयागमान प्रधान, वि.सं. २०७९ साउन २) ।

बाघभैरव मन्दिरमा बाघको आकृतिमा मुख्य मूर्ति बनाइएको छ । मूर्ति माटोको बनि कपडाले छोपिएको छ र मुखाकृति मात्र चाँहि चन्द्र समशेरको पालामा स्थानिय व्यक्तिले चढाएको हो । मुखाकृति बिग्रिएमा बज्रचार्यद्वारा पुनः बनाइने प्रथा छ । त्यसरी मूर्ति बनाउनु पर्दा कीर्तिपुरकै विभिन्न सात स्थान र काठमाण्डौको म्हैपिबाट समेत माटो ल्याई बनाउने प्रथा छ । समय समयमा मुसाले विगार्ने र मुखाकृति खस्ने गरेका वर्णन वंशावलीहरूमा टिपिएका पाइन्छन् । तर चाँदीको मुखाकृति राखिए पछि त्यति विग्रिएको देखिदैन । मूर्तिको मुख आँ गरि बनाइएको छ र भित्र जिब्रो राखिएको छैन  (श्रेष्ठ : वि.सं. २०५७, पृ. ३७) ।

बाघभैरवको स्थापना र कीर्तिपुर सहरको स्थापना एक वर्षको अन्तरमा भएको पाइन्छ । कीर्तिपुरको स्थापना राजा शिवदेव तृतीय (इ.स. १०९९ - ११२६) द्वारा गरिएको कुरा गोपालराज वंशावलीमा उल्लेख गरिएको छ । त्यसर्थ बाघभैरव स्थापना पनि (इ.स. १०९९-११२६) को बीचमा भएको देखिन्छ । त्यसपछि ने.स. १६८ वर्षसम्म कीर्तिपुर ओझेलमा पर्छ । एक्कासि ने.स. ६३५ को कार्तिक महिनामा पाटनमा महापात्र जगत्पाल वर्मा आइ यसको भव्य जीर्णोद्धार गरिएको वर्णन पाइन्छ । जीर्णोद्धारको अर्थ मर्मतसंहार गर्नु हुन्छ । तसर्थ के अनुमान गर्न सकिन्छ भने पहिले कीर्तिपुरमा अवस्थित बाघभैरव क्षेत्र शक्तिपिठको रूपमा रहेको र पछि शिवदेवको पालामा हाल रहेको बाघभैरवको मन्दिर बनाइयो र पछि राजनीतिक अस्थिरताका कारण यो क्षेत्र ओझेलमा परेको र खासै ध्यानमा नआएका कारण अभिलेखहरू नपाइएको हुनुसक्छ । ने.स. ६३५ (इ.स. १५१५) मा उक्त जिर्णोद्धार भएपछि करिब ७२ वर्षसम्म कुनै कार्य भएको सूचना फेला परेको छैन । ने.सं. ७०७ मा मन्दिरमा सुवर्ण कलश चढाइएको थियो र अर्को ७५ वर्ष पछि पुनः हिफः द्यको माथि कलात्मक काष्ठ तोरण राख्ने काम भयो । ने.सं. ८१४ (इ.स. १६९४) मा हिफ.द्य.को पछाडि तासीझ्याल र एउटा झण्डा चढाइयो । २३ वर्षपछि फेरि हिफःद्य कै दायाँ बायाँ एक जोडा हनुमान मूर्ति स्थापना भएको ३३ वर्ष पछि एउटा लालमोहर गरि सँगैको गढबाट रुख काट्न निषेध गरियो र त्यसपछि १२ वर्ष पछि कीर्तिपुरका

अमात्य भाजुमानले ने.स.८८१ मा मूल प्रवेशद्धारमा पित्तलको पाताले मोडि दिए (श्रेष्ठः वि.सं.२०६८; पृ.४०-४२) ।

वास्तु बनोटका हिसाबले यो मन्दिर २ × ४ × ६ को गरो र २ × ३ × ५ को छाना आनुपातिक हिसाबले मिलाइएको छ । तर छानाको उक्त अनुपातिक नाप हाल मिल्दैन (तिवारीः इ.सं. १९८८; पृ. ३१) । यसको भुई तल्लामा १६ वटा थाम र मूल गारो माथिल्लो तल्ला उठाई लगिएको छ । गारोबाट आएको ९०° को कोणमा दलिनहरू राखि माथिबाट आएको छानालाई अड्याइएको छ । थामबाट बाहिर गएको टुँडाल राखि अड्याइएको छ । यसको चारकुना र बीचबीचमा चारवटा अनौठा काठका अर्ध चक्राकार टुक्राहरू झुण्डाएका छन् जुन केहि दशक पूर्वसम्म प्रचलित खः प्वांखमा छातीमा लगाइने गहना विशेष थिए । उक्त खः प्याख बन्द भएपछि ती गहना काठमा ठोकी मन्दिरमा चढाइएका थिए । त्यसको अतिरिक्त केही ख्याकका पोशाकहरू र माछा मार्ने जाल समेत तिनै प्याखंका पात्रहरूद्वारा प्रयोग गरिएका सामग्री हुन् । दोस्रो तल्लाको झ्यालहरूको बीचबीचमा राखिएका थामहरूमा विभिन्न हिन्दु देवी देवताका मूर्ति कुँदी त्यसको पादपीठमा नामहरू समेत कुँदिएका छन् । ती थामहरू उत्तर र दक्षिणमा दश दशवटा र पूर्व र पश्चिममा छ छवटा राखिएका छन् । तेस्रो तल्लाको झ्यालहरू पनि कोसो झ्यालकै रूपमा बनाइएका छन् । उक्त झ्यालमुनी लस्करै तरबार र छुरीको साथै फलामे तारको जालीमा बनेको लुगा समेत झुण्डाइएका छन् । यी सबै युद्ध सामग्री गोर्खालीसँगको युद्धमा लुटेर राखिएको भन्ने भनाई छ । कालुपण्डेले लडाइँमा लगाएको लुगा उनलाई मारी प्रतिशोध स्वरूप मन्दिरमा झुण्ड्याईएको भन्ने कथन पनि छ (श्रेष्ठ : वि.सं. २०५७, पृ. २४) ।

कीर्तिपुर बाघभैरव मन्दिर हिन्दु देवताको मन्दिर मानिन्छ तापनि यसको दैनिक पूजा र अन्य खास पूजा गर्दा बज्राचार्य पुरोहितद्वारा गरिने गरिन्छ । यस मन्दिरमा हुने गरेको कार्यहरूले धार्मिक सहिष्णुता कायम गरेको पाइन्छ । हिन्दु मन्दिर तर बज्राचार्य पुजारी कसरी हुन गयो त भन्ने विषयमा अध्ययनको क्रममा त्यहाँको पुजारी वज्रमुनी बज्राचार्यसँग लिइएको अर्न्तवार्तामा उहाँले भन्नुभए अनुसार पहिले बज्राचार्यले पूजा गर्ने चलन थिएन । सम्पूर्ण पुजाहरू कर्माचार्य ( आर्चाजु) द्वारा गरिन्थ्यो । पछि गएर नाम चलेको आचाजुको कमिले गर्दा कीर्तिपुरको बज्राचार्यलाई दिइएको अनुमान छ र अर्को राजनीतिक कारण पनि हुन सक्ने उहाँ बताउनु हुन्छ

। पृथ्वीनारायणको उपत्यका विजयपछि मखनबाहालको तान्त्रिकहरू शाक्तिशालि भएका कारण मूहावजा दिएर जग्गा प्रस्सत दिएर पठाएको भनिन्छ र खुसी पारेर आफ्नो पक्षमा ल्याएको देखिन्छ । त्यसकारण पछि गएर बज्राचार्यहरूद्वारा पूजा विधि गराउने चलन चलेको हुन सक्ने अनुमान गरिएको छ (अन्तर्वार्ता : वज्रमुनी वज्रचार्य, पुजारी, वि.सं. २०७९ साउन २७) । कीर्तिपुर बाघभैरवमा तान्त्रिक विधिबाट पूजाविधिहरू गरिन्छ । बाघ भैरवको उत्पत्ति बारे धेरै कथा किंबदन्तीहरू रहिआएको पाइन्छ । ति मध्ये एउटा रोचक कथा यस प्रकार छ :

"परापूर्वकालमा कीर्तिपुरका केहि केटाकेटीहरू हाल मन्दिर भएको ठाँउबाट उत्तरको भिरालो जङ्गलमा भेडाँ चराउन गएका थिए । भेडाहरू चरीरहेका थिए । केटाकेटीहरू माटाका विभिन्न आकृति बनाइ खेल्ने गर्दथे । त्यस दिन बाघको मूर्ति बनाए र मूर्ति बनाइसकेपछि त्यसमा जिब्रो राख्न एउटा सुहाँउदो पात खोज्न हिँडे । पात लिएर फर्कदा अनायास आफ्ना भेडाहरू गायब भएको देखे र यताउति कराउदै खोज्न थाले । तर भेटाउन नसकेकोले पछि आघि बनाएको मूर्तिको छेउमा गई हेर्दा उक्त मूर्तिको मुखमा रगत देखे र बाघ आँ गरेर बसिराखेको पाए। आफ्नो भेडा बाखाहरू सबै खाइदिएकाले उक्त बाघको मुखमा जिब्रो नराख्ने निर्णय गरे र देवता ठानी त्यसलाई सँगै एउटा मन्दिर बनाई थापना गरि दिए । त्यसै कारण बाघभैरवको जिब्रो नभएको हो र जिब्रो माग्दै आँ गरि राखेको छ भनिन्छ । तर पछि ती गोठालाहरू पनि अष्टमातृकाको रूपमा सिद्ध भए भन्ने कथन अझै पनि त्यो समाजमा जीवितै छ" प्राङ्गणमा प्राप्त सप्तमातृकाका मूर्तिहरू उर्द्धलिङ्ग शिव, शिव, गणेश, शिवपार्वतीका मूर्तिले त्यसको प्राचिनता झल्काउछ । तर अभिलेखिए प्रमाणहरू हालसम्म नभेटिएकाका कारण यहि समयको हो भनेर किटान गर्ने आधार भने छैन । वैज्ञानिक उत्खनन् कार्यबाट मात्रै यस प्राङ्गणको प्राचिनता पत्ता लगाउन सकिन्छ । हालसम्म यस क्षेत्रको उत्खनन् कार्य नभएको कारण यसको प्रचिनता त गर्भमै लुकेको छ (अन्तसर्वाता : शुद्धरत्न महर्जन, २०७९ साउन २५) ।

त्यहाँका स्थानिय बासिन्दाले उर्द्धलिङ्गशिव एंव सप्तमातृकाहरूलाई आजसम्म पनि झवादेवः (गोठालो) भन्ने चलन रहेको र बलिको लागि बलिकिन्दा झवाः भाग भनेर दिने गरेको चलन अझै पाइन्छ । लोक विश्वास अनुसार झवाः भाग नदिए वा बिर्सिएमा बलिमा ल्याएको

जनावर नर्पसीने र बलि कार्यमा अवरोध आउने गर्दछ । अनुसन्धानको क्रममा अर्को के पत्ता लाग्यो भने बाघभैरव मन्दिरमा स्थापना गरेका मूर्ति कथा अनुसार झवाःहरूले बनाएको मूर्तिको ठूलो र प्रतिलिपिको रूपमा स्थापना गरिएको हो । जुन मूर्ति गोठालोहरूद्वारा बनाइएको थियो त्यो सानो एंव कालोमाटोबाट बनेको र हाल सुरक्षाको दृष्टिकोणले गर्दा प्रर्दशन नगरि सुरक्षित स्थानमा राखिएको छ (ऐजन) । यसरी हेर्दा बाघभैरव मन्दिरमा बेलाबेला जिर्णोद्धारको कार्यहरू गरेको र थप मन्दिरहरू विकास भएको देखिन्छ । शिवदेवले यहाँ वस्ती बसालेर उर्वरा भूमिमा सिञ्चन गरि कीर्तिपुर नामको वस्ती बसाउनु पूर्व यो स्थान एक देवस्थलको रूपमा रहेको र उपत्यकाका बासिन्दाहरू त्यस बखत उक्त स्थानमा गै पुजा आजा गदर्थे जुन कुरा त्यहाँ पाइएका शिवपार्वती (२-३ शं), उद्धलिङ्ग शिव (३-४ शं.), सप्तमातृका (४-५ शं.) र गणेशलाई ( ५-६ शं.) शताब्दीतिरको मूर्तिहरूले दर्साउछ छ (श्रेष्ठ : वि.सं. २०५७, पृ. ४१-४२) ।

प्राङ्गणभित्र मुख्य बाघभैरव मन्दिर बाहेक अन्य दशवटा मन्दिर तथा देवस्थलहरू छन् । ती यस प्रकार रहेका छन् :

**क) मनविनायक**

कीर्तिपुरका अभिलेखहरू मध्ये सबैभन्दा पुरानो शिलापत्र यस सानो मन्दिरभित्र टासिएको छ । मुख्य मुर्ति पद्माशनमा बसेको र सात टाउको भएको नागको फणायुक्त छ । जम्मा ६ हात भएको यस मूर्तिमा चार हातमा अभय, माला, लड्डु र मूला छ भने दुई हात भाचिएको अवस्था छ । त्यसै मुर्तिको माथि यो शिलापत्र कुँदिएको शिला छ । जुन ने.स. ६२३ को हो । उक्त अभिलेखमा कीर्तिपुरको दुवै नाम कीर्तिपुर र गुंदे उल्लेख भै आएको छ । मूर्तिलाई मन विनायक भनि उल्लेख भएको र पुन ने.सं. ७५० मा उक्त मन्दिर बनेको कुरा उल्लेख गर्दै ढोका माथि अर्को अभिलेख कुँदिएको सामुन्ने बनाएको पाइन्छ छ (श्रेष्ठ : वि.सं. २०५७, पृ. ४२) । यो मन्दिर बाघभैरवको पूर्वपट्टि रहेको ठिक सामुन्ने बनाइएको पाइन्छ । यसो हुनुको कारण पहिले घामको किरण बाघभैरवलाई पर्दा त्यसको तेज सिधै पाटनमा पर्ने भएकाले गर्दा उहाँको शक्तिको प्रकोपबाट बँच्न पाटनको अधिकारीद्वारा यस मन्दिर निर्माण गरेको स्थानीय बासिन्दाहरूमा विश्वास रहेको छ (अन्तर्वार्ता : विदेश कपाली, देवपाला, वि.सं. २०७९ भाद्र २ ) ।

**ख) भवनी शंकर मन्दिर**

भवानी शंकर मन्दिर ने.स. ८३८ (इ.स. १७१८) मा बनाइएको थियो । यसमा राखिएको शिलापत्रबाट यस मन्दिरको लागि पाँच रोपनी जग्गा गुठी राखिएको कुराको जानकारी प्राप्त हुन्छ । यस मन्दिरको मूर्ति इ.स. १९८० को दशकमा चोरी भै हाल नयाँ मूर्ति राखिएको हो छ (श्रेष्ठ : वि.सं. २०५७, पृ. ४३) ।

**ग) गणेश मन्दिर**

कीर्तिपुर क्षेत्रको सर्वप्राचिन मन्दिरको रूपमा यो मन्दिरलाई लिइन्छ । गणेशको मूर्ति पूर्वाभिमुख गरि प्रतिष्ठापन गरिएको छ । मूर्ति ज्यादै खिई सकेको छ । गणेशलाई सुखासनमा बसाइएको छ । कीर्तिपुरका सर्वप्राचिन मूर्तिहरू यसै मन्दिरभित्र छन् । शिवपार्वती, उर्द्धलिङ्गशिव र सप्तमातृकाका मूर्तिहरूले यस मन्दिरको महत्व अझ बढेको छ । हालको मन्दिर ने.स. ८२४ (इ.स. १७०४) मा बनेको मन्दिर भित्र रहेको शिलापत्रबाट थाहा पाइन्छ । गणेशको मन्दिर खिइ सकेको छ त्यसैले पेटमा वेरिएको नागको केहि भाग मात्र चिन्न सकिन्छ र शरीरमा के थियो थाहा पाउन नसकिने देखिन्छ (ऐजन; पृ.४२-४३) ।

**घ) श्रीधर मन्दिर**

यस मन्दिर विश्वकर्माभन्दा दक्षिणतर्फ सम्पूर्ण ढुङ्गैढुङ्गाले बनेको शिखर शैलीको श्रीधर विष्णु हो । एक तह पेटी माथि मन्दिर उठाइ तीनतिर flase door र पश्चिमपट्टि मूल ढोका राखेर पश्चिमाभिमुख गराएको पाइन्छ । मन्दिरको पेटीमा रहेको शिलापत्र अनुसार यो मन्दिर ने.स. ७७८ (इ.स. १६५८) मा बनाइएको थियो । काठमाण्डौ उपत्यकामा भीमसेनको मूर्ति पुजा गर्ने चलन चल्नु अघि श्रीधर विष्णुको मूर्ति पूजा गर्ने गर्दथे छ (ऐजन, पृ. ४३-४४) ।

**ङ) तुलसी देवल**

बाघभैरव मन्दिरको अगाडि बाटोदेखि पश्चिमपट्टि यो मन्दिर उठाइएको छ । १.५ × १.५ × १.५ मिटर आयतनमा उठाई त्यसमाथि माटो भरेर तुलसी रोप्ने ठाँउ बनाइएको छ । सम्पूर्ण ढुङ्गाले बनेको यो वास्तु ने.स. ७९६ ( इ.स. १६७६) मा बनाइएको हो । अभिलेख

अनुसार उक्त मन्दिरमा गरुडनारायण, भवानी शंकर, वंशगोपाल र माधवेश्वरको मूर्ति स्थापना गरिएको थियो र ती सानासाना मूर्ति अहिले उमामहेश्वर, गरुडनारायण, श्रीधर, सरस्वती र रुक्मिणी भनिन्छ (ऐजन) ।

**च) यमलेश्वर मन्दिर**

भवानीशंकर मन्दिरसँगै दक्षिणपट्टि यो मन्दिर बनाइएको छ । शिवलिङ्ग स्थापना गरि चारैतर्फ खुल्ला ढोका राखि सानो र तल्ले पेगोडा शैलीमा यो मन्दिर बनेको पाइन्छ। यो मन्दिर बाघभैरवको जीर्णोद्धार गर्दा इ.सं. १८०६ मा जाइफलले बनाइएको कुरा उल्लेख गरिएको छ ( ऐजन, पृ. ४४)।

**छ) नारायण मन्दिर**

यमलेश्वर मन्दिरको दक्षिणपट्टि नारायण मन्दिर छ । यो मन्दिर बाघभैरव मन्दिरको इ.स. १८०३ मा जीर्णेद्धार गर्दा रणबहादुरका धाइआमा हस्तिकाले बनाएकी थिइन् । यस मन्दिरमा सरस्वती लक्ष्मी र नारायणका मूर्ति लस्करै राखिएका छन् । संरस्वतीको मूर्ति चोरि भई पुनः नयाँ राखिएको पाइन्छ (ऐजन, पृ. ४५)।

**ज) रामचन्द्र मन्दिर**

मन विनायकको दक्षिणपट्टि चुन प्लाष्टर गरि बनाइएको शिखर शैलीको मन्दिर रामचन्द्र मन्दिर हो । यो मन्दिर १९४० तिर बनेको हो । मन्दिरभित्र राम, सीता, लक्ष्मण र हनुमानका मूर्ति स्थापना गरिएका छन् (ऐजन) ।

**झ) विश्वकर्मा**

नेवार समाजमा प्राविधिक काम गर्ने सबैको आराध्य देवताको रूपमा विश्वकर्मालाई पुजिन्छ। यो मूर्ति ने.स. १०८८ (इ.स. १९६८) मा स्थापना गरिएको थियो। यो मूर्ति क्वथुभ्मोड टोलका बावुचा खुसः र पाघुका गंगामान नकर्मीले स्थापना गराएका थिए (ऐजन)।

### ञ) धरती माता

केही वर्ष पूर्व मात्र यस मूर्तिको स्थापना गरिएको हो । यो मूर्ति हेर्दा अचम्मको देखिन्छ। यो मूर्ति २०३६ सालमा मात्र प्रतिष्ठापन गरिएको थियो । एउटी महिला समुद्रमा उत्तानो परी एउटा बालकलाई जन्माईरहेको दृश्य देखाएको छ र तिनतिर ब्रम्हा, विष्णु र महेश्वरलाई ठड्याइएको छ । साधारण जनता धरती माता भनि पुज्ने गदर्छन् । यो मूर्ति स्थानीय व्यक्ति जीतानन्द जोशीद्वारा प्रतिष्ठापन गरिएको हो । यो मूर्ति कुनै आधिकारिक ध्यान बिनाको देखिन्छ। देवस्थलको वास्तु पनि कुनै माधुर्यता बिनाको छ । सिमेन्टको चौखट बनाई फलामे ग्रीलले घेरी फलामकै छाता चढाइएको छ (ऐजन) ।

बाघभैरव प्राङ्गण स्थित मन्दिर, देवस्थल तथा अन्य सम्बन्धित स्मारकहरू यस प्रकार छन् :

गणेश मन्दिर (ने.स. ८२४)

नारायण मन्दिर

श्रीधर मन्दिर (ने.स. ७८८)

यमलेश्वर शिव मन्दिर

भवानी शंकर मन्दिर (ने.स. ८३८)

शिव (बासुकी नाग भनि पुजिदै आएको)

विश्वकर्मा (ने.स. १०८८)

गणेश (मार्वलको) (ने.स. १०८८)

रामचन्द्र मन्दिर (इ.स. १९३९/४०)

मनविनायक (ने.स. ६२३)

धरतीमाता (वि.स. २०३६)

घण्ट (ने.स. ९९६)

मूल बाघभैरव मन्दिर

नासःद्य

मसिं सत्तल (हाल स्कुल)

भजन पार्टी (पुरानो सत्तल)

ईन्द्रायणी

सतल (हाल दर्शनधारी परिवार बसेको )

हनुमान स्तम्भ

तुलसी देवल

धर्म स्तम्भ

नाग

वसाहा

मूल प्रवेशद्धार

चार पाटी

जरुहिटी र आधुनिक धारा

गणेश मुर्ति

पूर्वी प्रवेशद्धार

पश्चिमी प्रवेशद्धार

घण्ट स्तम्भ (ने.स. ८११)

हिफः द्य

सिंह

द्यो: प्वा

हनुमान मूर्ति (ने.स. ८३७)

घण्ट स्तम्भ (वि.स. २०७९)

(श्रेष्ठ : वि.सं.२०५७, पृ. ४६-४७)

## २.४. कीर्तिपुर र बाघभैरव मन्दिरको सम्बन्ध

कीर्तिपुर सहरको स्थापना र बाघभैरवको स्थापना एक वर्षको अन्तरमा भएको मानिन्छ। कीर्तिपुरको स्थापना राजा शिवदेव तृतीय (इ.स. १०९९-११२६) द्वारा गरिएको कुरा गोपालवंशावलीमा उल्लेख गरिएको छ । यसर्थ बाघभैरवको स्थापना पनि (इ.सं.१०९९-११२६) को बीचमा भएको देखिन्छ । तर अचम्मको कुरा, उक्त समयदेखि ने.स. ६३५ सम्म कुनै अभिलेख पाइँदैन । एक्कासि ने.स. ६३५ को कार्तिक महिनामा पाटनका महापात्र जगत्पाल वर्मा आइ यसको भव्य जीर्णोद्धार गरिएको वर्णन पाइन्छ (ऐजन, पृ. ३९) ।

कीर्तिपुरको इतिहास हेर्दा यो स्थान लिच्छिविकाल भन्दा पहिले देखिनै अस्तित्वमा रहेको देखिन्छ । विभिन्न भाषावंशावलीमा कीर्तिपुरको उत्पत्तिको बारेमा चर्चा गरिएको पाइन्छ । बाघभैरव मन्दिर बन्नु अघि पनि हाल मन्दिर रहेको प्राङ्गण देवस्थलको रूपमा प्रशिद्ध थियो । प्राङ्गणमा प्राप्त सप्तमातृकाका मूर्तिहरू उर्द्धलिङ्ग शिव, शिव, गणेश, शिवपावर्तीका मूर्तिले सो प्राङ्गणको प्राचीनता झल्किन्छ । समयको अन्तरालमा कीर्तिपुरमा र बाघभैरव क्षेत्रमा धेरै परिवर्तन र थप कार्य हुँदै गए र यस स्थानको प्राचीनता लोप हुँदै गयो । अब केबल वैज्ञानिक उत्खनन् कार्यबाट मात्रै यस प्राङ्गणको प्राचीनता प्रमाणहरू (surficial archaeological evidences) को आधारमा यस क्षेत्रको प्राचीनता बारेमा लेख्न सकिन्छ (ऐजन; पृ.४१) ।

शिवदेवले यसरी देवस्थलको रूपमा जङ्गली डाँडोमा वस्ती बसाई चारैतर्फ रहेको उर्वरा भुमिमा सिञ्चन गरि कीर्तिपुर नामको वस्ती बसाएका थिए भन्ने बुझिन्छ । बाघभैरवको उत्पत्ति

बारे कथा किवंदन्तीहरूलाई मान्ने हो भने पनि त्यतिबेला कीर्तिपुर एक जंगलको रूपमा रहेको र पछि देवस्थलको रूपमा परिणत भएको देखिन्छ । बाघभैरव मन्दिर कस्ले निमार्ण गरे भन्ने प्रष्ट साथ लेखिएको छैन । तर १०९९-११२६ को बिच देखिएकोले पनि कीर्तिपुर र बाघभैरवको सम्बन्ध पहिलेदेखि नै  रहेको अनुमान लगाउन सकिन्छ । बाघभैरव मन्दिरमा अधिकांश अभिलेखहरू राखिएको पनि पाइन्छ र अभिलेखहरूमा गुँदे र बाघभैरव पनि कीर्तिपुरराधिपति नभै गुन्दे स्थानधिपतिको रूपमा चित्रित गरिएका पाइन्छन् । बाघभैरव क्षेत्रलाई अझै पनि स्थानीय भाषामा गुंदे भनि भन्ने गरेको पाइन्छ (अन्तर्वार्ता : शुद्धरत्न महर्जन, वि.सं. २०७९ साउन २५ ) ।

यसरी हेर्दा बाघभैरव मन्दिर कीर्तिपुरको अत्यन्त प्राचीन एंव महत्वपूर्ण मन्दिरको रूपमा रहेको पाइन्छ । सायद कीर्तिपुरको बाघभैरव मन्दिरमा रहेका लिच्छिविकालीन मुर्तिहरू बाघभैरव मन्दिरमा नभईदिएको भए कीर्तिपुरको प्राचीनताको इतिहासको अध्ययनको ठूलो पाटो नै छुट्न जाने भाव हुन्छ । कीर्तिपुर र बाघभैरव मन्दिर इतिहास अध्ययनको लागि एक-अर्काको परिपूरकको रूपमा लिन पनि सकिन्छ ।

## २.५. कीर्तिपुरका नेवार समुदाय र संरचना

कीर्तिपुरको बस्ती भन्नाले कीर्तिपुर डाँडाको वरिपरि रहेका बस्तीहरू जस्तै चोभार, नगाउँ, कलङ्की, तिनथाना, सतुङ्गल, बलम्भु मातातीर्थ, बल्खु आदि बसाई सरेर आएकाहरू हुन् । कुनै समयमा सुम्लाङ्गकोट, कलङ्की, आदि ठाँउहरूमा उडुस, उपियाँको माहामारी रोग फैलन गई धेरै मानिसहरूमात्र होइन पशुहरू पनि मरेपछि त्यहाँबाट कीर्तिपुर डाडाँमा बस्ती सरेर बस्ती बसाइएको उल्लेख पाइन्छ । कीर्तिपुरमा बेलामा विभिन्न किसिमका महामारीहरूले दुःख दिएको उल्लेखहरू प्रशस्त पाइन्छ । प्राचीन कालदेखिनै काठमाण्डौमा समयसमयमा विभिन्न खालका महामारी आउने गर्दथ्यो । विफर, झाडावान्ता, शीतला बाहेका रोगको नाम थाहा नपाई महामायी (महामारी) मात्र उल्लेख गरिन्थे । यस्ता उदाहरणहरू गोपालराज वंशावली तथा अन्य पुस्तक पुस्तिाको पुष्पिका वाक्यहरूमा प्रशस्त पाइन्छन् (श्रेष्ठः वि.सं. २०५७; पृ.११) । यसै गरि वंशावलीहरूमा पनि विभिन्न माहामारीको उल्लेख गरेको पाइन्छ । जसअनुसार ने.सं. ३६४ र ४८८ मा माहामारी र ने.सं. ३५२ को अनिकालको टिपोट गरिएका छन् । त्यस रोगबाट

नेपाल उपत्यकामा ने.सं. ८३६ देखि सुरु भएको महामारीले उपत्यकाभित्रको शहरहरूमा दुई तिहाई भन्दा बढी जनसङ्ख्या मरेको तथ्य प्रस्तुत गरेको छ । उक्त महामारीमा केबल मानिस मात्र नभएर मुसा, कुखुरा, गाई, भेडा आदि जनावारहरू पनि मरेको विभिन्न टिपोटहरूमा उल्लेख पाइन्छ । सोहि बमोजिमको व्यहोरा कीर्तिपुरमा तण्डुकारहरको गुठ्ठीमा केही सामान चढाँउदा गरिएको ताडपत्र तमसुकमा निम्न व्यहोराको टिपोट थप लेखिएको छ -

थ्वगुठी दुन्तान दक्षि १ न्ह्यव महामायि उत्पत्ति

जुयाव कीर्तिपुरी देशश म्हं निद्धर २००० प्रमांन रोक मोक ॥ थ्वगुरी दं द्धरीछ १००० प्रमान दिवंगत जुव जुरो ॥ थ्ववेलस दुन्ता (त.स.३२ ग) (श्रेष्ठः वि.सं. २०५७; पृ.११) । यस प्रकारका महामारीले कीर्तिपुरका कैँयौ बासिन्दाहरू मारिएका देखिन्छन् । कीर्तिपुरमा योगनरेन्द्रको अकाल मृत्यु पछि पाटनका ६ प्रधानहरूको जगजगी सुरु भयो र तिनै प्रधानहरूद्वारा नियुक्त क्वाठनायकहरूले दैनिक प्रशासन चलाउन थालेको देखिन्छ । विभिन्न अभिलेखहरूमा यस्ता क्वाठनायकहरूको चर्चा गरेको पाइन्छ । यी क्वाठनायकहरू पछि राणाकालको सुरुसुरुमै द्वारेमा परिणत भई समाजमा जात्रापर्व चलाउने, ठेक्कामा राजश्व उठाउने र स्थानीय स्तरमा सानातिना झगडा मिलाउने मात्रमा सिमित हुन पुगेको देखिन्छ । यिनै क्वाठनायकहरू मध्ये क्वाठनायक दृष्टिराज भारोको समयमा प्लेग आई ३ चौथाई जनता मेरका थिए (ऐजन, पृ.१३-१४) ।

कीर्तिपुरमा अवस्थित बाघभैरव मन्दिर प्रति यहाँको स्थानीय व्यक्तिहरूको एकदम आस्था रहेको पाइन्छ । यहाँ बाघभैरव देवताले स्वंम सुरक्षा दिने भएकाले पहिले यस ठाउँमा चोरी गर्न नसक्ने र यदि कसैले चोरीगरेमा पुनः फर्केर आउने भनेर यहाँको जनताहरूले आफ्नो घरमा ताल्चा समेत नलगाउने गर्दथे (अन्तर्वार्ता : कृष्ण महर्जन, स्थानियवासी, वि.सं. २०७९ जेठ २५) । कीर्तिपुरको विभिन्न टोलहरूमा गोपालवंशीहरूले सुरुदेखि नै बस्ती बसाएर राज्य गरेको देखिन्छ । शिवदेव तृतीयले कीर्तिपुर शहर बसाल्नु पूर्व यस ठाँउलाई गुँदै भन्ने गरिन्थ्यो । पछि उनले गुँदैलाई कीर्तिपुरमा परिणत गरेको देखिन्छ । शिवदेवले बस्ती बसाउँदा कीर्तिपुरको समथल भागलाई मात्र लिई बस्ती बसाएका थिए । अहिले रहेको कीर्तिपुरभन्दा शिवदेव तृतीयले बनाएको कीर्तिपुर सानो रहेको पाइन्छ । उनले शहरको निर्माण गर्दा “शाद्यान्त कोष शार”

नामक पुस्तकको आधारमा बनाएको देखिन्छ । जस अनुसार कीर्तिपुरको निमार्ण गर्दा शिवदेवको धेरै कुराको विचार गरि बस्ती निर्माण गरेको देखिन्छ । कीर्तिपुरको निमार्ण पछि त्यति बेलाको बस्ती बाघ भैरव मन्दिरभन्दा दक्षिण पश्चिममा मात्र फैलिएको थियो । पछि आएर पाटनका जगत्पाल वर्माद्वारा कीर्तिपुरमा चिंलचो विहार बनाएको र बाघभैरवको जीर्णोद्वारपछि कीर्तिपुरमा बुद्धधर्म भित्रिएको र पूर्वतिर बस्ती बसेर जनधनत्व बढ्न गएको हो भन्ने उल्लेख छ । यसरी पूर्वपट्टी र दक्षिण पश्चिममा हिन्दू र बौद्धमार्गी नेवारहरूको बस्ती बसेको देखिन्छ (श्रेष्ठ : वि.सं. २०५७; पृ. २७) । लिच्छविकालको उत्तरार्धदेखि भोटसँग रहेको विशेष व्यापारसम्बन्धले गर्दा उक्त बसोबास हुन गएको देखापरेको छ । यसरी यो एक खोजीको विषय बनेको छ (बज्रचार्य : वि.सं. २०६४; पृ. ४२-४३) । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने शिवदेव तृतीयले बस्ती बसाल्दा देखीने यहाँ नेवारहरू बसोबास गर्दै आएको देखिन्छ ।

मध्यकालतिर कीर्तिपुरमा विभिन्न राज्यका मानिसहरू आई बस्ती बसालेको पाइन्छ । यहाँ कतिपय टोलहरू पाटनबाट बसाई सराई गरि आएकाहरूबाट नामाङ्कन भएको देखिन्छ । पाटनका टोलसँग यहाँको टोलको नाम पनि धेरै मिल्दाजुल्दा छन् । जस्तैः

| **पाटन** | **कीर्तिपुर** |
|---|---|
| बालीफल | पालिफल |
| तः ननी | तः ननी |
| पेगथां | पेगथां |
| मजादेगः | मजादेगः |
| सींलछे | सींलछे |
| तः फालो | तगः लो |
| थामबाहा | थाम्बाहा |
| तजाफः | तजाफः |

| | |
|---|---|
| इता छें | इताछें |
| ग:छे | ग:छें |

(श्रेष्ठ : वि.सं. २०५७, पृ.३०)

यहाँको नेवारको वास्तुकला हेर्दा यहाँ धेरै घरहरू एक अर्कासँग जोडिएर समानन्तर रूपमा बनेका देखिन्छन् । त्यतिबेला समाजमा जातीव्यवस्था थियो । प्रायः गरेर कसाई र पोडेहरूलाई गढ पखार्लभन्दा बाहिर बसाल्ने चलन थियो । पहिले यहाँ दिशा पिशावको निमित्त छुट्टै चर्पीको व्यवस्था थिएन । त्यसबेला अहिलेको जस्तो जनघनत्व र सामाजिक व्यवस्था थिएन र व्यवस्था पनि फरक थियो । समाजमा जातीपातीको व्यवस्थित तवरले कार्य विभाजन भएको कारण एउटा तल्लो वर्गले यस्तै सरसफाईको कार्य गरि जीविका चलाउँथ्यो । पुरुष वर्गले अक्सर वरपर चौर खेततिर गै दिशा गर्दथे भने महिला वर्गलाई शहरभित्रै ठाउँठाउँमा मुगः भनि दिशापिसाबको निमित्त जग्गा छुट्याइएको हुन्थ्यो र यी सबै समाजको तल्लो वर्गले तुरुन्तै उठाई लगि मल बनाएर खेतीपाती गदर्थे । कीर्तिपुरका व्यक्तिगत घामपानी बाटो र जीवनयापनको लागि राम्रो व्यवस्था मिलाएको हुन्थ्यो । घरहरू ६ मिटर भन्दा अग्ला हुँदैन्थे । घरहरू प्राय एउटै डिजाइनमा बन्ने गर्दथे । सबै घरहरू झिगंटीको छानाले छाएको हुन्थे भने ती छानामा माः कपलि (सानो घर आकारमा बनाएको झ्याल) राखेर बनाइएको हुन्थ्यो । प्राय धेरै जसो घरहरूमा छिंडी, माः तं, च्वतं, बैग गरेर चार तल्लाको बनेको देखिन्छ । वि.सं. २००७ पछि कौसी पनि राख्ने गरियो । (श्रेष्ठ : वि.सं. २०६८, पृ.२१) । हरेक घरको बाहिरी मोहडमा सबैभन्दा तल्लो तल्लामा मूल ढोका बीचमा राखी दुवैतर्फ एकएकवटा अर्को ढोका रहन्थ्यो । ढोकाको सीधामाथि एकएक वटा आँखीझ्यालहरू रहन्थे । त्यो भन्दा माथि घरमूलीको अवस्था अनुसार बीचमा संझ्याल, विमाझ्याल, विधि झ्याल मध्ये कुनै एक प्रकारको झ्याल र त्यसको दायाँबायाँ एक एक वटा याक झ्यालहरू रहने गर्दथ्यो । ढोकामाथि भने घरमूलको धार्मिक आस्था अनुसार मूलढोका माथि पञ्चशैव वा पञ्चबुद्धका चित्रहरू लेखिने र रंगाइने पनि गरिन्थ्यो । ढोकाको दायाँ बायाँ एक समान सबैभन्दा माथि सुगा बीचमा आखाँ र पूर्ण कलश लेखिन्छ यो कुरा दुवै मार्गीमा हुन्थे । सबै घरको बिचमा पर्ने गीर छानाको तल्लो भागबाट एउटा बत्ती (खाः दलू) भुण्डाइएको हुन्थ्यो । यो प्रथा बिजुली आएपछि पूर्ण रूपमै लोप भयो (

श्रेष्ठ : वि.सं. २०५७; पृ.३४) । वि.सं. २००७ पछि प्रजातन्त्रको उदयसँगै नयाँ आधुनिक प्रकारका घरहरू निर्माण हुनथाले र वि.सं. २०४६ साल पछि ढलान घरहरूको निर्माण भई पुरानो घर भत्काएर नयाँ आधुनिक घरहरू बनाएको पाइन्छ । यस प्रकारको कार्यको मानिसहरू आधुनिक विकास अंगाल्नु पुगेका र प्राचीनकालदेखिको घरहरू र यसको महत्व लोप नै हुने स्थिति रहेको देखिन्छ । बेलाबेला आइपर्ने प्रकृतिक प्रकोप जस्तै भैचालोले पनि पुरानो घरहरू भत्काएको र त्यसको पुनः स्थापना गर्दा नयाँ र आधुनिक ढाँचाको घरहरू बनाउने क्रम बढिराखेको देखिन्छ । वि.सं. २०१३ भन्दा आगाडिसम्म कीर्तिपुर बासीहरूको मुख्य पेशा कृषि रहेको देखिन्छ । तर २०१३ पछि तत्कालीन अन्तरिम सरकारले ४२० हेक्टर उब्जाउ भूमि त्रि.वि.को लागि अतिक्रमण गरेपछि यहाँका बासिन्दाहरू बाध्य भएर विभिन्न पेशा अगाँल्न पुगेको देखिन्छ । जीवनयापनका लागि व्यापार, व्यवसाय, जागिर जस्ता कार्यहरूमा मानिसहरू संलग्न भएको देखिन्छ । यसले कीर्तिपुर सहर बिस्तारै आधुनीकरण र हाल कीर्तिपुरमा विभिन्न विकास भएको पाइन्छ । हाल कीर्तिपुरमा विभिन्न क्षेत्रमा अधुनिकिरण र सहरीकरणतिर मानिसहरू बसोबास गर्ने गरेको पाइन्छ । यस कीर्तिपुरमा बसोबास गर्ने मानिसहरू सामाजिक, धार्मिक र सांस्कृतिक रूपमा मिलजुल गरेर बस्दै आएका छन् । २०६८ सालको जनगणना अनुसार ६५,६०२ मानिसहरू १९,९४१ घरमा बसोबास गर्दै आएको तथ्य नेपाल सरकारको गणना अन्तरगत परेको छ (सामाजीक सञ्जाल) ।

## २.६. कीर्तिपुरमा रहेका नेवार वस्तीमा परेको बाह्य प्रभाव

उपत्यकाको इतिहास हेर्दा विभिन्न वंशावलीका अनुसार सर्वप्रथम गोपाल, महिषपाल, किराँत, लिच्छिवि, ठकुरी, मल्ल र शाहवंशीहरू आएर राज्य गर्न थालेको इतिहासमा उल्लेख छ भने कीर्तिपुरमा गोपालवंशीदेखि नै बस्ती बस्दै आएको देखिन्छ । यो तथ्य सोही वस्तीको माझमा रहेको ग्वापुखुले देखाउँछ । ग्वापुखुको अर्थ गोपाल पोखरी हो । तर दुर्भाग्यवश वि.स. २०५३ अगाडि नै यो पोखरी पुरेर इतिहासमा मात्र सीमित भएको छ । यस तथ्यबाट कीर्तिपुरको हालको ग्वापुखु थाम्बहा र सागल टोलमा गोपालवंशीहरूको राज्यकालदेखि नै बस्ती बसिसकेको देखिन्छ (श्रेष्ठ : वि.सं.२०६८, पृ. २५) । लिच्छविकालपछि र शिवदेव तृतियको राज्यकालको बिचमा यहाँ कीर्तिपुरमा के भयो ? के थियो ? कुनै ऐतिहासिक प्रमाणहरू भेटाउन प्रमाणहरू

भेटाउन सकिएको छैन । त्यसपछि शिवदेव तृतियले पुरानो गुंदेलाई कीर्तिपुर सहर बनाएको श्रेय वंशावलीहरूमा दिइएको पाइन्छ । शिवदेव तृतीयले यस ठाँउलाई बस्तीको रूपमा बसाउँदा सानो समथल भूमि मात्र प्रयोग गरेका र कीर्तिपुर अहिलेको भन्दा सानो थियो भन्ने कुराको उल्लेख विभिन्न पुस्तकहरूमा पाइन्छ । जब उनले कीर्तिपुर डाँडालाई बस्तीको रूपमा विकसित गरे उनले यस ठाउँलाई व्यवस्थित तरिकाले पोखरी, कुवा, इनार, गढ् पर्खाल, नहर आदिको निमार्ण गरि विकास गरेर सुरक्षित नगरको रूपमा विकास गरेको पाइन्छ । उनले यहाँ बस्ती बसालेपछि मात्र कीर्तिपुर वरपर ठाँउ जस्तै मातातीर्थ, चोभार, नगाँउ, बलम्बु, सतुङगल, सुम्लाङ्गकोट, कलङ्की, तिनथाना, थानकोट, बोसीगाँउ, बल्खु आदि क्षेत्रहरूबाट कीर्तिपुरमा आएर मानिसहरू बासीबास बढ्दै गएको पाइन्छ । पृथ्वीनारायण शाहद्वारा उपत्यका विजय पश्चात कीर्तिपुरमा मानिसहरू बसाई सराई गरेर आएको र गएको देखिन्छ । आक्रमण पूर्व उपत्यकामा तिन सहर मिलेर सयुंक्त शासन गरेको पाइन्छ र त्यतिबेला कसैले आक्मण गरेमा तिनवटै मिलेर प्रतिकारमा उत्रने गर्दथ्यो । जसको कारण गर्दा पृथ्वीनारायण शाहले नुवाकोटको पहिले आक्रमण र कीर्तिपुरको पहिलो आक्रमणमा हार खानु परेको थियो । त्यसैले मल्लकालमा उपत्यकाको तिन ठाँउबाट नै यहाँ कीर्तिपुर आवतजावत र बसाँइसँराइ हुने गरेको देखिन्छ । त्यतिबेला भारतबाट झिकाएका सरसामानहरू चितलाङ पानीघाट हुँदै कीर्तिपुर भएर उपत्यकामा छिर्ने र उपत्यकाका तिनै सहरमा सरसामानहरू पनि कीर्तिपुर हुदैं भारतसम्म पठाउने गरेको पाइन्छ । चन्द्र समशेरको पालासम्म ( इ.स. १९०५ ) कतिपय वस्तुहरू भारतबाट काठमाण्डौ हुँदै तिब्बत जाने गदर्थ्यो (ऐजन, पृ.२६) । त्यतिबेला त्यसको एक नाका कीर्तिपुर पनि भएकाले भंसारको दरबन्दी पनि हुन्थ्यो र भैंसी, नून, कपडा जस्ता वस्तुमा जगात लिने गर्दथ्यो । यसले यहाँ उपत्यकाका मानिसहरू आएर बस्न थालेको पाइन्छ । व्यापारको शिलशिलामा उपत्यकाको मानिस कीर्तिपुरमा आउने र यताको मानिस उपत्यका बसाईसराई गरेको देखिन्छ । २०१३ सालपछि जब कीर्तिपुर क्षेत्रमा विश्वविद्यालय बनेपछि मुलुकको विभिन्न स्थानहरूबाट उच्च शिक्षा हासिल गर्न आउने मानिसहरू आएर बसोबास गरेको पाइन्छ । पछि यहि जागिर, पद, पढाई पाएर यहि स्थायी रूपमा बसाइँ सराइ गरेर आएर बसेको देखिन्छ । वि.स. २०४६ को जनआन्दोलन पछि कार्य तीब्र भएर गएको देखिन्छ र २०६२ को दोस्रो जनआन्दोलनपछि कीर्तिपुर वरिपरिका बस्तीहरूमा धेरै घरहरू बनेका र बसोबास गर्ने

व्यक्तिहरूमा बृद्धि भएको पाइन्छ (ऐजन) । कीर्तिपुर बस्तीमा हाल आएर नेवार मात्र नभई विभिन्न जातजाति खस, क्षेत्री, बाहुन, राई, तामाङ, आदि मानिसहरू नेपालको पश्चिमतिरबाट आएर बसेको देखिन्छ । यसरी कीर्तिपुरमा विभिन्न जातजाति र धर्मको मानिसहरूको बसोबास हुँदै आएको देखिन्छ । कीर्तिपुर एक पुरानो नेवार बस्ती भएको सहर मानिन्छ । यहाँ भएका धर्म, संस्कृति, जात्रापर्वहरूले आफ्नै महत्व बोकेको पाइन्छ । तर आजकाल बाह्य संस्कृतिको प्रभाव परेको केहि जात्रापर्वहरू लोप भैसकेको, भैराखेको पनि जेनतेन बाचिँराखेको आफ्नो मौलिक परम्परामा देखिन्छ । आजकाल पुरानो घरहरू भत्काएर नयाँ व्यवस्थित घरहरू सिमेन्ट र बालुवाको बनाउने कम पनि देखिदै आइराखेको पाइन्छ । यस्तो सबैले गरेमा कीर्तिपुरले आफ्नो मौलिक पहिचान गुमाउने हुन जान्छ । यस सम्बन्धी सन्बन्धित निकाएको ध्यान जानु आवश्यक देखिन्छ । यसरी कीर्तिपुरमा विभिन्न कारणले गर्दा बाह्य प्रभाव परेको देखिन्छ ।

## २.७. कीर्तिपुरमा मनाइने जात्रापर्वहरू

कीर्तिपुरमा परापूर्वकालदेखि नै यहाँका बासिन्दाहरूले विभिन्न चाडपर्व तथा जात्राहरू मनाउँदै आएको देखिन्छ । यहाँ मनाउने चाडपर्वहरू तथा जात्राहरू धेरैजस्तो उपत्यकामा मनाइने जात्राहरूसँग मिल्दाजुल्दा छन् । यहाँका नेवारहरूले हरेक वर्ष आ-आफ्ना धर्म र सम्प्रदायका आर्दश र कर्मकाण्डको अनुसार जात्रा मनाउदै आएका छन् । कीर्तिपुरमा मनाइने अनेकौ जात्रा र चाडपर्व मध्य यहाँको प्राचीनता झल्काउने खालका केही जात्रा पर्वको वर्णन यहाँ प्रस्तुत गरिएको छ :

### २.७.१. गंथामुग (गथाम्व : चह्ले :)

कीर्तिपुरको सबैभन्दा पुरानो पर्वहरूमध्ये यो गथांमुगः (घण्टार्कण) पनि एक हो । यसको विधि विधानहरू कीर्तिपुर सहरको माझमा अवस्थित ग्वापूखू (गोपाल पोखरी) बाट सुरु हुन्थ्यो र सबै कर्ताहरू गोपालीहरू नै हुन्थे । यहाँ गरिने विधि विधान र पूजिने मूर्ति अरूभन्दा अचम्मको थियो । भातको मुखाकृति बनाई त्यसमा कालो भटमासको आखाँ र लसुनकोपोटिको जुंगा लगाई उक्त पोखरीमा चारै कुनामा प्रतिष्ठान गरी पूजा गरिन्थ्यो । उक्त भातको मुखाकृतिमा भेडाको बली दिइन्थ्यो र त्यस भेडालाई पर्साउन लायकू टोलको एउटा कुनामा रहेको अमूर्त ढुङ्गाको

देवस्थलमा लगेर पर्साउने कार्य गरिन्थ्यो । त्यसपछि ती चारै मूर्तिहरू कीर्तिपुरको चारकुनामा लगेर सेलाइन्थ्यो (श्रेष्ठ : वि.सं. २०५७, पृ.८१) । यसरी ती मूर्ति सेलाउन लगिदा त्यस पोखरीमा अर्चन गरिएको सिस्नुको मुठा एक जनाले र देवताको मूर्ती छ्वालीको मुठामा अर्कोले समाती लाने गरिन्थ्यो । त्यसरी लग्दा सडकको दुवै किनारमा कीर्तिपुरका बासिन्दा लाम लागेर त्यसको दर्शन गर्दथे र सिस्नुको मुठाबाट पोलाई माग्दथे । त्यो सिस्नुको पोलाईबाट त्यस साल भरमा पेट सम्बन्धी कुनै रोग नलाग्ने र महामारीबाट बच्ने विश्वास गरिन्थ्यो । त्यसदिन कीर्तिपुरको मुख्य चार ठाँउमा नर्कटबाट बुनेको पुरुष भूतका शालिक बनाई राखिन्थ्यो । त्यसै गरी अर्को चार टोलमा स्त्री भूतको सालिक बनाई राखिन्थ्यो । त्यसपछि उक्त ग्वापूखुबाट ल्याएको देवताको प्रसाद यस्ता पुरुष भूतलाई खुवाई सकेपछि त्यस भूतलाई टोलका केटाहरूले तान्दै लगि देशभन्दा पर निर्दिष्ट स्थानमा फालिन्थ्यो । त्यसरी फालिदा पुरुष भूतले स्त्री भूतलाई तल पारि फालिन्थ्यो र त्यहाँ तल माथि पार्नको लागि सम्बन्धित दुई टोलका बीच झगडा समेत हुने गर्दथ्यो । त्यसपछि एक पक्षले अर्को पक्षलाई अश्लील शब्द समेत बोलि नारा लगाउँदै सहर फर्कि सहरमा रहेको पोखरीमा फाल हाली पौडी खेली चोख्याई घर पस्ने गरिन्थ्यो । यसरी बनाईने पुरुष भूत, स्त्री भूतका टोल र फालिने स्थान निम्न थिए :

| **पुरुष भूत** | **स्त्री भूत** | **फालिँने स्थान** |
|---|---|---|
| क) पालिफल | पाघु | चवलचा दो |
| ख) बाघभैरव | गुतपौ | ताल फलचा |
| ग) तुंझो | तःननी | पीग द्यपाः |
| घ) लायकू | - | लाखे द्यंप |
| | | (ऐजन) |

रोपाइको निमित्त सिठि नखः (कुमार चतुर्दशी) का दिनदेखि थामिएको सबै चाडपर्वहरू गथांमुगः का दिनदेखि पुनः सुरु हुन्थ्यो । रोपाइको सबै कार्य सकिएको दिन यसलाई मानिन्छ । तसर्थ यस दिन बेलुका हरेक किसान नेवारको घरमा "मि प्वाः वायेगु" भनि अग्नि पन्छाउने

कार्य गरिन्छ । एक अग्नि "मि प्वाः" आगनमा बालिन्छ भने अर्को अग्नि टोलको एउटा निर्दिष्ट ठाँउ "छ्वास" मा बालिन्छ र हाः भूत हाः भूत भनि कराई भूत धपाउने कार्य गरिन्छ । यो अग्नि छ्वालीको मुठ्ठा बालेर गरिन्छ भने उक्त छ्वालीको मुठाँसगै आरुको पात, पानी अमलाको बोट, सिस्नु, अनार तथा अन्य जङ्गली वनस्पतिका हांगाहरू समेत बाधिन्छ र घरको कुना काप्चामा यो भूत धपाउने कार्य गरिन्छ । जस्को रोपाई कार्य सकिएको हुदैन तिनीहरूले आउने पूर्णिमामा मात्र रोपाई सकेपछि गर्ने गर्दछन् । काठमाण्डौ उपत्यकामा गाईजात्राको पूर्णिमासम्म पनि रोपाई गर्न नसकेमा धान पाक्दैन भन्ने मान्यता छ र त्यसपछि प्राय रोपाई पनि गरिदैन । खेत त्यसै बाँझो राखिन्छ । हाल आएर ग्वापूखूको विधि विधान केहि दशकदेखि बन्द भयो । तर यो प्रथा कीतिपुरमा गोपालवंशीको समयदेखि नै चल्दै आएको प्रथा थियो । दुर्भाग्यवश हाल उक्त ग्वापुखू पुरीसकेको अवस्था छ । यो प्रथा पनि बन्द हुन पुग्यो भने कीर्तिपुरबाट गोपालीहरू पनि लगभग हराएर गए ।  हाल केवल एक परिवार मात्र बाकिं रहेको छ इतिहास हेर्दा ने.सं. ८४६ (इ.सं. १७२६) सम्म पाटी पौवा देवल जस्ता स्मारकहरू स्थापना गर्न सक्ने गोपालीहरू कीर्तिपुरमा थिए । (अ.स. १) र हाल आएर एक परिवार मात्र बाकिँ रहेको छ (ऐजन, पृ. ८२)।

## २.७.२. वडा दँशै तथा पाया :

दँशै, मनाउने चाडपर्वहरू मध्ये आश्विन शुल्क प्रतिपदादेखि दशमीसम्मको लामो अवधिसम्म मनाइने अर्को पर्व हो । दशैं नेपालका विभिन्न जातिहरूले आ-आफ्नै ढङ्गले मनाउदै आएको पाइन्छ । त्यसैगरि कीर्तिपुरमा पनि यो आफ्नै विशेषताका साथ मनाइन्छ । यहाँका बासिन्दाहरू नौ दिनसम्म विभिन्न तीर्थमा स्नान गर्ने र शक्ति पिठमा दर्शन पूजा गर्नुका साथै आ-आफ्नो गच्छेले भ्याउने गरि बलि चढाएर आफ्ना परिवारजन र इष्टमित्रसगँ यो पर्व मनाउने परम्परा पाइन्छ । यस पर्वको बेलामा "मोहनि सिन्हः" अर्थात कालो टिका बनाउने र लगाउने चलन यहाँ पनि छ । "मोहनि सिन्हः" घाँटीमा क्वखा (एक अंगुल बालाको रातो कपडा) र कानमा जमरा लगाएर आफूभन्दा ठूलाहरूबाट आशिरवाद लिने र सानालाई आशीर्वाद दिएर जीवन सफलतापूर्वक बढाउन सिद्दि प्राप्त गर्ने यो एक विशेष पर्व हो (प्रधान, वि.सं. २०६१, पृ.२८) ।

यस पर्वमा अष्टमीका दिन आ-आफ्नो व्यवसायमा प्रयोग हुने सरसामानहरू तथा वस्तुहरूको पूजा गरिन्छ । साथै युद्धको समयमा प्रयोग हुने वा घरेलु कामकाजको लागि प्रयोग गरिने विभिन्न हातहतियार, खुँडा, तरवार तथा खड्गको विशेष पूजा गरिन्छ । यहि कारणले नै यो पर्व शक्ति पूजाको पर्व हो । खड्गलाई शक्तिको प्रतीक मानिन्छ । काठमाण्डौ, ललितपुर र उपत्यका बाहिर दोलखामा नेवार समाजमा ''पायाः'' गर्ने चलन रहेको छ । कीर्तिपुरमा पनि ''पायाः'' अर्थात ''खड्ग जात्रा'' गर्ने चलन रहेको पाइन्छ । तर यहाँको ''पायाः'' खास किसिमको छ जुन देखेर मानिसहरू अच्चममा पर्न सक्छन् । कीर्तिपुर कोतघरबाट प्रधान खलकका महिलाहरू क्रमबद्ध रूपमा बसेर प्रत्येकले एउटा-एउटा ''सिन्हः मू'' (सिन्दरदानी) लिएर बाटामा बसि रहेका दर्शकहरूलाई टीका लगाँउदै अगाडि बढ्छन् । यतिखेर काहाँ नाय्खिं मुहाली दृखिं जस्ता विभिन्न बाजाहरू बजाइन्छ । यस प्रकारको ''पायाः'' देखेर दर्शकको मनमा एउटा प्रश्न उठ्दछ की ''पायाः'' भनेपछि खड्ग लिएर आउनु पर्ने हो तर यहाँ भने आएको तथ्यको पछाडी एउटा इतिहास रहेको देखिन्छ । इतिहासको पानामा फर्किएर हेर्दा कीर्तिपुरलाई पृथ्वीनारायण शाहले ई.सं. १७६६ (ने.सं. ८८६ चैत्र शुक्ल नवमीको दिन) मा कब्जा गरी ६ महिनासम्मको नाकाबन्दी पछि आएको बडा दशैं मान्ने अवसर त कीर्तिपुरको जनतालाई दिइयो तर यो ठाँउको कोतघर अर्थात हतियार भण्डारबाट परम्परागत रूपमा चलिआएको ''पायाः'' निकाल्ने काममा प्रतिबन्ध हुन गएको देखियो । त्यतिखेर कीर्तिपुरका प्रधानहरू प्रत्येकले एक एकवटा ''पाः'' (खड्ग) लिएर ''पायाः'' अर्थात् ''खड्ग जात्रा'' गर्ने गर्थे । प्रतिबन्ध फलस्वरूप खड्गको सट्टा माथि भनेझै प्रधान खलकका महिलाहरूलाई ''सिन्हः मू'' सिन्दुरदानी लिएर जात्रा गर्ने प्रथा सम्भवत त्यसै बेला देखि बसालिएको बुझिएको छ । यद्यपि यसको नाम भने पहिले देखि चलनमा रहेको ''पायाः'' (खड्ग जात्रा) नै भन्ने कायम रह्यो (ऐजन) ।

पृथ्वीनारायण शाहले उपत्यकामा कब्जा गरिसकेपछि कीर्तिपुरको सांस्कृतिक परम्परामा अरू पनि साँस्कृतिक परिवर्तन भएको देखिन्छ । परम्परागत रूपमा कोतघरमा आश्विन शुक्ल प्रतिपदाको दिन प्रधानहरूले जमरा हाली विधिपूर्वक उपत्यकाको अन्य आगमघर (कोतघर) मा जस्तै कीर्तिपुमा पनि पूजा-आजा हुन्थ्यो । यस घटना पश्चात् कोतघरको छिडीमा बाहुन र मगरहरूबाट जमरा हाल्ने प्रथा पनि शुरू भएको देखिन्छ । साथै सप्तमीको बेलुकी काठमाण्डौको हनुमान ढोकामा जस्तै धुनिबेसीबाट कीर्तिपुर ध्वाखासी भन्ने ठाउँसम्म ल्याइएको

फुलपाती बाजागाजाका साथ डोलीमा राखे कोतघरमा ल्याउने चलन पनि बस्न गयो । यस काममा स्थानीय प्रमुख अर्थात त्यस बेलाको "द्वारे" को नेतृत्वमा रहेको देखिन्छ । अनि त्यस कोतघर अगाडिको एक ठाँउमा बोका-राँगो मारहान्ने गरिएको छ, तर मार हान्ने स्थानमा कुनै देवी-देवताको प्रतीक पाइदैन । ती फुलपाती लिएर आउने मगरहरू अष्टमीसम्म मात्र बसेर नवमीसम्म पूजा सिद्धिएको हिसाबले उठेर जाने गरेका छन् (ऐजन, पृ. २९) ।

प्राचीन नेवार बस्ती रहेको यस कीर्तिपुरमा यो बाहेक अन्य पर्वते सम्मिलित अन्य कुनै सांस्कृतिक क्रियाकलाप पाइदैन । यस ठाउँमा पृथ्वीनारायण शाहद्वारा कब्जा भएपछि विभिन्न किसिमका परिवर्तन भएको देखिन्छ । जस्तै : स्थानीय द्वारे सम्मिलित गराई पर्वते जाति मगरबाट जमरा हाल्ने र फुलपाती ल्याउने प्रथाहरू सुरुगर्नु, इतिहासमा चर्चित अनुसार कीर्तिपुर बासीको नाक कट्वाउनु, इन्द्रायणी जात्राको समयमा हनुमान ढोकाबाट खड्ग ल्याई द्वारेको प्रमुख नेतृत्वमा सिन्दुर जात्रा गराउनु आदि परिवर्तन देखिन्छन् । जस्ले एउटै आगमघरमा दुई तरिकाले दुई ठाउँमा पूजा गर्ने र मध्यकालीन "पायाः" परम्परा हटाएर "सिन्हः मू याः" गरिने चलन चलाइएको अनुमान गर्न सहयोग पुऱ्याउछ । पहिले पायाः कोतघरबाट निस्की बाघभैरव मन्दिर परिक्रमा गरी फर्किने परम्परा रहेको थियो । हाल यथांवतरूपमा पायाः निस्किने प्रथा हटे पनि दशैं मनाउने चलन पाइन्छ (ऐजन) ।

## २.७.३. इन्द्रायणी जात्रा :

यो जात्रा प्रत्येक वर्ष मार्ग शुक्ल अष्टमी (बखुमद अष्टमी) देखि तिन दिनसम्म मनाइने जात्रामा दशमीका दिन यिनै देवीको खट जात्रा गरिन्छ । कीर्तिपुरको सबैभन्दा मानिएको देवीमा इन्द्रायणी पर्दछिन् । यो जात्रा कीर्तिपुर सहित अन्य ६ गाँउमा पनि यस्तै प्रकारको जात्रा गरिन्छ । यस जात्रालाई सातगाँउले जात्रा समेत भन्ने गरिन्छ । अन्य ६ गाँउमा नगाँउ, पाँगा, सतुंगल, मच्छेगाँउ, बोसीगाँउ र ल्होँखा पर्दछन् । तर कीर्तिपुरमा इन्द्रायणी, नगाँउमा बालकुमारीको जात्रा गरिन्छ भने अन्य पाँच गाँउमा विष्णुदेवीको जात्रा गर्ने प्रचलन छ । काठमाण्डौ सहरको लुतिमरू अजिमामा जस्तै यस जात्राको सुरू अष्टमीको रात्रिमा विष्णुदेवी स्थान बल्खुमा होम गरिदौं, सर्प, भंगेरा, माछा, भ्यागुताको जोडी समेत होम गर्ने प्रथा छ । तर परेवाको एक जोडी भने स्वतन्त्र छाडीन्छ । साथै उक्त होम गरिसकेपछि पोडेलाई थकाली बनाई सबै जातले भोज

खानु पर्ने चलन अर्को चाख लाग्दो पक्ष छ । त्यसर्थ यस रात्रिमा हुने विधिविधानको गहन अध्ययन हुनु जरुरी छ । कीर्तिपुरमा मनाइने जात्राहरू मध्ये यो जात्रा मनाउने चलन पुरानो भएतापनि यो कति पुरानो हो भन्ने कुराहरू यसको अध्ययन नगरि भन्न सकिने अवस्था छैन ( श्रेष्ठ : वि.सं. २०५७; पृ. ८४) । यस जात्राको उत्पत्तिका बारेमा विभिन्न कथाकिंवदन्तीहरू पाइन्छन् । त्यस मध्ये एउटा रोचक कथा यहाँ प्रस्तुत छ जुन यस प्रकार रहेको छ :

"परापूर्वकालमा एउटा राक्षस सहरको पश्चिम (कोत : भ्राः) जङ्गलमा बस्तथ्यो । उक्त राक्षसले समय समयमा कीर्तिपुर सहरभित्र भयंकर उत्पात मचाई रहन्थ्यो । यसरी धेरै उत्पात सही सकेपछि एक दिन उक्त राक्षस र सहरबासीका बीच एउटा सम्झौता भयो । त्यसपछि उक्त राक्षसको भोजनको निमित्त केही दिन बिराएर नियमित रूपमा एक एक जना मानिसले आफ्नो पालोमा आफै गई राक्षस कहाँ होमिन जाने भयो । यसरी दिन बित्दै गयो र धेरैले आफ्नो ज्यान गुमाउदै गए । एक दिन एउटी बुढीको एक्लो छोराको पालो आयो । बुढीले छोरालाई रोकी आफै गइन । बाटोमा इन्द्रायणी देवीको प्राथना गर्दै गइन । इन्द्रायणी खुसी भै बुढी र देशबासीको रक्षार्थ उक्त राक्षसलाई मारि दिइन् । त्यसै वर्षदेखि इन्द्रायणीले सम्पूर्ण सहरबासीलाई बचाई दिएकाले तिनै देवीको नाममा जात्रा मनाउने चलन चल्यो (ऐजन) ।"

यसरी लाखेलाई खुवाउन भनि उक्त जङ्गलमा जाने प्रथा अझसम्म पनि छ । जसलाई "लाखेपाः चवंवनेगु" भनिन्छ । सो व्यक्ति जात्राको अघिल्लो दिन बेलुकादेखि इन्द्रायणीको उत्तर पश्चिमस्थित चौरमा गइ बस्छ र भोलिपल्ट इन्द्रायणीको खट लायकू ल्याउँदा उक्त व्यक्तिलाई पनि सिन्दुर जात्रा गरी फर्काइन्छ । पहिले राजा स्वंय यो जात्रामा उपस्थित हुने चलन थियो तर हाल यो सम्भव नभएकाले राजाको तरबारलाई राजाको प्रतिनिधि मानी स्थानीय द्वारेले त्यसलाई सम्मान गरी यो जात्रा संचालन गर्ने गरिन्छ । यो तरबार काठमाण्डौ हनुमान ढोका दरबारबाट ल्याइन्छ र त्यांलः दोपातसम्म बाजागाजा सहित लिन गइ चीथुढोकाबाट कीर्तिपुरमा भित्र्याइन्छ । त्यसैगरि जात्रा सकिएपछि पुनःत्यसै ठाँउसम्म बाजागाजा सहित पुऱ्याइन्छ र त्यसपछि एक जना कर्मचारीले हनुमान ढोका पुऱ्याउँछ (ऐजन, पृ. ८५) ।

यो जात्रा मुख्यतया तीन दिनको हुन्छ । पहिलो दिन घरको सरसफाई, लिपपोत गरिन्छ र बेलुकापख "छोयला बू" गरिन्छ । छोयला भूको अर्थ आगोमा पालेको मासुको भोज हो र यो

यसलाई भोजको सुरुवात मानिन्छ । त्यस दिनदेखि भात खाइदैन । यस दिन कीर्तिपुरमा धेरै जसो “सी गुठी”हरूको वार्षिक पूजा र भोज गरिन्छ भने रातभरी नै “भिनाभि भिनाभि” भनि कराई देवता लादाँ झ्याल ढोका बाहिर हेर्न हुँदैन भन्ने विश्वास छ । भूलवंस अरूको गुठ्ठीको देवता देखेमा मृत्यु हुन्छ भन्ने जनविश्वास छ (अन्तर्वार्ता : प्रयागमान प्रधान, वि.सं. २०७९ साउन २७) ।

त्यसैगरि दोस्रो दिनलाई मू भू: भनिन्छ । त्यस दिनमा साँझदेखि भोलिपल्ट बिहानसम्म टोलटोलमा गणेश मन्दिर अगाडि ठाँउठाँउमा गोसीमि (दाउरा) बाल्ने गरिन्छ । बाघभैरव मन्दिर परिसर स्थित इन्द्रायणी घःछेँ अर्थात देवगृहमा रहेका इन्द्रायणी तथा गणेशको पूर्णकदको मूर्ति तथा अन्य गण देवदेवता बह्मायणी, रुद्रायणी, कौमरी, वैष्णवी, चामुन्डा, बाराही, महालक्ष्मी, सिंहिनी, व्याधिन्री अनि महादेवका मुकुण्डोहरू अष्टमीको दिनमा इन्द्रायणी पीठ जस्लाई स्थानीय बोलीचालीमा पींग भनिन्छ त्यहाँ लागि राखिन्छ र पूजाआजा गरिन्छ । ति मूर्ति तथा मुकुन्डोहरू वि.सं. २०२४ साल तिर चोरी भएका कारण नयाँ बनाइएका हुन् । मू भू: को अर्थ मुख्य भोज हो । यस दिन टाढाटाढाका पाहुनाहरू जात्रा हेर्न आइपुग्ने र भोज खुवाउने गरिन्छ (श्रेष्ठ : वि.सं. २०५७; पृ. ८५)।

तेस्रो दिन मुख्य देवी इन्द्रायणीको जात्रा हुन्छ । बिहानै सबै घरबाट इन्द्रायणीमा पूजा पठाइन्छ । बाघभैरवबाट इन्द्रायणीको खट्मा इन्द्रायणीको पूर्णकदको मूर्ति तथा अन्य अष्टमातृकाहरूको शिरभागहरू रहेको खट बहान उठाएर देवढोका, नगचो, समल हुँदै दिउँसो लायकूको प्राङ्गणमा ल्याइ पुऱ्याइन्छ । करिब १२-१ बजेतिर राजाबाट पठाइएको पूजा द्वारेद्वारा बाजागाजा सहित इन्द्रायणी देवतालाई पूजा अर्पण गरिन्छ भने त्यतिबेला दुईवटा भेंडाको बलि पनि दिइन्छ । यसलाई “द्वारे पूजा” भनिन्छ । देवताको खट निकै गह्रौ भएकाले यसलाई कीर्तिपुरको माथिल्लो भागमा मात्र घुमाइन्छ र जात्राको अन्तमा बाघभैरव परिसरमा रहेको इन्द्रायणी द्यःछेँमा भित्र्याएपछि इन्द्रायणी जात्रा सकिन्छ (ऐजन, पृ. ८६) । माथि उल्लेखित प्राचीन जात्राहरूको उत्पत्ति, महत्व र इतिहास आ-आफ्नै किसिमका रहेका छन् । यिनै जात्राहरू मध्ये कीर्तिपुरमा मनाइने जात्राहरू मध्ये बाघभैरव जात्रा पनि एक हो । यो जात्रा पुरानो जात्रा भएतापनि यसको बारेमा हालसम्म अध्ययन अनुसन्धान भएको पाइदैन । यहि कुरालाई

मध्यनजर राखी यस जात्राको बारेमा रहेको सत्यतथ्य इतिहास खोजि यो शोधपत्र तयार पार्न लागिएको हो ।

# अध्याय-तीन

## बाघभैरव जात्राको परम्परा

### ३.१. भैरवको परिचय

नेपालमा भैरवलाई सधै रक्षकको र क्षेत्रपालको रूपमा मान्दै आएको पाईन्छ । संस्कृतिको "भी" धातुबाट बनेको "भैरव" शब्दको अर्थ "डर लाग्दो" हो । यी रक्षक र क्षेत्रपाल भैरवहरूको अध्ययन गरेर हेर्दा सुरुसुरुमा यी भैरवलाई गोलो शिला, चेप्टो शिला, आदिको रूपमा पुज्ने गरी आएको प्रष्ट देखिन्छ जुन आजसम्म पनि सोही परम्परा अनुसार चलिआएको पाइन्छ । नेपालको विभिन्न स्थानहरूमा भैरवको प्रतीक मानेर शिलाको विभिन्न आकार र साइजमा भैरवको पूजा गरेको पाइन्छ । साथसाथै भैरवलाई स्वस्थ्य र तन्दुरुस्त मनुस्यहरूको रूपमा प्रस्तुत गरिएको मात्र नभई बृहत भंयकर डर लाग्दो रूपमा पनि देखाइन्छ । नेपाल मण्डलमा भैरवको उपस्थिति विभिन्न रूपमा रहेको पाइन्छ । नेपाल मण्डलमा भैरव मूर्ति रूपमा काठमाण्डौ हनुमान ढोकाको कालभैरव, टुडिखेलको महाकांल भैरव, पशुपतिनाथ परिसरमा रहेको उन्मक्त भैरव र कुम्भेश्वरको उन्मत्त भैरव, ज्ञानेश्वरको आनन्द भैरव आदि उपत्यकाको कैयौ भैरव मूर्तिहरू मनुस्य रूपमा अवस्थित छन् ।

काठमाण्डौको विभिन्न स्थानमा बृहत् डर लाग्दो र भयंकर रूपको अष्ट भैरवहरू अष्ट मातृका गणहरू शक्तिको रूपमा साथ राखेर अवस्थित छन् । नेपाल मण्डलमा भैरव जनावरको रूपमा पनि अवस्थित छन् । भैरवको स्वरूप जति डर लाग्दो छ, त्यति नै सुन्दर पनि छ । डरलाग्दोपन र सुन्दरताको सम्मिश्रण नै भैरवको अवतारको खास पहिचान हो । जसरी श्री पशुपति पछि नाथ जोडेर पशुपतिनाथ भन्ने गरिन्छ त्यसरी नै भैरवको पछाडि पनि नाथ जोडेर भैरवनाथ भन्ने गरिन्छ (प्रधान : वि.सं. २०६१, पृ. ३९) ।

"प्रबोध चन्द्रोदय" नाटक अनुसार कापालिकहरू शिवलाई महाभैरवको रूपमा पूजा गर्दछन् । महाभैरवको स्वरूप अत्यन्त भयंकर हुन्छ (झा: ई. १९७० ; पृ. १८४), शैव धर्मका विभिन्न सम्प्रदायहरू मध्ये पाशुपत सम्प्रदाय, उपसम्प्रदायमा मुण्डशृङ्खलिक, शृङ्खलिक,

दानपाशुपत, लकुलीश, सोमसिद्धान्त आदि बौद्ध धर्मका महायान र बज्रयानीहरू शिवलाई मुण्डमालाधारी महादेव वा भैरवको रूपमा उपासना गर्दथे (रेग्मी : वि.सं., २०३९; पृ. १४-४६) । वज्रयानीहरूले महाकाललाई उग्र तान्त्रिक देवताको रूपमा बज्रभैरवको परिकल्पना गरिए, बज्रभैरवको पूजाको लागि व्यवस्था गरिएको शिवदेवको सम्वत् १२२ को गोरखामा अभिलेख पाइएको छ ( बज्राचार्य : वि.सं. २०३०; पृ.५२३ ) । शिवको रूपको चर्चा गर्दा हामी यिनमा दुई आदि शक्तिहरूको मेल पाउँछौं, एक श्रृष्टिकर्ता (सौम्य स्वस्प) र अर्को संहारकर्ताको भयावह अथवा विध्यवंसक महेश्वर, वीरशिव, मिश्रशैव, शिवसिद्यान्त स्वरूप (प्रधान : वि.सं. २०६१, पृ.३९) ।

श्रीमद्भागवत तृतीय स्कन्धको बाँह्रौ अध्यायमा भैरवको वर्णन गरिएको छ । त्यहाँ भैरवलाई ब्रह्माजीको मिथ्या बोल्ने र उनको निन्दा गर्ने प्रकृतिबाट कोध भएका शिवका भृकुटीबाट उद्भव भएका आदि पुरुष बताइएको छ साथै एकादश रुद्रलाई पनि शिवका कोध रूप भनेर वर्णन गरिएको छ (आचार्य : वि.सं. २०३९ : अंक ९३; पृ.४) । भैरवतन्त्रको विघारण्यकृत एक टीकामा भैरव सम्प्रदायको उल्लेख पाइन्छ (यदुवंशी : ई. १९५५ ; पृ. १४६) । शिवको उग्ररूप भैरव महाकालको सबभन्दा पहिलो उल्लेख विष्णु धर्मोत्तर पुराणमा आएको छ । भैरव भय प्रेरित गर्ने देवताको नितम्ब दायाँ घुमेको अथवा खुम्चिएको देखाइएको हुन्छ । तर जब सम्मुख देखाइन्छ उनलाई महाकाल भन्नु पर्दछ । महाकाल र भैरव दुवै कालो वर्णका हुन्छन् । अनि मत्स्यपुराणमा एउटा कथा अनुसार पार्वतीलाई काली भनेकाले पार्वतीले झन कालो महाकाल होउ भनी शिवलाई भनिएको उल्लेख पाइन्छ (पाल : ई.१९७४ ; पृ. १००-१०१) उग्ररूपमा शिवलाई एक कुर र भयावह महानाशकारी देवता मान्न थालियो । यसै रूपमा उनलाई ''चण्ड भैरव'', ''महाकाल'' इत्यादि उपाधिहरू दिन थालियो (यदुवंशी : ई. १९५५ ; पृ.१११) । अग्नि पुराणमा भैरवको वर्णन उल्लेख गर्दै भनिएको छ ; भैरवको भयंकर रूप हुन्छ, उनको शिरमा अर्द्ध चन्द्र र लट्टा परेको केश हुन्छ । त्रिशूल, डोरी (पाश) इत्यादि कुनै कुनै समयमा उनले हात्तीको चर्म लगाएको हुन्छ । साथै यसमा उनको पाँच अनुहार भएको वर्णन पनि पाइन्छ । सर्पहरू उनका गहना हुन् भन्ने वर्णन पाईन्छ । यी कुराहरूमा मध्यनजर राख्ने हो भने महादेवको र भैरवको समानताहरू पाइन्छन्, जट्टा, सर्पको गहना, कालो वर्ण, शिरमा

चन्द्रमा, हातमा त्रिशुल आदि । पुराणहरूमा अष्ट भैरवहरू असिताङ्ग, रुरु, चण्ड, क्रोध, उन्मत्त, कपाली, भीषण र संहारको पनि उल्लेख पाइन्छ (प्रधान, वि.सं. २०६१, पृ.४०) ।

भैरवको बारे एउटा रोचक पौराणिक कथा रहेको छ । जस अनुसार एक पटक ब्रहमा र विष्णु शिवको अनुपस्थितिमा त्रिदेव मध्येको ठूलो भन्ने सम्बन्धमा विवाद चल्यो । उनीहरू एक आपसमा घमण्डले फुले, अभिमानको आवेगमा आई ब्रहमाले शिवको अनादर गरे । यसै अवसरमा त्यहाँ यस तिरस्कारबाट क्रोधित शिव देखा परे । भनिन्छ कि उनको क्रोधबाट अग्निको लपेटा निस्क्यो , जुन कालरूप सहित भैरव देखा पऱ्यो । भैरव रूपको उत्पति हुनासाथ उनले ब्रह्मालाई हमला गरे र उनका धेरै टाउको मध्ये एउटालाई निमोठे जसले शिवको अनादर गरेथे । यसरी उनले ब्रह्म हत्याको पाप आफ्नो थाप्लोमा थापे । शिवद्वारा आदेश भए अनुसार यस पापको प्रायश्चित निम्ति हातमा ब्रह्माको छुट्याइएको टाउको लिई भैरवले एउटा अनिश्चित यात्रा शुरु गरे । शिवले ब्रहमहत्या नाम गरेकी एउटी सुन्दरीको श्रृष्टि गरेर उनलाई भैरवको साथ लगाएर पठाए भन्ने कुरा विभिन्न पुराणहरूमा पाईन्छ (ऐजन)। भैरवले धेरै पवित्र स्थलहरूको भ्रमण गरे तथापि ब्रह्महत्याको पापबाट आफूलाई मुक्त गर्न सकेनन् । अन्तमा शिवको निर्देशन अनुसार उनी वाराणसी गए र आफूले बोकेको ब्रह्ममाको शिर त्यही विसर्जन गरे । उक्त ठाँउ पछि कपाल मोचन तीर्थको नामले प्रख्यात भयो । शिवको भैरव रूपमा शक्ति पीठसँग सम्बन्ध रहेको पाइन्छ । हामी भैरवलाई कही क्षेत्रपालको रूपमा कही शिव मन्दिरकोद्वारपालको रूपमा त कहि शक्ति पीठहरूसँग सम्बन्धित रहेको पाउछौं । जहाँ जहाँ मातृकाको बासस्थान रहेको हुन्छ त्यस ठाँउमा भैरवको उपस्थिति रहेको पाइन्छ । कूर्म पुराणले मातृकाहरूको सविस्तार वर्णन गर्ने क्रममा शिवले भैरव र मातृकाहरूको सहयोगले असुर अन्धासुरको बध गरेपछि उनीहरूलाई पाताललोक जुन तामसिक ध्वंसात्मक प्रवृत्ति भएको विष्णु नृसिंहको लोक हो , त्यहाँ गएर बस्ने अनुमति दिए र तिनीहरूले त्यसै गरे । तर भैरव शिवको एक अंश भएकोले तुरुन्तै शिवमै लीन भए अनि मातृकाहरू भने जीविकाको कुनै साधन बिना नै असहाय छाडिएका थिए । तिनीहरूले आफ्नो क्षुधा मेटाउने उद्देश्यले जगतका हरेक वस्तु तोडफोड गर्न थाले । भैरवले त्यस पछि मातृकाहरूको त्यस प्रकारको ध्यंसात्मक प्रकृति रोक्न नृसिंहको प्राथना गरे (राव : ई. १९७१ ; पृ. ३८-८२) । शिवको संहारक तथा भयानक रूप अर्न्तगत शमशान भैरव, वीरभद्र कामान्तक तथा त्रिपुरान्तक भैरवका चौसठ्ठी रूपहरूका

विभिन्न नामले सम्बोधित भएका छन् (द्विवेदी : वि.सं. २०६८ ; पृ.४) । चौंसठ्ठी भैरवहरूको बारेमा आगम ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । प्रत्येक आठ भैरवको एक एक समूह गरी आठ समूहमा विभाजन गरिएको छ र त्यसलाई अष्ट भैरव भनिन्छ । अनि यि समूहको नायकहरू क्रमशः असितांग, रुरु, चण्ड, क्रोध, उन्मत्त, कपाल, भीषण र संहार भएको कुरा उल्लेख भएको छ । तिनीहरू तान्त्रिक ग्रन्थहरूमा उल्लेख भएका चौसठ्ठी योगिनीहरूका पतिहरू अर्थात संरक्षक भएका कुरा त्यसैमा उल्लेख भएका पाइन्छन् ( बनर्जी : १९७४ ; पृ. ४६५) । यसरी चौसठ्ठी भैरव आठ समूहको प्रतिनिधित्व गर्ने अष्टभैरवको नाममा समाहित पाइएको छ भने चौसठ्ठी योगिनीहरूलाई पनि आठवटी योगिनीमा समाहित स्वरूप अष्टमातृकाका रूपमा मानिएको छ र अष्टमातृका समूहमा पर्ने देवीहरू शास्त्रोक्त क्रमले यस प्रकार छन् : १) ब्रह्मायणी वा ब्राह्मी २) रौद्री, रुदायणी वा महेश्वी ३) कौमारी ४) वैष्णवी वा नारायणी ५) वाराही ६) एन्द्री वा इन्द्रायणी ७) चामुण्डा वा काली ८) महालक्ष्मी । तर बाघभैरव भने यि मध्ये कुनै पनि भैरवमा पर्दैन (अन्तर्वार्ता : बज्रमुनी बज्राचार्य, २०७९ साउन २७)

दुर्गाहोमविधि अनुसार अष्टमातृका समूहकी प्रत्येक देवीसित अष्टभैरव समूहका एक-एक भैरव बस्दछन् । यस हिसाबले ब्रह्मायणीसित असिंताग भैरव, रुदायणीसित रुरु भैरव, कौमारीसित चंडभैरव, वैष्णवीसित क्रोधभैरव, वारहिसित अन्मत्त भैरव, इन्द्रायणीसित कपालभैरव, कालीसित भीषण भैरव तथा महालक्ष्मीसित संहार भैरव रहन्छन् । देवीसित भैरव बसेका मनोरम कलाकृति मल्लकालीन मन्दिरहरूमा टुडाँलमा सजिलैसित देख्न पाइन्छ (रेग्मी : वि.सं. २०४६ ) । तर बाघभैरव भने यि मध्ये कुनै पनि भैरवमा पर्दैन । कीर्तिपुरको बाघभैरव स्थापना सम्बन्धित अनेक कथा किम्बदन्तिहरू रहेको पाइन्छ । तर यो कहिले देखि अस्तिवमा रह्यो र कस्ले यसको निमार्ण गऱ्यो भन्ने बारेमा अझै स्पष्टता पाइदैन । मुख्य तथा मन्दिरको गर्भ गृहको देवताको मूर्तिको प्रतिबिम्भ प्रवशद्वारमा कुँद्ने चलन नेपालको मन्दिर वास्तुकलामा पाइन्छ । यस बाघभैरव मन्दिरमा भने भित्रको गर्भगृहको देवतासँग मेलनखाई यी अष्टभैरव मध्ये असिंताङ्ग भैरवको प्रतिमा बनाई राखेको पाइन्छ । यसैको आधारमा भित्रको गर्भगृहका देवता अष्टभैरव मध्यको अशिताङ्ग भैरव भन्न सकिने अवस्था छ तर व्यक्तिगत अन्वेषणको क्रममा पुजारीसँग लिइएको अन्तर्वातामा : यो भैरव अष्टभैरवमा नपर्ने कुराको उल्लेख पाइन्छ (

अर्न्तवार्ता; विजयरत्न बज्राचार्य, पुजारी, वि.सं. २०७९ भाद्र ३ ) । यि कुरालाई मनन गरेर हेर्दा के अुनमान गर्न सकिन्छ भने बाघभैरव स्वतः बाघको रूपमा कल्पना गरेर स्थापना गरेको भैरव हुनाले यो कुनै पनि अष्टभैरवमा नपर्ने हुन सक्छ ।

## ३.२ बाघभैरव जात्राको उत्पत्ति

बाघभैरव जात्राको प्राचीनता हेर्दा यो एक पुरानो जात्राको रूपमा मनाउदै आएको पाइन्छ । बाघभैरवको मन्दिर निर्माण भएपछि यो जात्रा मनाउन थालिएको अनुमान लगाउन सकिन्छ । पहिले जात्रा मनाउँदा हाल मनाइने जस्तो भव्य रूपमा मनाउने चलन थिएन । पहिले यस जात्रालाई यात्राको रूपमा मनाउने चलन पाइन्छ । २०१३ सालपछि मुकुट बनाई रथमा देवता राखि भव्यताका साथ जात्रा चलाउने चलन चलेको देखिन्छ । २०१३ साल भन्दा पहिले पनि बाघभैरव यात्रा भनेर भाद्र १ गते मनाउने चलन रहेको पाइन्छ । जात्रा मनाउने शैली एवं पद्धतिमा फरकपना आएतापनि यस मन्दिरमा जात्राको रूपमा पुरानो समयदेखि नै जात्रा गर्ने गरेको देखिन्छ । पहिले मुकुट बनाई रथयात्रा नगरी पुरानो चलन अनुसार विशेष गहना ‘किकिंपा’ लाई यस दिन बाहिर निकालि गहनालाई आंजु-बुगां भन्ने पोखरीमा लगेर स्नान गराउने र विधि विधान अनुसार न्यायखि बाजा काः बाजा बजाई रिङ्गरोड घुमाउने र विभिन्न स्थानको कुवा र पोखरी आदिमा लगेर घुमाउने चलन रहेको र पछि यसैलाई परियोर्जन गरेर ६० वर्ष यतादेखी खट बनाएर देश परिक्रमा गर्ने गरेको मान्यता पाइन्छ (अर्न्तवार्ताः कृष्ण महर्जन, स्थानियवासी, २०७९ भाद्र ५ ) ।

उपत्यकाको नेवारहरूले मनाउने जात्रापर्वहरू प्राय चन्द्रमासको अनुसार मनाउने हुँदा जात्रा पर्वहरू तिथिमिति अनुसार मनाइन्छ तर यस बाघभैरव जात्रा भाद्र १ गने सिंहसंक्रान्तिको दिन मनाउदै आएको पाइन्छ । यो जात्रा वि.सं. अनुसार भाद्र १ गते मनाइनुमा विभिन्न कारणहरू हुनसक्ने अनुसन्धानको क्रममा लिइएको अर्न्तवार्तामा विभिन्न विज्ञहरूले आ-आफ्नो राय राख्नु भएको पाइन्छ । त्यसमध्ये केहि यसप्रकार छन् ।

**भाद्र १ सिंहसक्रान्तिमा जात्रा किन ?**

भाद्र १ गते बाघभैरव मन्दिरको बुसाःद्यको रूपमा मनाइने गरिन्छ । तर बाघभैरवको निर्माण सम्बन्धी कहिले स्थापना भएको भनि हालसम्म थाहा नपाएको हुँदा भाद्र १ कसरी हुन गयो भन्ने प्रश्न आउँछ । नेवार भाषमा बुसाःद्यको अर्थ जन्मदिन वा स्थापना भएको दिन मानिन्छ । हामीले इतिहास र किवंदन्तीलाई आधार बनाएर हेर्दा पनि कहिकतै बाघभैरवको स्थापना सम्बन्धी मिति पाउन सकेका छैनौँ । यसरी हेर्दा प्राय जात्रापर्वको तिथि गणना गर्दा प्राय चन्द्रमास र सूर्यमाससमा गरिन्छ र यस बाघभैरव जात्रा सूर्यमास अनुसार गर्दा विक्रम संवतको भाद्र १ गते परेको हुन सक्ने अनुमान गर्न सकिन्छ (अर्न्तवाताः प्रयागमान प्रधान २०७९ साउन २७ ) ।

यसै जात्रा सम्बन्धमा किन भाद्र १ गते हुन गयो भन्ने सन्दर्भमा अर्को विज्ञको अनुसार दक्षिण भारतमा सिंहसक्रान्तिलाई भव्य एवं विशेष रूपमा मनाउने गरेको र बाघभैरव मन्दिर यस्तो महत्वपूर्ण मन्दिर हुँदाहुँदै पनि यस सम्बन्धी कुनै जात्रा पर्व नरहेको हुँदा दक्षिण भारतको प्रभावले बाघलाई पनि सिंहको रूप मानि जात्रा सुरु गरेको हुन सक्छ ( अन्तर्वार्ताः महेश कुमार आचार्य, २०७९ भाद्र १ ) ।

यसै जात्राको दिन भाद्र १ गते रहनुमा पनि स्थानीयहरूले बाघभैरवको उत्पति सम्बन्धी किवंदन्तीलाई आधार मानेर भैरवको रूपमा शिवले सबै भेडाबाखा खाइदिएपछि उनलाई शान्त पार्न तान्त्रिकले गणेशको स्थापना गरेको र अब दुःख नदेउ भन्दा भाद्र १ गते म पुनः आउछु मेरो परिक्रमा गरेर बली दिनु भनेकोले गर्दा भाद्र १ गते स्वंय शिव भैरवको रूपमा आउने गरेको र जात्रा चलाएको जनविश्वास पाइन्छ (अर्न्तवार्ताः युद्ध दशनघरी, स्थानीयबासी, २०७९ भाद्र १ ) ।

यसै अनुसान्धानको क्रममा उपत्यकामा विभिन्न राजाहरूले राज्य गर्दै आएका र ती मध्ये कोही चन्द्रवंशी र कोही सूर्यवंशी रहेको हुँदा आ-आफ्नो पालामा आफ्नो वंशी अनुकुल जात्रा पर्वलाई ढाल्न राजनीतिक चलखेलको कारण बाघभैरव जात्रा सिंहसंक्रान्तिको दिन भाद्र १ मा परेको हुनसक्छ भन्ने अनुमान पनि गर्न सकिन्छ ।

माथिका विभिन्न किसिमका तर्कहरूलाई मध्यजनर गरी के भन्न सकिन्छ भने बाघभैरव जात्रा भाद्र १ गते पर्नुका कारण राजनैतिक, सांस्कृतिक कारणले भएको महसुस हुन्छ । संक्रान्ति

भनेपछि १ गते नै पर्ने हुँदा पनि यस जात्रा सिंहसंक्रान्तिलाई आधार मानेर भाद्र १ गते राखिएको हुनसक्छ भन्ने अनुमान गर्न सकिन्छ ।

## ३.३. बाघभैरव मन्दिर र बाघ भैरवजात्राको सम्बन्ध

बाघभैरव मन्दिर कीर्तिपुरको मध्य भागमा अवस्थित सबैभन्दा पुरानो र महत्वपूर्ण मन्दिरको रूपमा मानि आएको पाइन्छ । यस मन्दिरको निर्माण र कीर्तिपुर शहरको स्थापना एक वर्षको अन्तरमा भएको पाईन्छ । उपत्यकामा रहेको अन्य भैरव मन्दिरहरू जस्तै यो मन्दिर पनि वर्गाकारमा नभै चारकुने आकारमा उठाइएको छ । सबैभन्दा तल्लो छानामा एक, बीचको छानामा ६ वटा र सबैभन्दा माथि ११ वटा गरी जम्मा अठार वटा गजुरले सजिएको छ । बाघभैरवलाई मुख्य आराध्य देवताको रूपमा मानिने भएकाले स्थानीय बासिन्दाहरूले आजुद्यः भन्ने गर्दछन् । नेवार समाजमा आफ्नो बस्तीको मुख्य देवतालाई आजुद्यः भन्ने चलन पाइन्छ । आजुद्यः को अर्थ बाजे हो अझ बाघभैरवलाई त आजाजु समेत भनेर सम्बोधन गरेको पाइन्छ जसको अर्थ जिज्यू बाजे भन्ने हुन्छ । यस कुराले पनि बाघभैरव मन्दिरको प्राचीनता झल्काउन मद्दत पुऱ्याउँछ । बाघभैरव मन्दिरमा बाघको आकृतिमा मुख्य मूर्ति बनाई राखिएको पाइन्छ । कथाकिवंदन्ती अनुसार मिलाएर भैरवको मुखाकृति बनाएको पाइन्छ । मूर्ति माटोको बनाई कपडाले छोपिएको छ र मुखाकृति मात्र चाहि चन्द्रशमसेरको पालामा स्थानीय व्यक्तिले चढाएको हो । मुखाकृति बिग्रिएमा बज्राचार्य पण्डितहरूद्वारा पुनः बनाइने चलन छ र त्यसरी मुर्ति बनाउनु परे कीर्तिपुरको सात स्थान र काठमाडौंको म्हैपिबाट समेत माटो ल्याई बनाउने चलन छ । समयसमयमा मुसाले बिगार्नै र मुखाकृति खस्ने गरेको वर्णन विभिन्न वशांवलीहरूमा टिपिएको पाइन्छन् । बाघभैरव मन्दिर बेलाबोलामा जिर्णोद्वार भएको इतिहासमा पाइन्छ । बाघभैरवको स्थापना ई. सं. १०९९-११२६ को बीचमा भएको देखिन्छ र त्यसपछि ने.स. ६२३ सम्म त्यतिबेलादेखि कुनै अभिलेख छैन र एक्कासी ने.स. ६३५ को कार्तिक महिनामा पाटनका महापात्र जगतपाल बर्मा आई यस मन्दिरको भव्य जीर्णोद्वार गरिएको पाइन्छन् (श्रेष्ठ, वि.सं. २०५६, पृ. ३९) । यसैलाई आधार बनाएर के भन्न सकिन्छ भने पहिले यो स्थान पीठको रूपमा थियो र पछि शिवदेवको पालामा हाल रहेको मन्दिर बनाइयो र पछि राजनीतिक अस्थिरता र प्राकृतिक प्रकोप आदिको कारण यो क्षेत्र ओझेलमा पर्न गइ बिग्रिएको र खासै कसैले ध्यान

नदिएको कारण यस सम्बन्धी तथ्य प्रमाणहरू नपाइएको अनुमान गर्न सकिन्छ । ने.स. ६३५ मा उक्त जीर्णोद्वार भएपछि पनि करिब ७२ वर्षसम्म कुनै कार्य भएको सूचना फेला परेको छैन् । त्यसपछि भने ने.स. ७०७ पछि त्यहाँ विभिन्न किसिममा वस्तुहरू चढाइएको र विभिन्न क्रियाकलापहरू भउको देखिन्छ । (श्रेष्ठः २०५७, पृ. ४० ) ।

बाघभैरव मन्दिर पुरानो र महत्वपूर्ण मन्दिरको रूपमा रहेको पाइन्छ । यस मन्दिरसंग सम्बन्धित विभिन्न जात्राहरू मनाइने गरिन्छ । ती मध्ये हाल बाघभैरव जात्रालाई एक महत्वपूर्ण जात्राको रूपमा लिइन्छ । बाघभैरव जात्राको नामबाट नै प्रष्ट हुन्छ की यस जात्राको सम्बन्ध मुख्य आराध्यदेव बाघभैरवसँग रहेको छ । जात्राको उत्पतिको इतिहास हेर्ने हो भने बाघभैरवको स्थापनाकाल पछि देखि नै बाघभैरव जात्राको रूपमा मनाउदै आएको देखिन्छ । बाघभैरव जात्रा सुरुवातमा यात्राको रूपमा मात्र मनाउने र मन्दिरको विशेष गहना किकिंपालाई कुवा ढुङ्गेधारामा घुमाएर पुनः मन्दिर परिक्रममा गराई मनाउने चलन पाइन्छ । पहिले मन्दिरलाई १०८ वा ३६५ चोटी परिक्रमा गरेर धुपबत्ती बालेर भक्तजनहरूद्वारा जात्रा मनाउने गरिन्थ्यो । हाल आएर २०१३ सालपछि रथयात्रा सुरु गरेको पाइन्छ (अन्तर्वार्ता : शुद्धरत्न महर्जन, वि.सं. २०७९ साउन २५) । अहिले जात्रा भव्यताका साथ मनाउने गरिन्छ र रथमा गर्भगृहमा रहेको आराध्यदेवको मुकुट बनाई उक्त मुकुटलाई रथमा राखि जात्रा चलाईन्छ । बाघभैरव जात्रा सिंहसंक्रान्तिका् दिन भाद्र १ गते पर्ने गर्दछ । उपत्यकाको जात्रा पर्वको इतिहास हेर्ने हो भने प्राय जस्तो सबै जात्राहरू चन्द्रमास अनुसार तिथि मितिका अनुसार पर्दछ । भक्तपुरको विस्काः र यो जात्रा मात्र विक्रम संवत अनुसार मनाइने गरिन्छ । जात्रापर्वको तिथि मिति राख्दा प्राय मास अनुसार राखिने गरिन्छ र मासहरूमा चन्द्रमास र सूयमास पर्ने गर्दछ । अधिकांस नेवार जात्रा पर्व चन्द्रमास पर्ने गरेको पाइन्छ तर यो जात्रा सूर्यमास अनुसार परेको हुँदा यो बिक्रम संवतमा मनाएको हुन सक्ने अनुमान गर्न सकिन्छ (अन्तर्वार्ता : प्रयागमान प्रधान, वि.सं. २०७९ साउन २७) । यसरी हेर्दा बाघभैरव जात्रा र मन्दिरको सम्बन्ध एकआपसमा महत्वपूर्ण रहेको पाइन्छ । आराध्यदेवको जात्रामा मानिसहरू सहभागी हुने र आत्मियता कायम भैराखेको पाइन्छ । बाघभैरव मन्दिर र जात्राको सम्बन्ध पुरानो देखिन्छ ।

## ३.४ बाघभैरव जात्रा र पुजारी परम्परा

बाघभैरव मन्दिरमा मनाइने जात्रामा बाघभैरव जात्रा एक महत्वपूर्ण जात्रा हो । बाघभैरवलाई हिन्दु एंव बौद्धहरूले मुख्य आराध्य देवताको रूपमा पुजा गर्ने गर्दछन । बाघभैरव जात्रा भाद्र १ गते सिंहसंक्रान्तिको दिन पर्दछ । मन्दिरको नित्यपूजा बज्राचार्यहरूद्वारा तान्त्रिक विधि अनुसार प्रत्येक दिन विहान गरिन्छ र त्यसपछि कपाली, दर्शनधारीहरू मन्दिरको रेखदेख गर्ने कार्य गर्दछन् ।

बाघभैरव जात्रामा बज्राचार्य पुजारीले मुख्य भुमिका खेलेको हुन्छ । मन्दिरको पूजाको निमित्त मूल पुरोहित १ जना हुन्छ र सहायकको रूपमा रहेको अर्को पुजारीले सामग्री मिलाउने गर्दछ । मण्डपमा बाघभैरव तिर फर्केर होम गर्न र साधना गर्ने गरिन्छ । बाघभैरवको जात्रा गर्दा पहिलो दिन छोयला बू: गर्ने चलन अघिल्लो दिन गरिन्छ जसमा ६ जना व्यक्तिहरूमा २ जना बज्राचार्य, २ जना भात पन्छाउने (देशबली) जाने र २ जना महादिप बाल्ने (जागराम बस्ने) व्यक्तिको सहभागिता हुन्छ । यस दिन प्रधान, बिष्ट, जोगीहरूको पूजा हुन्छ र बाजा बजाउने गरिन्छ । छोयला बू:को दिन रातमा भोज खुवाइन्छ र भोलि पल्ट बु:गामा लगी नुहाई दिएपछि बाघभैरवको प्रतिबिम्भलाई खटमा राखी जात्रा सुरु गरिन्छ । पुजारीको रूपमा रहेका बज्राचार्यहरूको इतिहास हेर्दा बाघभैरव मन्दिरमा बौद्ध पुजारी कसरी हुन गयो ? भन्ने कुरामा पनि ध्यान दिनु पर्ने देखिन्छ । बाघभैरव मन्दिर एक हिन्दु मन्दिर हो (अन्तर्वार्ता: वज्रमुनी वज्रचार्य, पुजारी, वि.सं. २०७९ साउन २५) । भैरव भन्नाले शिवको रुद्र रूपलाई लिने गरिन्छ । बाघभैरवको इतिहास हेर्दा र त्यहाँ पाइएका अवशेषहरूको अध्ययन गर्दा पनि सुरुवाति कालमा त्यहाँ बुद्ध धर्म सम्बन्धी केहि प्रमाणहरू पाइदैन र अभिलेखका आधारलाई हेर्दा पनि सुरुवातमा शिवदेवको पालामा पनि कुनै बौद्ध धर्मको प्रमाण गर्ने अवशेष पाइएको देखिदैंन । एकैचोटी आएर ने.स. ६३५ मा बाघभैरवको जीर्णोद्वार र चिलंचो चैत्यको निर्माण पाटनका महापाल जगतपाल बर्माले स्थापना गरेको उल्लेख पाइन्छ (श्रेष्ठ : वि.सं. २०५७, पृ. ३९०) । त्यस पछि जगतपाल वर्माले नै कीर्तिपुरमा बौद्ध धमार्वलम्बी भित्र्याएको अनुमान गर्न सकिन्छ । बाघभैरवको इतिहासमा पहिले बज्राचार्य पुजारी थिएनन् । त्यो पछिल्लो समयमा आएको

परिवर्तनको रूपमा लिइन्छ । प्रायः हिन्दु मन्दिरहरूमा उपत्यकाको नेवार समुदायको राजोपाध्याय, आचाजुहरू पुजारीको रूपमा रहेको पाइन्छ । पछि गएर हिन्दु मन्दिरहरूमा बज्राचार्य पुजारी रहनुमा राजनीतिक कारण रहेको हुन सक्ने अनुमान राख्न सकिन्छ । प्रायः पुजारीहरू पृथ्वीनारायण शाहले उपत्यकामा विजय गरेपछि फेरबदल भएको घटना पनि हामी इतिहासमा पाउँछौ । उपत्यकाको मुख्य बहालको तान्त्रिकहरू शक्तिशालि भएका कारण पृथ्वीनारायण शाहले उनीहरूलाई खुसी बनाउन मुहाब्जा दिएर जग्गाहरू प्रसस्त दिएर पठाएको भनेर उल्लेख पाइन्छ । राजनीतिक अस्थिरताको कारण र कीर्तिपुरमा गरिएको पटक पटकको आक्रमणको कारण पछि राज्यस्तरबाट ध्यान नदिएको र पुजारीको आवश्यकता महसुस गरी स्थानीय तबरबाट बज्राचार्य पुजारी राखिएको हुन सक्ने अनुमान गर्न सकिन्छ (अन्तर्वार्ता: वज्रमुनी वज्रचार्य, पुजारी, वि.सं. २०७९ साउन २५) । बाघभैरवमा तन्त्रविधिका आधारमा पुजा गर्ने गरिन्छ । यसरी बाघभैरव मन्दिर र जात्रा परम्परामा बज्राचार्य पुजारीको मुख्य भुमिका रहेको देखिन्छ । यस मन्दिरमा गरिने हिन्दु र बौद्ध तान्त्रिक विहारहरूले पनि यहाँको धार्मिक सहिष्णुता झल्काउने कार्य गरिराखेको पाइन्छ ।

## ३.५. बाघभैरव जात्रामा गुठीको सम्बन्ध र राज्यको भुमिका

### ३.५.१ गुठीको इतिहास

गुठीको इतिहास केलाउँदा नेपालको प्रामाणिक इतिहासको सुरुवात काल अर्थात लिच्छविकालदेखि नै गुठीको माध्यमबाट बाटो बढार्ने, बाजा बजाउने, पानी वितरण गर्ने, जात्रापर्वहरू मनाउने, मठ-मन्दिरमा पुजाआजा गर्ने आदि विभिन्न थरी गुठीहरू संलग्न भई काम गर्ने गरेको पाइन्छ । गुठी व्यवस्थाको माध्यमबाट हुने कार्यहरूले नेपालको अनेक मूर्त अमूर्त संस्कृति र सम्पदाहरूलाई जीवन्त तुल्याइ राखेको अवस्था छ । गुठीको विकासक्रमलाई हेर्दा यो लिच्छविकाल, मध्यकाल, मल्लकाल, शाहकाल हुँदै गणतन्त्रकालसम्म पनि यस व्यवस्था अन्तर्गत संस्कृतिसम्बद्ध अनेक काम त्यसैको माध्यमबाट हुने गरेको कुराका लागि इतिहास साक्षी छ । नेपालमा गुठीको परम्परा पुरानो छ । अहिलेसम्मको अनुसन्धानबाट नेपालको प्रामाणिक इतिहासको प्रारम्भसँग गुठीको इतिहासको पनि थालनी भएको बुझिएको छ । गुठीको उल्लेख सबभन्दा पहिले संवत् ३८६ (बि.सं ५२२) को मानदेव प्रथमले चाँगुनारायणको

अभिलेखमा आएको छ । र त्यसको अक्तिरिक्त लिच्छविकालका अहिलेसम्म दुई सयवटा अभिलेखहरू प्राप्त भएमध्ये करिब अठचालिस वटा (४८) अभिलेखहरूमा कुनै न कुनै रूपमा गुठीको उल्लेख आएको छ । लिच्छविकालका अभिलेखहरूमा आएका गुठीसम्बन्धी उल्लेखहरूबाट गुठीव्यवस्था प्रौढ रूपमा पुगि सकेको अनुमान हुन्छ तर यो कालभन्दा अगाडीको गुठी व्यवस्थाको बारेमा बोल्ने प्रमाणिक सामग्रीहरू नभएकाले अनुमानको भरमा केहि भन्न सकिन्न । तर यति चाहिँ निश्चित रूपमा अनुमान लगाउन सकिन्छ कि गुठी व्यवस्था मानदेव प्रथमको शासनकाल भन्दा अगाडी नै नेपाली जनजीवनमा प्रचलित भई सकेको थियो (टण्डन, वि.सं.२०७६; पृ.नं. २) । मुख्यतः धार्मिक कीर्तिहरूको स्थापना पश्चात् तिनको नियमित पुजाआजा वर्षवदन, रेखदेख एवं लौकिक कीर्ति तथा समाजोपयोगी कामहरूको स्थायित्व एवं निरन्तरताको लागि नै गुठी व्यवस्थाको उद्भव भएको देखिन्छ । गुठी केवल दान मात्र नभएर यसभित्र सम्बन्धित कीर्तिको समुचित व्यवस्था पनि साथसाथै समेटिएको हुनाले यसको उपयोगीता बढी रहनु स्वाभाविक छ । गुठी सांस्कृतिक शब्द “गोष्ठी” बाट अपभ्रंश भई बनेको हो । “गोष्ठी” को अर्थ सभा वा समुह भन्ने हुन्छ । गुठी शब्दले धार्मिक, लौकिक कामलाई प्रत्यक्ष रूपमा बुझाउँछ भने परोक्ष रूपमा ती कार्यहरू गर्न राखिएको जग्गा वा रूपैयाँहरूलाई बुझाउँछ । यसैले गुठी भन्ना साथ दुबै कुरा संगसंगै आउँछन । त्यसरी राखिएको जग्गा वा रूपैयाँको आयस्त वा व्याजबाट गुठीयारहरूको रेखदेखमा नियत गरिएका कामहरू गुठी व्यवस्था अन्तर्गत गरिन्छ । कुनै कुनै अभिलेखहरूमा गुठीलाई “जिउता” भनिएको पनि पाइन्छ र त्यसको अर्थ जिउनी नै हो ।

“गीर्वाणयुद्ध विक्रम शाहको अभिलेख”

क. आगे काजी बहादुर भण्डारी वक्सी दसरथ षत्री प्रतीजील्लै गडवाल

ख. मध्ये वन्द पूर्व भन्दा पश्चिम सेलोपातल उत्तर वीड्गाउ दषी येती

ग. चार कीला भित्रको तौलोडी गाउ १ जीउला ॥ स्थारा गाउ १ जीउ

घ. ला आधा ॥ ज्मा गाउ र जीउला १ श्री केदारनाथ जान्या श्री गौ-

ङ. री कुंडमा धर्मशाला १ र श्री बद्रनाथ जान्या बाटो श्री टुंगनाथमा

च. धर्मशाला १ काजी रामदास थापाको महतारीले बनयामा धर्मशा

छ. ला २ का गुठीलाई वीर्ता बोतलव गरी त्यो गाउ जीउता बक्स्यौ अठ्ट

ज. सठ्ठी सालदेषीका गादीममारष गोडधुवा चुमाउन यो तीन क

झ. लम बाहीक सर्वरकम कलमको बाह्य लि चलाई देउ ईती सम्ब

ञ. त १८६८ साल श्रावणसुदी १२ रोज ५ शुभम्

(यो लालमोहरको नक्कल गुठी लगत तथा तहबिल कार्यालय, लालमोहर नक्कल, ८ पो. नं. २७ संख्यामा छ ।) (टण्डन, वि.सं.२०७६; पृ.नं. १७३)

गुठी प्रशासनमा लिच्छविकालदेखि नै सम्बन्धित दाताहरूबाट त्यसको व्यवस्थापनमा गुठीयारलाई नियुक्त गरी सम्पूर्ण काम कारबाही गुठीयारहरूद्वारा गराउँदै आएको देखिन्छ । धर्मशात्रा देशको नियम कानुन र परम्पराले गुठी व्यवस्थाको वर्चस्वमा सघाउ पुऱ्याएको थियो । लिच्छवि र मल्लकालमा राजा र राजपरिवारले राखेका गुठीहरूमा राजाद्वारा व्यवस्था बाधिँएको देखिन्छन भने त्यसपछिको कालमा अन्य गुठीहरूमा पनि राजाको प्रत्यक्ष संलग्नताले गर्दा एक किसिमको गुठीलाई जगेर्ना गर्न मद्दत पुऱ्यएको स्मरणीय छ । राणा प्रधानमन्त्रीत्वकालमा प्रधानमन्त्रीले नै गुठी सम्बन्धी कामहरू मुख्य रूपमा हेरेको पाइन्छ । त्यसो भए तापनि राजाको गुठी प्रशासनमा कुनै हान थिएन भन्ने चाहि होइन । गुठीलाई त्यसको प्रकृति, स्वामित्व आदि विविध रूपबाट वर्गीकरण गर्न सकिन्छ । नेपालमा गुठी व्यवस्था लामो समयदेखि प्रचलित रहेको भएतापनि अमानत व्यवस्थको प्रारम्भ हुनुभन्दा अगाडी लिच्छवि, मध्य मल्ल र प्रारम्भिक शाहकालमा गुठीका भेदहरू देखिदैनन् । सामान्यतः त्यस बेला राजा र दुनियाँद्वारा स्थापित गुठीमा समान व्यवस्था हुन्थ्यो । पछि गएर गुठी व्यवस्थाले संस्थागत रूप लिंदै गयो तब यसका किसिमहरू पनि स्पष्ट रूपमा देखिदै गए । गुठीलाई नेपाली समाजको अभिन्न अंग मानिएता पनि समयको परिवर्तन र बदलिदो परिस्थिति संगसंगै अनेकौं समस्या र विध्न बाधाहरूको कारण यसको महत्व फिक्का हुदैं गइ रहेको अवस्था छ ।

गुठीलाई सामान्यतया ३ प्रकारमा छुट्टाउन सकिन्छ ।

अ) धार्मिक गुठी

आ) सामाजिक गुठी

इ) सांस्कृतिक गुठी

कीर्तिपुर एक प्राचिन नेवार बस्ती हो र यहाँ पनि गुठीको महत्वपूर्ण स्थान रहेको पाइन्छ । कीर्तिपुरमा मनाउने प्राय जसो सबै जात्रापर्वहरू गुठीको अधिनमा रहेर मनाउँदै आइ राखेको पाइन्छ । यसै गरी यहाँ रहेका गुठीहरू पनि ३ किसिममा विभाजन गरेर हेर्न सकिन्छ ।

क) धार्मिक गुठी

अ) राज गुठी

आ) इन्द्रायणी जात्रा गुठी

इ) बाघभैरव जात्रा गुठी

ई) बाघभैरव प्यांख गुठी

उ) किपू पःमां आगंछें गुठी

ऊ) जगतपाल महाविहारः

ए) तलेजु भवानी पूजाः

ख) सामुहिक गुठी

ग) निजी गुठी

घ) सामाजिक गुठी

ङ) सांस्कृतिक गुठी

(प्रधानः ने.सं. ११४१, पृ. २१-३१)

बाघभैरव जात्रा कीर्तिपुरको महत्वपूर्ण जात्राको रूपमा लिइन्छ । यस जात्राको लागि राज्यको तवरबाट हरेक वर्ष जात्रा मनाउनको लागि यहाँको बाघभैरव जात्रा गुठीलाई सहयोग प्रदान गर्दै आइ राखेको पाइन्छ तर हाल आएर २०७१/०२/२० गते देखि गठन भएको श्री बाघभैरव मन्दिर गुठी व्यवस्थापन समितिबाट जात्राको सम्पूर्ण जिम्मेवारी लिई जात्रा चलाउँदै आइ राखेको पाइन्छ (अन्तर्वार्ताः शुद्धरत्न महर्जन, वि.सं. २०७९ साउन २५) । समय परिस्थिति अनुसार फरकपना आएको देखिन्छ । पहिले गुठी संस्थानले व्यवस्था गर्थ्यो र १ जना गएर पञ्चबलीको लागि ल्याउने बलीहरू ठेक्कापट्टाबाट ल्याउने गर्दथ्यो तर हाल आएर कुराहरूमा परिवर्तन आएको र सम्पूर्ण चिज पैसामा परिवर्तन भएर अभाव भएको जस्तो देखिन्छ । राज्यस्तरबाट दिने आयश्रोत जात्रापर्व मनाउन नपुग्ने अवस्थामा पुगेको पाइन्छ । स्थानीयबासीहरूको क्लव समितिको पहलमा हालसम्म जिनतिन जात्राहरू धानिराखेको अवस्था छ । (अर्न्तवार्ताः विजयरत्न बज्राचार्य, पुजारी, २०७९ भाद्र ३) । अहिले बाघभैरव जात्राको व्यवस्थापन हेर्ने काम गुठीले गर्दैन । हाल आएर गुठी हटिसकेको र यसको सम्पूर्ण कार्यहरू २०७१/०२/२० मा गठन भएको श्री बाघभैरव मन्दिर गुठी व्यवस्थापन समितिले जिम्मा लिई गर्दै आएको पाइन्छ । पहिले बज्राचार्यलाई जात्राको सम्पूर्ण जिम्मा दिएको हुन्थ्यो र अहिले त्यो गुठीले हेर्दैन । श्रेष्ठ वा महर्जनले व्यवस्था गर्ने गरेको पाइन्थ्यो । तर अहिले क्लवद्वरा गरिएको पाइन्छ । कति गुठीको काम गर्नेहरूलाई जग्गाहरू छुट्टाएको र ती त्रिभुवन विश्वविद्यालयको अधिकरणमा परेर पछि हराएर गएको देखिन्छ । पुजारीहरूलाई केवल पुजकको रूपमा मात्र नराखी मठ मन्दिरको आवश्यक रेखदेशको जिम्मा पनि दिइएको देखिन्छ तर हाल आएर यसमा ह्रास आएको र अलिकति सम्मानमा कमी भएको महसुस भएको पुजारी बताउँछन् । पहिले हेरेर मानिसहरूमा जिम्मेवारीको कमी आइ राखेको देखिन्छ । हाल गुठी व्यवस्थामा धेरै समस्या र चुनौतीहरू देखा परिराखेको अवस्था छ । गुठी व्यवस्थामा गुठीको स्वरूप र प्रकृति अनुसार आ-आफ्नै भिन्न-भिन्न समस्याहरू हुन सक्छन् तर समग्र रूपमा गुठी व्यवस्थामा देखिएका मुख्य मुख्य समस्याहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ जस्तैः

- गुठीको महत्व बिर्सनु
- गुठीको जग्गा मासिनु

- समयमा कुत नउठ्नु
- जनसहभागितामा ह्रास आउनु
- गुठी जग्गा र रेकर जग्गालाई एउटै सम्झनु
- गुठी देवस्व हो मास्नु हुँदैन, यसको आयस्ता खानु हुँदैन भन्ने भावमा ह्रास हुनु ।
- गुठीसंग सम्बद्ध पुजारी, भण्डारी, सुसारे, पोवाली, कोटाल, कुचिकार आदि रै-रकमीले समयमा खान्गी नपाउनु तथा खान्गी समयानुसार हुन नसक्नु ।
- गुठी व्यवस्थालाई समयानुसार समृद्ध पार्ने प्रयास नहुनु ।
- छुटगुठी, निजीगुठी समेतलाई समेट्ने गरी ऐनको व्यवस्था नहुनु ।
- गुठीको लगत एवं गुठी जग्गाको विवरण अधावधिक नुहुनु ॥
- गुठी जग्गालाई राजनीतिक उद्देश्यमा परिचालन गर्न प्रयास भइ रहनु ।
- गुठी निकाय सशक्त र अधिकारसम्पन्न नहुनु ।

माथि उल्लेखित जस्ता समस्याहरूले हाल आएर गुठी व्यवस्थामा असर पुऱ्याएको देखिनछ । समयमा नै यस प्रकारका समस्याहरूको समाधानको विकल्प खोज्न नसके पुस्तौ देखि चलिआएको गुठी व्यवस्था लोप भई इतिहासको पानामा मात्र सिमित नहोला भन्न सकिन्न । यस प्रकारका समस्याहरूको समाधान गर्न र गुठी व्यवस्थाको संरक्षण, संवर्द्धन गर्न आजको आवश्यकता र सुझावहरू केहि यस प्रकारका हुनसक्छ । जस्तै :

- लगत एवं विवरणहरूको व्यवस्था कायम हुनु ।
- आयस्ताको प्रबन्ध हुनु ।
- गुठी जग्गाको सुरक्षा हुनु ।
- गुठी संस्थाको अधिकार क्षेत्रको विस्तृतिकरण
- निजीगुठीको समन्वय र सुदृढीकरण हुनु ।
- राष्ट्रिय नीतिको व्यवस्था हुनु
- राष्ट्रको साँस्कृतिक कीर्तिहरूको संरक्षण र सर्वद्धन हुनु

- गुठीको महत्वको प्रचार प्रसार हुनु
- गुठीको भावनालाई प्रोत्साहन गर्नु
- गुठी र गुठी जग्गा प्रतिको विश्वासलाई बढावा दिनु ।
- गुठीको परम्परालाई प्रोत्साहन गर्नु
- गुठीको कार्य गर्ने पुजारी वा अन्य गुठी रै-रकमीहरूलाई उचित पारिश्रमिकको व्यवस्था गर्नु।
- अनुसन्धान एवं प्रकाशन कार्यलाई प्रोत्साहन गर्नु ।

गुठीव्यवस्थाको माध्यमबाट नैतिक मान्यता र मूल्यहरूको समेत गौरवमय परम्परालाई अक्षुष्ण राखी धर्म संस्कृतिलाई निरन्तरता दिन सकिने कुरा हामीले कहिल्यै बिर्सनु हुन्न र यसको विकास र संरक्षणमा अघि बढ्नु पर्ने हुन्छ । राज्य स्तरबाट पनि यसको व्यवस्थामा उचित ध्यान पुऱ्याउन आवश्यक परेको देखिन्छ । हाल आएर राज्यस्तरबाट खासै ध्यान नदिएको र करबलले मात्र जात्रा चलाउन व्यवस्था मिलाई दिएको देखिन्छ । परिवर्तित समय अनुसार जात्रा चलाउन पुग्ने आयश्रोतको व्यवस्था गरिदिनु पर्ने आवश्यकता पनि हाल आएर राज्य स्तरबाट गरिनु पर्ने देखिन्छ ।

# अध्याय-चार

## बाघभैरव जात्राको सामाजिक सांस्कृतिक पक्ष

### ४.१ जात्रासंग सम्बद्ध वर्ग र भूमिका

बाघभैरव मन्दिर कीर्तिपुरको प्राचीन मन्दिर हो । यस मन्दिरलाई विभिन्न वर्गहरूले आफ्नो इष्टदेव मानेर कुलदेवताको रूपमा पुज्दै र मान्दै आएको पाइन्छ । यो मन्दिर भैरवको मन्दिर भएता पनि यहाँ पुजा गरिने विधि बौद्ध धर्म अनुसार बज्राचार्यद्वारा गरिन्छ । धार्मिक सहिष्णुताको राम्रो उदाहरणको रूपमा यस मन्दिरलाई हामी लिन सक्छौं । यस मन्दिरमा मनाइने थुप्रै जात्राहरू मध्ये बाघभैरव जात्रामा प्रधान, विष्यट, दर्शनधारी, बज्राचार्य (पुजारी), कपाली, कुशले, महर्जन आदिले महत्वपूर्ण भूमिका खेलेका हुन्छन । बज्राचार्यद्वारा नित्यपुजा गरिन्छ र दर्शनधारी, कपालीहरू मन्दिरको सरसफाई, सुरक्षा र बज्राचार्यको अनुपस्थितिमा पुजा गराउने कार्य गर्दछन् । यस जात्राको दिन विशेषतः प्रधानहरूको मुख्य भुमिका रहेको हुन्छ । जात्राको सुरुवात देखि अन्तिम चरणसम्म प्रधानको आवश्यकता पर्दछ । जात्राको कार्य गर्दा थकालीको महत्वपूर्ण भुमिका रहेको पाइन्छ । थकाली राख्ने चलन हरेक नेवार समुदायमा चल्ने गरेको चलन हो । थकाली भन्नाले वृहत परिवारको नाइके वा मुल पुरुष उमेर वा पुर्खाले ज्येष्ठतम व्यक्तिलाई मान्ने सिद्धान्त हो । सबै पारिवारिक मामिलामा यस्तो पुरुषको निर्णायक भुमिका सधैं भइरहन्छ । नेवार फुकी स्तरदेखि सक्रिय पाइने अन्य विभिन्न गुठीहरूमा 'थकाली' ले यही प्रमुख भुमिका स्पष्टरूपमा खेलेको देख्न पाइन्छ । गुठी प्रथाको उत्पति तथ विकास यसरी पारिवारिक मुलबाटै भएको कल्पना गर्न सकिन्छ । यस पारिवारिक स्तरको संगठनमा थकाली को पत्नी 'नकीको' भुमिका पनि प्रमुख छ । सबै सामाजिक घटना, पुजा आजा र संस्कारहरू सम्पन्न गर्दा 'नकीले' एउटा अग्रणी स्थान लिन पुगेकी हुन्छिन ।

यसरी नेवारहरूको जात्रापर्वमा पनि थकाली र नकींले महत्वपूर्ण भुमिका खेलेका पाइन्छ । जात्राको सुरुवात देखि अन्त्यसम्म उनीहरूले विशेष महत्व बोकेका हुन्छन । बाघभैरव जात्रामा यस दिन विभिन्न व्यक्तिहरूद्वारा विशेष पुजा ल्याइने र पुजा अर्चना गर्ने कार्य हुन्छ । विष्टहरूले

गरगहनाको रेखदेख गर्ने कार्य गर्दछन र सम्बन्धित मान्छेहरूलाई यस दिन चढाएको गरगहनाहरू जिम्मा दिई पुनः सफा, मर्मत गरेर बुझाउने र बुझिलिने चलन छ । जात्राको समयमा विभिन्न किसिमका दाफा, भजन, का:हा: बाजा, धिमे, बासुरी, नाय्खीं, बाजाहरू आदि बजाएर जात्रा धुमधामसंग मनाइन्छ । महर्जन र दर्शनधारीद्वारा बौ:बलेगू गर्ने र रथ यात्रा गराउने चलन छ ।

## ४.२ कार्यक्रम तथा मनाउने पद्धति

बाघभैरव जात्रा भाद्र १ गते सिंहसंक्रान्तिको दिन हरेक वर्ष भव्यताका साथ मनाइने गरिन्छ । यस जात्रामा विभिन्न वर्ग, समुदायका मानिसहरूको विशेष सहभागिता रहने गर्दछन । यस जात्रापर्व मनाउँदा विभिन्न विधि एवं पद्धतिद्वारा गर्ने गरिन्छ । जात्रा मनाइने कार्यक्रमहरू र पद्धतिहरू यस अनुसार छन् :

### ४.२.१. नित्यपुजा

बाघभैरव मन्दिरमा सधै नित्यपुजा बज्राचार्य पुरोहितद्वारा गरिने गरिन्छ । जात्राको दिन बिहानको नित्यपुजा बज्राचार्यबाट सकिएपछि मात्र भित्र राखिएको मुकुट बाहिर ल्याउने कार्य गरिन्छ । नित्यपुजा बिना कुनै पनि कार्यको थालनी गरिदैंन (चित्र नं. ३) ।

### ४.२.२. रथ राखिने विधिः

जात्राको लागि विशेष रथ बनाउने चलन रहेको हुन्छ । गर्भगृहको देवताको प्रतिकको रूपमा बनाइएको बाघभैरवको मुकुट रथमा राखी देश परिक्रमा गर्ने चलन रहेको छ । बाघभैरवको रथ दिनभरी मन्दिरको प्राङ्गणमा राखी साँझ रथ परिक्रमा गर्ने गरिन्छ ।

### ४.२.३. देव स्नानः

देव स्नान नित्यपुजा सकिएपछि अग्रज लगायत गुठीमा संलगन व्यक्तिहरूद्वारा मुकुट मन्दिर बाहिर ल्याई मन्दिर परिक्रमा गराएर मन्दिर भन्दा पूर्वपट्टिको तल रहेको आजु:बुगां भन्ने

कुवामा लगी उक्त मुकुटलाई भव्य पुजा गरि स्नान गराइन्छ । स्थान गराएपछि उक्त मुकुटलाई खोपामा राखिन्छ र सिन्दुर र अक्षताले पुजा गरिन्छ । यस अवसरमा सगुन खाने गरिन्छ उक्त समयमा थकालीबाट टिका लगाउने र आशीर्वाद थाप्ने गरिन्छ । पुजाको क्रममा त्यहि नजिक फल्चामा बसेर बाघभैरवको भजन गाइन्छ र बाजा बजाउने कार्य हुन्छ । यस भजनमा बाघभैरवको स्तुती गरी वहाँको चर्चा गरिएको पाइन्छ र अचम्मको कुरा प्राय जात्राको भजनहरूमा राजाहरूको नाम उल्लेख गरिने हुन्छ तर कहि कतै पनि बाघभैरवको जात्राको भजनमा राजाको नाम उल्लेख छैन यो केवल भैरवको महिमामा आधारित छ र भजन मण्डलीद्वारा सुरक्षित साथ राखिएको पाइन्छ (चित्र नं. १) ।

### ४.२.४. भजन खलः

जात्राको दिन विहान देखि नै भजन मण्डलीका मानिसहरूद्वारा विभिन्न बाजाहरू बजाएर जात्राको सुरुवात गरिन्छ । यस जात्राको उपलक्ष्यमा विभिन्न गुठीबाट भजन मण्डली आई आफ्नो गुठीको प्रतिनिधित्व गरेर विभिन्न बाजाहरू बजाउने गरिन्छ । बाजाहरूमा विशेष गरी डाफा, मादल, न्याह्किं, काःहाः, बासुरी, धिमे, डमरु बजाइन्छ र पहिले जात्राको समयमा पञ्चेबाजा बजाउने चलन रहेको तर आजकल त्यति निरन्तरता नपाएको स्थानीयबासी बताउँछन् । भजनखलः ले जात्रामा रौनक एवं मनोरञ्जन प्रदान गर्ने र जात्रामा हर्षोल्लास थप्ने कार्य गर्दछ (चित्र नं. ५) ।

### ४.२.५. मुकुट खटमा राखिने विधि

करिब १ घण्टा जति बुंगाःमा मुकुट राखि सकेपछि पुनः मुर्तिलाई मन्दिरको प्राङ्गणमा भव्य बाजागाजा सहित लगिन्छ र मुकुटलाई ३ पटक बाघभैरव मन्दिरको परिक्रमा गराई मन्दिर बाहिर राखिएको खटमा विराजमान गराई विधिपूर्वक राखिन्छ । स्थानीय बासिन्दा र बाहिर गाउँका बासिन्दाहरू पनि उक्त दिन बाघभैरवको मन्दिरमा भ्रमण गर्न आउने र पुजाआजा गर्न आउने चलन रहेको छ । यस दिन विशेष गरेर मानिसहरू बिहान देखि नै मन्दिर परिक्रमा गरेर जाने गर्दछन् । परिक्रममा विशेष गरेर १०८, ३६५ चोटी गरिन्छ । यस दिन रथमा मुकुट

राखिन्छ र पुजाआजा गरिन्छ । यस जात्राको दिन इन्द्रायणीको मन्दिरको द्वार पनि श्रद्धालु भक्तजनहरूको लागि खुल्ला गरिन्छ ।

## ४.२.६. आन्तरिक पुजा पद्धति

### ४.२.६.१. होमपुजा

बाघभैरवको मुकुट खटमा राखेपछि मन्दिरमा रहेको गर्भगृहको देवताको विशेष रूपमा पुजा गरिन्छ । यो विधि मन्दिरको पुजारीद्वारा गरिन्छ । आन्तरिक होम बज्राचार्यद्वारा गोप्य रूपमा गरिन्छ । त्यस पुजाको बेलामा मन्दिर भित्र पस्न निषेध गरिन्छ । दिउँसोको समयमा १०-१५ मिनेटसम्म मन्दिर बन्द हुन्छ र गुरू र व्याग्रेश्वर बिच गोप्यरूपमा कुराकानी हुने गर्दछ र देवता आहृति दिने गरिन्छ। देवताआहूतिको समयमा देवतालाई कसैले पनि छुन पनि नहुने र पुजारी र देवता बीच पञ्चतत्वको आधारमा पञ्चशुत (धाग्रोको रूपमा) पाशुका कलश देखि देवता र देवतादेखि पुजारी सम्म छोइएको हुन्छ र त्यतिबेला चक्रपूजा गर्ने गरिन्छ (अन्तर्वार्ता : विजयरत्न वज्रचार्य, वि.सं. २०७९ भाद्र ३) ।

## ४.२.७. बाह्य पुजा पद्धति

### ४.२.७.१. बाह्य होमपुजा

भित्र मन्दिरको होमपुजा सकिएपछि बज्राचार्यद्वारा बाहिरी होमपुजा गर्ने गरिन्छ। पुजाको समयमा मुल पुरोहित १ जना हुन्छ र १ जना सहायक पुजारीले होमको लागि चाहिने सामग्रीहरू जुटाउने कार्य गरिन्छ। पुजामा पुजा विधि अनुसार सामग्री जुटाउने कार्य गरिन्छ। जस्तैः ३२ वटा काठ, ३२ किसिमको गेठागुडि, नरिवल र कलशको स्थापना मण्डपको टपमा गरिन्छ र कलशमा बाघभैरवको साधना गरिन्छ (ऐजन) । आजकल बाघभैरवको चित्र राख्ने चलन पनि देखिएको छ । यस कलशको दाँयापट्टि घुम्न जान र समयबजीको पूजा गरिन्छ । बाह्य होमपुजा गर्दा मन्दिरको ठिक अगाडी रहेको हिफःद्यको अगाडी गरिने गरिन्छ। भित्र बली नचल्ने भएकोले झ्यालबाट बली देखाउने चलन रहेको पाइन्छ। होमको विधि १ पुरोहित र १ जना जजमानद्वारा गरिन्छ । जजमानको पालो भने हरेक वर्ष प्रत्येक १-१ घरलाई पालैपालो

बस्नु पाउने व्यवस्था मिलाइएको पाइन्छ । सम्पूर्ण पुजा विधिहरू बज्राचार्यले जजमानलाई गराउने गर्दछन् (अवलोकन : स्वयम् ) । जजमान पनि पुरा निष्ठाका साथ पुजाको कार्य गर्ने गर्दछन । होमपुजाको विधि यस प्रकारको छ :

- सूर्याग दिइन्छ (ग्रहहरूको पूजा गर्ने)
- पुजा संकल्प (पुजा सुरु)
- गुरु बन्दल
- कलश पुजा
- बरुणी (मामकी पुजा)
- अष्टदिक्पाल पुजा
- प्रथम आहुति
- ज्ञान आहुति
- बाघभैरवको देव पुजा
- देव आहुति
- बलिपूजा (पञ्चबली)
- गुरु पुजा
- मण्डल विसर्जन
- शेष आहुति (ध्वनी जलाउने)
- संख्या आहूति (विभिन्न देविदेवताको नाममा आहूति दिने)

(अन्तर्वार्ता : सुरेश वज्रचार्य, वि.सं. २०७९ जेठ २)

## ४.२.७.२. पञ्चवलीको पुजा विधि

प्राय जात्राहरूमा बली दिइने चलन हुन्छ । यस बाघभैरव जात्रामा पनि जात्राको क्रममा पञ्चबली पुजा गर्ने चलन छ । बलीमा ल्याइने जनावरहरूको झंवा:भाग दिनुपर्ने चलन रहेको

पाईन्छ । झवा:भाग नछुटाएमा बली चढाउनु नहुने मान्यता यहाँको स्थानीय बासिन्दाहरूको छ । पञ्चबलीको लागि बाघभैरव जात्रा गुठीमा राज्य स्तरबाट आयस्ता आउने चलन रहेको छ । पञ्चबलीमाः कुखुरा, हाँस, बोका, भेडा, राँगा पर्दछन् । होम पुजाको विधि सकिएपछि पञ्चबली दिने कार्य हुन्छ । बली पूर्व बलीलाई मन्त्र गरी पर्साउने कार्य हुन्छ र नपर्सेसम्म बली दिइदैन ( अन्तर्वार्ता :जुजुभाइ श्रेष्ठ, वि.सं. २०७९ असार ४) । सर्वप्रथम राँगा, बोकाको बली दिइन्छ र बली दिदाँ मार नहानेर रेटिन्छ र भैरव स्थापना गरेको कलशमा गो:मा चढाइन्छ । भेडाको बलीभने भात पकाएपछि त्यहाँ ल्याएर खड्कुलोमा राखी देशबलीको रूपमा प्रयोग गरिने स्थानमा दिइन्छ । उक्त देशबलीमा भैरवको आकृति चित्रण गरेको चित्र राखिन्छ र पकाइएको भात भेडाको आन्द्रमा भरेर देशबलीको रूपमा बौ:बलेजु गर्ने चलन छ । कहिलेकाँही पञ्चबली सम्भव नहुने परिस्थितिमा त्यसको प्रतिक मानेर बली दिने चलन पनि रहेको हुन्छ । यसपालीको बाघभैरव जात्रा-२०७९ मा हाँसको प्रतिकारत्मक रूपमा हाँसको अण्डा र कुखुराको सट्टा दहिको प्रयोग बलीको प्रतिक मानेर गरिएको देखियो (अवलोकन : स्वयंम) (चित्र नं. ८)।

## ४.२.७.३. देशबली (बौः बलेगु) पठाउने चलन

विशेष गरेर आन्तरिक र बाह्य पुजा विधि सकिएपछि सबै भक्तालु र जात्रामा संलग्न मानिसहरूलाई पुजा गरेको समयबजी खुवाइन्छ । देशबली गर्न विशेष गरी ३ जना दर्शनधारीहरूद्वारा तामाको उक्त खड्कुलो बोकी बौः बलेगु गर्न लैजाने चलन रहेको छ । २ जनाले खड्कुलो बोक्ने र १ जनाले भात छर्ने चलन छ । जनविश्वासमा पहिले ग्रहण यस बौः बालेगु प्रसादको रूपमा ग्रहण गर्दा पेटको समस्या समाधान हुने, अरिंचा (रुन्चे लागेको) केटाकेटीहरू ठिक हुने रहेको पाइन्छ तर आजकल मानिसहरू भूत पन्छाएको सम्झिएर यदि यो भातले छोए बिरामी पर्ने विश्वास राखी यस समयमा टाढै बस्ने वा भाग्ने गर्दछन् । यसरी भएको परिवर्तनले जात्रा मनाउने भावनामा केहि चोट आएको महशुस हुन्छ । जात्रा अवलोकन गर्दा बुढाबुढी वा पाका मान्छेहरूद्वारा अझै नि भात छर्किन्दा थापेर ग्रहण गरेको देखियो भने युवा वर्गहरूमा प्रायजसो टाढा बसेको र भागेको देखियो । समयको परिवर्तनसंगै जात्रा मनाउने पद्धतिमा फरकपना आउनु त स्वभाविक नै हो तर व्यक्तिहरूमा यसरी फरकपना बढ्दै गएमा

भावीका पिढीहरूले पुर्खाले मनाउने गरेको र राखेको नियमकानुनको ज्ञान लिन नसकिने अवस्था देखिन्छ र संस्कृतिको एक अमूल्य पाटो नै छुट्ने हुन्छ (चित्र नं. ९) ।

### ४.२.७.४. देशबली पठाउने स्थान

देशबली लैजादा विभिन्न स्थानहरूमा परिक्रमा गर्ने र बौःबलेगु गर्ने चलन रहेको छ । देशबली गर्ने प्रमुख स्थानहरूमा चारदोबाटो, मन्दिरमा छर्ने, इताछें:, चिंथु, तौननी, माडुखेल, सिन्द्राल, कुंज, तजाफः मानाटोल, कुटुभ्फोल, समल, देवदक, बाघभैरव पर्दछ । यो कार्य ३ जनाले १ घण्टा भित्र सक्ने गर्दछन् र सकिएपछि पुनः मन्दिरमा आई भोज खाने चलन छ र भोज सकिएपछि रथयात्रा सुरु हुन्छ ।

### ४.२.७.५. महादीप बाल्ने

साँझपख मन्दिरको प्राङ्गणमा रहेको महादीपमा गुठीद्वारा बत्ती बालेर राख्ने चलन थियो । हाल यो क्लबद्वारा गर्ने गरिन्छ ।

### ४.२.७.६. देश परिक्रममा पठाउने चलन

#### ४.२.७.६.१. रथ परिक्रमा

बौः बालेगु सकिएपछि भोज खुवाएर मन्दिर प्राङ्गणमा राखिएको बाघभैरवको रथलाई पुजारीद्वारा पुजा गरिन्छ र पुनः श्रृंगारिन्छ । बाजागाजा सहित रथलाई मन्दिर वरीपरि ३ पटक घुमाइन्छ र मूल ढोकाबाट बाहिर निकालिन्छ । मूल ढोकाबाट बाहिर निकाली मन्दिरको प्रवेशद्वारको मूल ढोकामा रथलाई केहि समय राखिन्छ । त्यस बेला भक्तजनहरू रथको दर्शन गर्न धुपबत्ती बाल्ने गरिन्छन भने विभिन्न किसिमका बाजागाजाहरू बजाएर नित्य गर्ने गर्दछन् । रथ बाहिर राख्दा मूल ढोकाबाट लाखेले मन्दिरमा प्रवेश गर्दछन् र त्यसपछि भजन खलः र रथ यात्राको लागि लगिन्छ । विभिन्न टोलटोलमा खटलाई लगेर परिक्रमा गराइन्छ । परिक्रमाको क्रममा पालैपालो रथ बोकिने गरिन्छ र महिलाहरू हातमा सुकुन्दा बोकी परम्परागत पोशाकमा सजिएर हिड्ने गर्दछन् । विशेष गरेर पुरानो बस्तीहरूमा रथ परिक्रममा गराइन्छ । यसरी

परिक्रमा गर्न ४-५ घण्टा लाग्ने गर्दछ । रथ देश परिक्रमा गर्न जाँदा बाघभैरव प्राङ्गणमा लाखेको नित्य नचाइन्छ र सबैले आ-आफ्नो गच्छे अनुसार दानदक्षिणा दिने गर्दछन् । लाखे प्रधान वा महर्जन समुहका व्यक्तिहरू बन्ने चलन छ । जात्रामा विभिन्न पुरानो बस्ती र गुठीहरूद्वारा लाखे ल्याइन्छ र रातभरि रथ नआउन्जेल नाचगाना गर्ने गरिन्छ । यसपालि जात्रामा ७ वटा लाखे मध्य ४ वटा लाखेले निरन्तर ३ घण्टासम्म र ३ वटाले पालैपालो नित्य गरेर जात्रामा मनोरञ्जन गराएको पाइयो (अवलोकन : स्वयंम) ।

## ४.२.७.६.२. लाखे नचाउने चलन

बाघभैरव जात्राको बेलामा लाखे नचाउने चलन नयाँ हो । पहिले जात्रामा लाखे नचाउने चलन थिएन र पछि मात्र आएको अनुसन्धानको क्रममा स्थानिय बासिन्दाद्वारा पत्ता लागेको हो । पहिले जात्रा रातभरि चल्ने र फर्किदासम्म जनसहभागिता घट्ने गरेको थियो र पछि लाखे नचाउने परम्परा सुरु गरेको र रथयात्रा हुन्जेल मनोरञ्जन हुने र मानिसहरू पनि हुने हुँदा यो चलन चलाइएको देखिन्छ । विशेष गरेर महर्जन वा प्रधान लाखे बन्ने चलन छ र गुठीहरूबाट पनि लाखे निकाल्ने चलन रहेको पाइन्छ । जे होस यो चलनले जात्रामा रौनक थपेको देखिन्छ ( चित्र नं. १०) ।

## ४.२.७.७. जात्रा सम्पन्न विधि

## ४.२.७.७.१. रथ भित्र्याउने

देश परिक्रमा गर्न सकिएपछि रथलाई मन्दिरको मूल ढोकामा ल्याई राखिन्छ र सबैले दर्शन गर्दछन् । परिक्रमा गराएर ल्याएको रथलाई नवदुलही भित्र्याझैँ प्रधानहरूबाट पुजाआजा गरि लशकुश गरि भित्र्याइन्छ । पहिले बज्राचार्यद्वारा यो विधि गरिन्थ्यो भने आजभोली प्रधानहरूद्वारा गरिन्छ । यसरी भित्र्याउनु पूर्व पाथीमा अक्षता फूल आदि राखी तीन पटक अभिषेक गरिन्छ र कुचो लगाई जल सिचन गर्दै ३ पटक मन्दिर परिक्रमा गरि मूल मन्दिरमा प्रवेश गराइन्छ र जात्राको औपचारिक रूपमा अन्त्य गरिन्छ । त्यसपछि भक्तजनहरूलाई प्रसाद

वितरण गर्ने र भोज खाने गरिन्छ । प्रसादको रूपमा विशेष गरेर चतामरी बाड्ने चलन रहेको पाइयो ।

## ४.३ जात्रामा प्रयोग हुने बाजाहरू

बाघभैरव जात्रामा विभिन्न किसिमका बाजाहरूको प्रयोग गर्ने गरिन्छ । यस जात्रामा प्रयोग हुने बाजाहरू मध्ये पञ्चेबाजा जुन बिहान झिसमिसे उज्यालोमा र साँझमा जात्राको बेला २ पटक बजाइन्थ्यो । हाल आएर यो बन्द भएको पाइन्छ र यो परिवर्तन करिब ४० वर्ष यतादेखि भएको यहाँको स्थानिय बुढापाकाको भनाई छ (अन्तर्वार्ताः युद्ध दर्शनधारी, भाद्र १, वि.सं २०७९)।

यसै गरेर अर्को बाजा नागडा पनि हाल आएर बन्द भएको अवस्था छ । हाल जात्रामा बजाउने बाजाहरू यस प्रकार रहेका छन् : का:हाः बाजा, बासुँरी, नय्खीं, मादल, धिमे, आदि बजाइन्छ । पहिले मुवाली बजाउन दर्शनधारी, कपालीहरूलाई जग्गा जमिन छुट्याएको थियो र नागडा बजाएमा (अरिंचा) लागेको हट्ने विश्वास थियो तर आजकल मुवाली बजाउने चलन पनि हराएको पाइन्छ (ऐजन) ।

## ४.४ जात्रामा आएका सांस्कृतिक परिवर्तन

बाघभैरव जात्रा कीर्तिपुरको एक महत्वपूर्ण जात्राको रूपमा लिइन्छ । यो जात्रा कुन राजाले चलाए भन्ने कुरा अहिलेसम्म थाहा पाउन सकिएको छैन् । मन्दिरको निर्माणको सम्बन्धमा पनि शिवदेवको पालामा भएको तर कसले बनाएको भन्ने कुरामा आवश्यक श्रोतहरू हालसम्म नपाइएकोले कसले बनाएको हो यो भन्न पनि नसकिने अवस्था रहेको देखिन्छ । बाघभैरव यस भेगका मुख्य आराध्य देवको रूपमा रहेको तर यस जात्रा सम्बन्धी रथजात्रा निकालेर मनाउने चलन पछि चलेको पाइन्छ । पहिले पनि भाद्र १ गतेका दिन सिंहसक्रान्ति तिथि मानेर यस मन्दिरमा बाघभैरव यात्राको रूपमा जात्रा चलाउने गरेको पाइन्छ । तामाको मुकुटको निर्माण हुनुभन्दा पहिले बाघभैरवको जात्रा गर्दा किकिंमपाको गहनालाई बुगाःमा लगेर स्नान गराई नय्खीं बाजा, का:बाजा बजाउँदै रिङ्गरोड घुमाउने र विशेष गरेर खानेपानीको

मुहान, कुवाँ, पोखरी, ढुङ्गेधारा आदिमा घुमाउने चलन थियो र कमलपुखु (पलपुखु) को कमल चढाउने गरिन्थ्यो तर हाल आएर जात्राको बेला एउटा आजु:बुगांमा मात्र लगेर मुकुटको स्नान र पूजा गर्ने चलन चलेको देखिन्छ । सायद जात्रामा गाह्रो हुने र विकासी कारणको कारण कमी हुँदै आएको हुन सक्छ । जात्रा पहिले देखि नै रहेको तर मनाउने शैलीमा फरकपना आएको अनुमान गर्न सकिन्छ । पहिले जात्राको बेलामा मन्दिर परिसरमा १०८-३६५ चोटी घुम्ने, १०८ बत्ती बाल्ने र किकिंपालाई मुख्य आराध्यदेवको प्रतीक मानेर विभिन्न १२X१२ कुवा र ढुङ्गेधारामा घुमाउने चलन रहेको पाइन्छ । मन्दिरको मुख्य पुजारीको रूपमा बज्राचार्यहरू पुरोहित रहने र पहिले नित्यपुजा लगाएतका जात्राको सम्पूर्ण कार्यहरू सुरुदेखि अन्त्यसम्म गर्ने कार्य गुरुजुहरूबाट हुन्थ्यो । भने हाल केहि वर्ष यता देखि विशेष गरेर जात्राको समयमा नित्यपूजा, दिवापूजामा बज्राचार्य पुरोहित रहेर पूजा विधि गरेतापनि जात्रा सम्पन्न गर्ने बेला गुरुजुहरूले नगरि प्रधानहरूद्वारा  गरिन्छ । पहिले जात्रा गर्दा राज्यस्तरबाटद्वारे खटाएको हुन्थ्यो भने आजकल त्यस्तो अवस्था रहेको देखिदैन । बाघभैरव जात्राहरूको सम्पूर्ण कार्यहरू पहिले बाघभैरव गुठीले गर्ने गर्थ्यो भने आजकल गुठीको सट्टामा श्री बाघभैरव युवा क्लवले हेर्ने गर्दछ । पहिले गुठीलाई प्रशस्त जग्गा, जमिन छुट्याइएको हुन्थ्यो र गुठीद्वारा सबैलाई भोज खुवाउने चलन थियो हाल आएर गुठीको जग्गाहरू कतिपयः अतिक्रमण गरेको र भोज खुवाउने प्रथा पनि पहिले जस्तो देखिदैन् (अन्तर्वार्ता : बज्रमुनी बज्रचार्य, वि.सं.२०७९, साउन, २५) ।

बज्राचार्य पुजारी सँग गरिएको कुराकानीका अनुसार पहिले जात्राको समयमा छोएला बू: गर्ने चलन थियो र यो जात्राको अघिल्लो दिन गरिन्थ्यो जसमा ६ जना व्यक्ति २ जना बज्राचार्य, २ जना देशबली (भात मन्छाउने) , २ जना महादीप बाल्ने रातभरी जागराम बस्ने चलन थियो र रातको बेला भोज खुवाइन्थ्यो तर आजकल त्यो चलन हटीसकेको अवस्था छ । आजकल परिस्थिति अनुसार धेरै कुरामा फरकपना आएको देखिन्छ (ऐजन) ।

पहिले गुठी संस्थानले सबै कुराको व्यवस्था गर्दथ्यो र १ जना आउने र पञ्चबलीको लागी ल्याउने बलीहरू, ठेक्कापट्टाबाट ल्याउने गर्दथ्यो तर अहिले सम्पूर्ण चीजहरू पैसामा परिणत भएर अभाव परेको देखिन्छ जस्तैः १ मानाः रु १४, दिने जुन हालको तुलनामा १ मानाः ४०० हुन्छ यसरी जात्रा चलाउन परेकोले निर्क कठिनाईको सामना गर्नु परेको देखिन्छ । हाल

आएर गुठी हटेर यसको सम्पूर्ण जिम्मा क्लवले लिएको हुँदा क्लवहरूलाई भोज खुवाउने जिम्मा लिएको तर व्यवस्थित नभएको देखिन्छ । अहिले आएर २ जना गुरुजु चाहिने ठाउँमा १ जना गुरुजु, २ जनाको ४ जना भोज खुवाउने चलन हट्दै गएको र आधिकारिक व्यक्ति नभएको अवस्था छ । अहिले खड्गीहरूलाई बली ल्याउन लाउने र भाग लिने चलन आएको र भोज खुवाउने पनि १००/२०० बाट हटेर ६-७ जनामा सिमित भएको पाइन्छ । आजभोली पुजारीहरूलाई गरिने व्यवहारमा पहिले भन्दा ह्रास आएको र कामको लागि मात्र हो जस्तो व्यवहारले गर्दा जानु पर्ने मान्छेहरू पनि जान नमान्ने अवस्था सिर्जना भइ राखेको पाइन्छ । पहिले मानिसहरूमा आ-आफ्नो जिम्मेवारीको भावना प्रगाढ थियो भने आजकल आफ्नो जिम्मेवारीको भवना प्रति कम चासो र पन्छिन खोजेको जस्तो देखिन्छ ( अन्तवार्ता: विजयरत्न बज्राचार्यः पुजारी, भाद्र ४, २०७९) । यसरी बाघभैरव जात्रामा सांस्कृतिक परिवर्तन आएको अवस्था पाइन्छ । परिवर्तन समय अनुसार हुनु राम्रो मानिन्छ तर जुन परिवर्तनले मौलिकपना र संस्कृतिमा खतरा निम्त्याउँछ त्यस्ता परिवर्तनको सहि पहिचान गरी समयमा नै परिमार्जन गर्न आजको समाजमा आवश्यकता देखिन्छ ।

## ४.५ जात्राको दार्शनिक सामाजिक पक्ष

जात्रापर्वहरू नेपाली समाजको अभिन्न अंगको रूपमा रहेको पाइन्छ । नेपाली समाजमा जात्राको इतिहास निकै पुरानो मानिन्छ । जात्राले मानिसहरूलाई दुःख, थकान, पीरहरू आदिबाट भुलेर मानसिक एवं शारीरिक सन्तुष्टि र आराम दिने कार्य गर्दछ । जात्राले मानिसहरूलाई एकतामा बाध्ने कार्य गर्दछ । पारिवारिक जमघट, सामाजिक मेलमिलाप, सांस्कृतिक संरक्षणका कार्यहरू, आदि जात्राले अप्रत्यक्ष वा प्रत्यक्ष रूपमा जगेर्ना गरेको हुँन्छ । जात्रा तथा चाडपर्वहरूले मानिसहरूमा आफ्नो धर्म, संस्कृति, रितिरिवाज प्रति आस्थाको भावनालाई कायम राख्न मद्दत पुऱ्याउँछ । इतिहासको पानामा हेर्ने हो भने पनि विभिन्न चाडपर्वहरू तथा जात्राहरू सामाजिक घट्नालाई आधार मानेर समाजको खुसीको लागि चलाएको देखिन्छ । उदाहरणको लागि गाईजात्रा, भोटोजात्रा, कार्तिक नाच आदि । जात्राले नेपाली समाजमा गहिरो छाप पारेको छ । हाल मनाउँदै आएका जात्रापर्वहरू निकै प्राचिन जात्रापर्वहरू अन्तर्गत पर्दछन् जुन समय

अनुसार परिवर्तन भइ राखेको अवस्था छ । नेवार समाजमा जात्राको स्थान एकदम ठूलो र महत्वपूर्ण रहेको हुन्छ । जात्राको समयमा इष्टमित्र बोलाउने, भेटघाट गने, रमाउने गरिन्छ । जात्रामा बजाइने बाजाहरू, लगाइने पोशाकहरू, गरिने विधि विधानहरू आफ्नै मूल्य र मान्यता रहेको पाइन्छ । नेपाल एउटा विचित्रको देश हो । यहाँ धार्मिक समन्वयको निमित्त दर्शनलाई अंगिकार गरको देखिन्छ साथै बाहिर उजागर गरिने संस्कारहरूलाई व्यवहारिकतामा फरक फरक किसिमले अपनाइएको पाइन्छ (अन्तर्वार्ता : बज्रमुनी बज्रचार्य, वि.सं.२०७९, साउन, २५) ।

हाल आएर जात्रा मनाउने चलनहरूमा नयाँपन आउन थालेको देखिन्छ । मानिसहरू जात्रामा भन्दा पनि एकअर्काको देखासिखीमा अलि बढी चासो बढाइराखेको पाइन्छ । पहिलेको भन्दा आजभोली जात्राप्रति आस्थाको भावना घटेको पनि पाइन्छ । अरुको देखिसिखी गर्ने चलनले गर्दा पनि आजभोली निकै विकृति आएको देखिन्छ । पहिले जात्राले मानिसहरूलाइृ थकान बिर्साउने मनोरञ्जन गरेर हासो दिने काम गर्दथ्यो भने आजकल कतिलाई जात्रा आउन लाग्दा पीर र बोझ थपिने भएको देखिन्छ । जुन राम्रो संकेत होइन । यस्तै चल्दै गयो भने मानिसहरू जात्रा चलाउन छोड्ने अवस्थामा पनि पुग्न सक्छन् । जात्रापर्व समाजको हक हित, सांस्कृतिक संरक्षण गर्न, कला विकास गर्नको लागि बनाइएको हो । जात्राको पुरानै ढंगले नमनाए पनि समय अनुसार थोरै परिमार्जन गरेता पनि त्यसको मूल्य मान्यतामा भने ह्रास आउन नदिनु नै अहिलेको समाजको आवश्यकता बनेको देखिन्छ । यसो गर्न सकेमा नेपाली समाजको एक महत्वपुर्ण अंगको रूपमा रहेको जात्राको संवद्धन र विकास हुन्थ्यो र मूल्य मान्यता बढ्ने थियो भन्न सकिन्छ ।

# अध्याय- पाँच

## उपसंहार, निष्कर्ष र सुझावहरू

### ५.१. उपसंहार र निष्कर्ष

प्रस्तुत शोध कीर्तिपुर नगरपालिकाको कीर्तिपूर डाँडो (पर्खाल) भित्र मनाउने बाघभैरव जात्राको बारेमा अध्ययन अनुसन्धान गर्न खोजिएको हो । कीर्तिपुरमा परापूर्वकाल देखि नै नेवारहरू बसोबास गर्दै आएको देखिन्छ । कीर्तिपुरमा पनि यि नेवारहरूद्वारा सामाजिक, धार्मिक, आंशिक, सांस्कृतिक मुल्य र मान्यता अनुसार गतिविधिहरू गर्दै यसको संरक्षण र प्रबधन गर्दै आएको पाइन्छ । विभिन्न विद्वानहरूले यस जात्राको बारेमा लेखेको भए पनि हालसम्म बाघभैरवको जात्राबारे वृस्तृत रूपमा कसैले पनि कहि कतै उल्लेख गरिएको पाइदैन । त्यसैले यस शोधपत्रमा कीर्तिपुरमा मनाइने एक महत्वपूर्ण जात्रा 'बाघभैरव जात्राको' बारेमा अध्ययन र अनुसन्धान गरिएको हो । आशा छ यस अध्ययनले बाघभैरव जात्रा एंव कीर्तिपुर क्षेत्रको सामाजिक एंव सांस्कृतिक अध्ययन गर्ने उद्देश्यको परिपूरक हुनेछ । यस शोधमा कीर्तिपुरको बाघभैरव जात्राको परिचय, इतिहास, सामाजिक, सांस्कृतिक, धार्मिक परम्परा आदिको महत्व र विकास क्रमको बारेमा उल्लेख गरिएको छ ।

बाघभैरव मन्दिर र कीर्तिपुरको स्थापना १ वर्षको अन्तरालमा भएको उल्लेख पाइन्छ तर हालसम्म कुन राजाले बाघभैरव मन्दिरको स्थापना गरे भन्ने बारेमा अभिलेखिए प्रमाण पाइएको छैन । त्यसैले यहि राजाद्वारा वा व्यक्तिद्वारा यसको स्थापना भयो भन्न सक्ने स्थिति पाइदैन । बाघभैरवलाई आजु:द्यको रूपमा यहाँको व्यक्तिहरूले मान्दै आएको पाइन्छ । कीर्तिपुरको मुख्य आराध्यदेव भएता पनि यस मन्दिर, सम्बन्धी चलाएको कीर्तिपुरको अत्यन्त महत्वपूर्ण जात्राको रूपमा 'बाघभैरव जात्रा'लाई भव्य तरिकाले रथ यात्राको रूपमा पछि चलाएको देखिन्छ । सुरूवातमा यस जात्रालाई यात्राको क्रममा भाद्र १ गतेका दिन स्थानिय बासिन्दहरूद्वारा मन्दिर परिकमा (१०८ वा ३६५) चोटि गर्ने चलन रहेको पाइन्छ । पहिले यात्राको रूपमा 'बाघभैरव

यात्रा' मानाउने चलन रहेको र यहाँको यात्रा गर्ने क्रममा 'किंकिपा' गहनालाई बोकेर १२ वटा कुवा, ढुङ्गेधारा परिक्रममा गर्ने चलन रहेको र बाघभैरव जात्राको लागि भनेर त्यो दिन गढ, पर्खालबाट करेसाबारीमा तरकारी टिप्न पाउने चलन रहेको पाइन्छ (अन्तर्वार्ता : शुद्धरत्न महर्जन, २०७९ साउन २५) । संभवतः यस जात्रा शिंवदेवले बस्ती बसालेपछि यहाँको आराध्य देवको हिसाबले यस जात्रा 'यात्रा'को रूपामा चलेको हुनसक्ने अनुमान गर्न सकिन्छ । तर जात्राको बारेमा कुनै पनि अभिलेखमा नलेखीएको हुदाँ यसको उत्पत्ति सम्बन्धी यहि नै हो भन्न सकिने अवस्था छैन । तर यस जात्रा नयाँ जात्राको रूपमा मनाइएको नभएर यसलाई मनाउने शैलीमा परिवर्तन आएको पाइन्छ । २०१३ सालपछि रथयात्रा सुरू गरिएको र पछि आएर मुकुट बनाएर रथयात्रा सुरू गरेको देखिन्छ । पहिले यो जात्रा स्थानिय बासिन्दाद्वारा कठिनइ साथ यात्राको रूपमा मनाउने गरिएको र हाल आएर यसलाई परिमार्जन गरेर जात्राको रूपमा भव्यताका साथ मनाउदै आएको देखिन्छ । यस शोधपत्रमा जात्राको उत्पत्ति, महत्व, पूजारी परम्परा, संस्कृति, पूजाविधि, आदि बारेमा खोजि गर्नु थियो । त्यो खोजको नतिजा यहाँ प्रस्तुत गरिएको छ । शोधमा महत्वपूर्ण कुराहरूको व्याख्या गरिएको छ र उक्त परम्पराहरूबारे विभिन्न माध्यमहरूबाट सूचना संकलन गरी व्याख्या विवेचना गरिएको छ ।

## ५.२. प्राप्ति

- यस शोध अनुसन्धानको क्रममा जात्राको इतिहास हेर्दा देखिनै यस जात्राको अस्तित्व रहेको र पछि आएर 'यात्रा' लाई परिमार्जन गरि रथयात्रा मनाउन थालिएको देखिन्छ । पहिले जात्रा मनाउदा स्थानिय बासिँन्दाहरूद्वारा मन्दिर परिकमा गर्ने र 'किंकिपा' लाई अग्रज व्यक्तिहरूद्वारा शहरको कुवा, पोखरी, ढुङ्गेधारामा घुमाउने चलन रहेको पाइन्छ । यो एकदमै गाह्रो र कष्टकर यात्राको रूपमा रहेको र समय धेरै लाग्ने गदर्थ्यो र हाल आएर खट यात्रा सुरू भएपछि २०१३ साल पछि मुकुट बनाएर रथामा राखि एउटा पोखरीमा मात्र घुमाउने र नुहाउने चलन रहेको पाइन्छ ।
- बाघभैरव मन्दिरको बारेमा विभिन्न कथाकिंवदन्तीहरू पाइन्छ । अनुसन्धानको क्रममा विभिन्न ठाँउमा बाघभैरवको प्रतीमा राखेर मन्दिरहरूको स्थापना गरेको पाइयो र स्थानियहरूले सोहि ठाँउको मन्दिर पुरानो रहेको विश्वास देखाए तर हामीले

सत्यतथ्यलाई आधारमान्नु पर्ने हुन्छ । आस्थाको हिसाबले आफ्नो आफ्नो देव मान्नु राम्रो हो र यसको सम्मान गर्नु पर्ने हुन्छ । तर बाघभैरव कीर्तिपुर क्षेत्रको आराध्यदेव एंव पुरानो मन्दिर हो भन्ने कुरामा यहाँ पाइएको अभिलेखिए प्रमाण अनुसार दर्शाएको देखिन्छ । बाघभैरव जात्रा पनि कीर्तिपुरको बाघभैरवमा भव्यताका साथ मनाएको पाइन्छ । साथै कथाकिंवदन्ती अनुसारको झवाःहरूले बनाएको सानो बाघको मूक्ति पनि सुरक्षित साथ कीर्तिपुर बाघभैरव मन्दिरमा रहेको छ । यहाँ पाइएका सप्तमातृका, गणेश, शिवपार्वतीको आदिको मूक्तिहरूले पनि यहाँको प्रचिनता बयान गरेको पाइन्छ ।

- बाघभैरव जात्राको बारेमा सम्पूर्ण कार्यहरू गुठीद्वारा व्यवस्थित गर्ने र सञ्चालन गर्ने चलन पहिले रहेको पाइन्छ तर हाल आएर गुठी नरहेको र जात्राको सम्पूर्ण जिम्मेवारी क्लबद्वारा गरिने गरेको पाइन्छ । पूजारीहरूले पहिले जात्रा गर्दा सुरुवातदेखि अन्त्यसम्म बस्ने नियम थियो तर हाल आएर यो परिमार्जित भएर नित्यपूजा र होम पूजारीद्वारा गरिन्छ भने भित्र्याउने कार्य थकाली वा प्रधानद्वारा गरिने गरिन्छ ।
- बाघभैरव जात्रामा गुठीको भूमिकामा हाल आएर अस्तित्व गुमाएको देखिन्छ । २०१३ सालमा त्रि.वि.विले गुठीको जग्गा समेत अधिकमण गरेको हुनाले आयास्त घटेको एंव गुठी प्रति खासै चासो नदिएर गुठी नै मासिएर हाल आएर कीर्तिपुर युवा क्लबले सम्पूर्ण गुठीको काम गरेको र जात्रा सञ्चालन गर्ने जिम्मा लिएको देखिन्छ ।
- हाल आएर जात्रा मनाउने पद्धतिमा पनि आधुनिकिकरण आएको देखिन्छ । पहिलेको भन्दा अहिले जात्रामा सहभागिता लिने व्यक्तिहरूको सङ्ख्या बढेको पाइन्छ । जात्रामा मात्र विभिन्न समूदायको व्यक्तिहरूले भाग लिने गरेको पाइन्छ । जात्राको क्रममा विभिन्न बाजाहरू बजाउने चलन रहेको पाइन्छ । तर हाल आएर बाजाहरूमा पनि प्रभाव परेको देखिन्छ । पहिले जात्रामा पन्चे बाजा, नागडा बजाइन्थ्यो भने हाल आएर यो बाजा बन्द भएको छ ।
- पहिले जात्राको समयमा चां पूजा गर्ने चलन रहेको र ५१ पैसा चढाएर ढोक्ने चलन रहेको थियो जुन हाल आएर लोप भैसकेको छ ।
- पहिले यो जात्रा ४ दिन सम्म मनाइन्थ्यो । पहिलो पूजा सकिएपछि भण्डारिहरू आएर २ दिन बस्ने, पुजा गर्ने र भोज खाएर जाने र ४ दिन बत्ती बाल्ने चलन थियो भने अहिले

आएर २ दिन मात्र गर्ने गरिन्छ । अहिले पहिलो दिन आएर जागराम बस्ने र भोलिपल्ट भोज गरेर जाने गर्न थालिएको छ ( अर्न्तवार्त : कुराकानीमा आधारित ; स्थानियबासी, भाद्र ४) ।

- ○ बाघभैरव जात्रामा पहिले लाखे नचाउने चलन थिएन । यो पछि आएर सुरू गरेको चलन हो । जात्रा लामो हुने हुँदा मनोरञ्जन दिने हिसाबले सुरू गरेको देखिन्छ ।

## ५.३.सुझावहरू

बाघभैरव जात्रा कीर्तिपुरको एक महत्वपूर्ण जात्राको रूपमा रहेको पाइन्छ । जात्राले संस्कृतिलाई जोगाउने कार्य मात्र नगरि मानिसहरूलाई सधै एकताबद्ध रूपमा बाध्ने कार्यहरू पनि गर्छ । जात्राले समाजमा नैतिक मान्यता र मूल्यहरूको समेत गौरवमय परम्परालाई अक्षुण्ण राखि र्धम-संस्कृतिलाई निरन्तर्ता दिने काई गर्दछ । बाघभैरव जात्रा पुरानो जात्रा भएता पनि यो मनाउने पद्धतिमा परिमार्जन हुँदै आएको पाइन्छ । पहिले यस जात्रालाई यात्राको रूपमा मनाउने  गरिन्थ्यो भने खटयात्रा पछि चलेको पाइन्छ । यो जात्रा कुन राजाको कालमा चलेको हो भनेर भन्न सकिने अवस्था भने छैन । काठमाण्डौमा अन्य जात्राको तुलनामा बाघभैरव जात्रा त्यति पछि नपरे पनि त्यति व्यवस्थित पनि हुन सकेको छैन । यससँगै जुडेका गुठियारहरू, पुजारिहरू, वर्गहरू सबै छरिएर बसेका छन् । सबैजना आफ्नै विविध आर्थिक तथा सामाजिक समस्याहरूमा अल्झेर बसेका छन् तसर्थ उनीहरूका ती समस्याहरूको निराकरण तर्फ विशेष पहल हुनु आवश्यक देखिन्छ । मानिसहरूलाई सचेत गराई उनीहरूलाई अभिप्रेरित गर्न सकेमात्र यस जात्राको निरन्तरता कायम हुनसक्छ । यस जात्राको निरन्तरता प्रदान गर्न र यसको संरक्षण तथा सम्बर्धनको लागि केहि सुझावहरू यस प्रकार प्रस्तुत गरिन्छ :

- स्थानीय सरकारले बाघभैरव जात्रा मनाउन आवश्यक प्रयाप्त बजेट विनियोजन गर्नुपर्दछ ।
- स्पष्ट राष्ट्रिय नीतिको कार्यान्वयन हुन आवश्यक देखिन्छ ।
- जात्रासँग सम्बद्ध वर्गहरूलाई उचीत आर्थिक व्यवस्थापनका साथसाथै जात्राको महत्व बारेमा राम्रो ज्ञान दिनु पर्दछ ।

- गुठी जग्गाको सुरक्षा हुनुको साथसाथै गुठीको अधिकारको व्यवस्था हुनुपर्दछ ।
- गरगहनाको अध्ययन गर्न सके जुन बाघभैरवलाई मानिसहरूद्वारा पहिले देखि चढाइन्थ्यो त्यसबाट पुरानो गहना पत्ता लगाउन सकेमा त्यसको आधारमा पनि बाघभैरव जात्राको प्रचीनता पत्ता लगाउन सकिने आशा छ ।
- जात्राको महत्वबारे प्रचारप्रसार गर्नुपर्दछ ।
- बाघभैरव जात्रालाई पुरानै पद्धति अनुसार प्रत्येक १२ वर्षमा एक पटक मनाउने योजना बनाएर कार्यान्वयन गर्न सके मासिएका वा मासिन लागेको पोखरी, कुवाँ, ढुङ्गेधाराको पहिचान र सम्वर्द्धन गर्न मदत पुग्ने हुन्छ ।
- जात्रामा बजाइने बाजाहरूको पहिचान गरि लोप भएका बाजाहरूलाई पुनः शिक्षण प्रदान गरेर सुरुवात गर्नु आवश्यक देखिन्छ ।
- जात्राको बारेमा विभिन्न किसिमका रणनीतिहरू बनाइ युवा र महिलाको सहभागिता बढाउन सके जात्राको महत्व अझै बढ्ने र बलियो हुने देखिन्छ ।
- पहिले भित्र गएर दर्शन गर्न पाइन्थ्यो र ३२ पैसा राखेर चिः आना (प्वाल परेको पैसा) देखाउने चलन रहेको र हाल आएर हटेको हुदाँ यस्ता पैसाहरू र झवाःहरूले बनाइएको सानो बाघको मूर्तिहरूलाई पनि बेला बेलामा सुरक्षित राखी सबैलाई देखाउन सकेमा यसको महत्व अझ बढ्ने विस्वास राख्न सकिन्छ ।
- आ-आफ्नो कार्य विभाजन गरेर पूजारी, देवपाला, थकाली, संबद्ध वर्गहरू, आदिहरूलाई आ-आफ्नो जिम्मेदारीको बोध गराउन सकेमा भविष्यमा भावी पुस्ताहरूले यसको महत्व अझै बुझ्न मद्दत गर्ने देखिन्छ ।

# अनुसूची :-एक

## प्रश्नावली

स्नातकोत्तर तह उपाधि प्राप्तिका लागि अन्तरवार्ताका प्रश्नहरूका नमूना

| | |
|---|---|
| नामः ..................................................... | लिङ्गः ............... |
| उमेरः ........... | ठेगानाः .............. |

१) किर्तिपुर र बाघ भैरवको मन्दिरको इतिहासको के कस्तो सम्बन्ध छ ?

२) बाघ भैरव मन्दिरको प्रचलित किम्बदन्तिहरू के के छन् ?

३) यस बाघ भैरव मन्दिरको मूर्ति के कस्तो अवस्थामा थियो ?

४) बाघ भैरव मन्दिरको निर्माण कहिले र कसरी भएको हो ?

५) यस मन्दिर परिसरमा रहेका प्राचीन मूर्तिका बारेमा के कस्ता जानकारी छन् ?

६) बाघ भैरव मन्दिरको नित्य पूजा र अन्य पूजा कसले र कसरी गरिन्छ ?

७) बाघ भैरव मन्दिरसंग सम्बन्धित के कस्ता जात्रा पर्व छन् ?

८) बाघ भैरव मन्दिरको पूजा र जात्रासंग कतिवटा गुठी आवद्ध छन् ?

९) गुठीको प्रमुख भूमिका के के हुन् ?

१०) बाघ भैरव मन्दिरको जात्रा कहिले देखि शुरु भएको हो ?

११) बाघ भैरव जात्रा कुन कुन समुदायले मनाउने गरिन्छ ?

१२) बाघ भैरव जात्राका दिन के कस्ता पुजा र गतिविधिहरू हुन्छन् ?

१३) यस जात्राको उत्पत्ति कसरी भएको हो ?

१४) यस बाघ भैरव मन्दिर परिसरमा रहेको देवी देवताका मूर्ति र यस जात्राको अन्तर सम्बन्ध कस्ता छन् ?

१५) उहिलेको बाघ भैरव जात्रा र अहिलेको बाघ भैरव जात्रामा के कस्ता परिवर्तन पाउनु भएको छ ?

१६) मच्छेगाउँमा अवस्थित बाघ भैरव मन्दिरको बारे केही जानकारी छ ?

१७) त्यहाँको र यहाँको बाघ भैरव मन्दिरको बीच केही अन्तरसम्बन्ध छ ?

१८) दुई मन्दिर मध्ये कुन मन्दिर पुरानो हो र मन्दिरको बारे रहेको प्रचलित भनाई के कस्ता छन् ?

१९) बाघ भैरव जात्राको कुनै निश्चित परिक्रमा पथ छ ?

२०) जात्राको बारेमा तपाईको आफ्नो धारणा के छ ?

२१) युवावर्गहरूको जात्रामा के-कस्तो भूमिका पाइन्छ ?

२२) बाघ भैरव जात्रामा बली दिने चलन के-कस्तो छ ?

२३) जात्रामा थकालीको भूमिका के-कस्तो रहेको छ?

२४) बाघ भैरव नित्य र जात्रा वीच के सम्बन्ध छ?

२५) बाघ भैरव जात्रामा देखिएको साँस्कृतिक परिवर्तन के-कस्तो रहेको छ?

२६) जात्रामा के-कस्ता बाजाहरूको प्रयोग गरिन्छ र कुन समुदायका व्यक्तिहरूद्वारा बजाइन्छ?

# अनुसूची :-दुई

## अन्तर्वार्ता

नामः ....................................................                    लिङ्गः ...............

जात्रा सम्बन्धी विषयमा नमुनामा छानिएका जानकार व्यक्तिहरूसंग लिएको अन्तर्वार्तामा सोधिएका प्रश्नहरूको नमूना

१) बाघभैरवको र बाघभैरव जात्राको इतिहास बारे के कस्तोसम्बन्ध रहेको छ ?

२) बाघभैरवको नित्य पूजा र जात्राको इतिहास बारे के कस्ता रहेका छन् ?

३) बाघभैरव जात्रामा विभिन्न सम्प्रदायको व्यक्तिहरूको के कस्ता भूमिका रहेको पाईन्छ ?

४) जात्रामा आएको सांस्कृतिक परिवर्तन के कस्ता रहेका छन् ?

५) बाघभैरव जात्रामा गुठीको व्यवस्था र भूमिका के कस्ता रहेको पाईन्छ ?

६) बाघभैरव जात्राको साँस्कृतिक, धार्मिक र ऐतिहासिक महत्व के कस्ता रहेको पाईन्छ ?

# अनुसूची :-तीन

## अन्तरवार्ता लिइएका व्यक्तिहरूको विवरण

स्नातकोत्तर तह उपाधि प्राप्तिका लागि अन्तरवार्ता लिइएका व्यक्तिहरूको विवरण

| क.सं. | नाम | पद |
|---|---|---|
| १) | बज्रमुनी बज्राचार्य | पुजारी |
| २) | प्रयाग राज प्रधान | अध्ययनकर्ता |
| ३) | शुद्धरत्न महर्जन | अध्यक्ष (बाघ भैरव गुठी युवा क्लब) |
| ४) | कृष्ण महर्जन | स्थानिय बासिन्दा |
| ५) | दिल बहादुर महर्जन | स्थानिय बासिन्दा |
| ६) | जुजु भाई श्रेष्ठ | स्थानिय बासिन्दा |
| ७) | नन्द श्रेष्ठ | सतुंगल |
| ८) | विदेश कपाली | पुजारी (रेखदेख गर्ने) |
| ९) | लक्ष्मी बहादुर महर्जन | स्थानिय बासिन्दा |
| १०) | रिता धिमाल कुश्ले | स्थानिय बासिन्दा |
| ११) | सावित्रि महर्जन | स्थानिय बासिन्दा |
| १२) | सरिता डंगोल | पाङ्गा |
| १३) | गणेश माया मर्हजन | पाङ्गा |
| १४) | राधाकृष्ण महर्जन | स्थानिय बासिन्दा |
| १५) | विजय रत्न बज्राचार्य | पुजारि |
| १६) | प्रविन रत्न बज्राचार्य | स्थानिय बासिन्दा |
| १७) | महेश कुमार आचार्य | शिक्षक |
| १८) | भरत महर्जन | अध्ययनकर्ता |
| १९) | सुरेश बज्राचार्य | पुजारी |
| २०) | मैयाँ महर्जन | सतुंगल |
| २१) | युद्ध दर्शनधारी | युवा क्लब सदस्य |

| | | |
|---|---|---|
| २२) | रूपेन्द्र महर्जन | पाङ्गा कीर्तिपुर |
| २३) | एकता महर्जन | स्थानिय बासिन्दा |
| २४) | सोमी तामाङ्ग | पुजारी वडा नं. ४ मच्छेगाँउ, चम्पादेवी |

# परिशिष्ट-क

## चित्र सूची



चित्र १ : मुकुटलाई आजु : बुगांमा स्नान गर्न लगिदै



चित्र २ : जात्राको दिन बाघभैरव मन्दिरमा पूजाआजा गर्न आएका श्रदालु भक्तजनहरू



चित्र ३ : बाघभैरवको रथ









चित्र ४ : बाघभैरवमा चढाएको गरगहनाहरू



चित्र ५ : समयबजि ग्रहण गर्दै स्थानिय बासिन्दाहरु



चित्र ६ : थकालिबाट टिका ग्रहणगर्दौ स्थानिय



चित्र ७ : ब्रजाचार्य पुजारी र थकालिबाट बह्य होम पुजा विधि गरिदै



चित्र ८ :  बलि दिदैं गरिएको अवस्था



चित्र ९ : बौ : बलेगु लैजादै



चित्र १० : लाखे नाच





चित्र ११ : शोध अनुसन्धानको बेलामा अर्न्तवार्ता लिईएको व्यक्तिहरू मध्यको केहिसँग तस्बिर

अ.स. १ कीर्तिपुर बाघभैरव मन्दिरको भित्ताको ताम्रपत्र

## मूलपाठ

१. २ ॐ नमो श्रीव्याघेश्वराय ॥ भीम भीमपराक्रम द्रुपदजानाथं कुरुणांकुलारण्योद्भूत महाप्रचण्डदहनं वित्रो-

२. इदं भास्करं रकेयोनन्दन मूर्त्तमारुण पयोजश्रेणिरक्तत्विषंध्याते तृपीतमलं मुदाक्कदयतो दुःशासनस्यासेजं ॥

३. ? श्रेयोऽस्तु ॥ सम्वत् ८१६ कार्त्तिक कृष्ण अमावस्या तिथौ ज्यैष्ठ नक्षत्र शुलयोगे अंगालबार तस्मिन्दिने किर्त्तिपुरि

४. राजकुरराछे यतागृह क्वाठ नायक ढुण्डिराज भारो स्वस्त्री चिकुटि क्वाठ नकिनि नेम्ह स्त्रीपुरूखन श्री ३ व्याघ्रेश्वल भ-

५. ट्टारिपगस्के महादिप छोयके जोहोमोर माल दोहोरया व्ययाश निमिर्त्तिन स्वहस्तेन पतियने ननिक्षपन दुन्तावलि वु रो-

६. व पि ४ ग्वाठको वु रोव २ ओपिङ्गल वु रोव १ जव १ अ फलपाखवार्त्तिका जव छि १ त्याक वु जव छि १ एते क्षत्र दुन्ता ॥ ० ॥

७. भुय सम्वत् ८२३ आषाढ कृष्ण अमावाश्यान्तिथौ शनिश्चलबार तस्मिन्दिने सूर्य्यग्रासपर्व्व दिने दानपति स्व ढुण्डिराज

८. भरो स्त्रीपुरुष गुंथचपार दयक सुवर्ण्ण मूर्त्ति श्री ३ भैलव शक्तिसहित दयकं प्रतिष्ठा याडा ॥ थ्वयात निमित्तिन स्वह-

९. स्तेन दुन्ता वलि वु रोव षु ६ कवुचोगथ वु रोव स्व ३ एते छत्र दुन्ता ॥ स्वदत्तं प्रदत्ताम्वा जोहनेऽसुरविप्रयोग वृर्त्तिस्य-

१०. जायते विद्भवर्षानां मजुतायु तै ॥ एते छत्रया व्रपंप्रति वरसानन सिंह सक्रान्ति. कुन्हु पूजा जो १ महादिप पु १ छो-

११. यके महोर टंका १ मारे मारस तन्यः दम्म १६ केतकि स्यान स तन्यः श्रीभैलव मूर्त्ति चपारफलेस वोस्यं हाथ्व हायकं

१२. - त विस्यं थ्वन सति कुन्हु पूजावारि गुरु भरोरं वेता म्हं २ श्रीनायक जुतो म्हं १५ नकिनि जुतो म्हं १५ देवपार राक

१३. म्हं १ वह्निया दातिम्ह भिक्षु म्हं १ थ्वते विज्याचकं ॥ श्रीश्रीदिगिस पूजा जो १ दंम २ दोर्क्षना ॥ दं १ देखनाः नायक नकिनिगुरुवा-

१४. हार दुता ॥ श्रीव्याघ्रेश्वरस्के दम ३ दुनैपिने ॥ सियाफके फं ४ बजि फं १
घरिद ४ चाखिपारु प्र १ म्वात कुड १ तुति प्र २ धासा २
१५. राकुड २ अिपथ्व फं १ ध्वते दानपिन्ते ॥ जाके फं ८४ अयिराक फं ६
सियाफके फ ३२ बजि फं ४ दं १४ धरि पास प्र ५ म्वात
१६. कुड फं १ तुति प्र २ रा फं २ X कगुरि फं १ X ध्वते हन्य स्व पतकन ॥
प्रस्यत गुथि भारो स ॥ गुथि जजमान ढुण्ढिराज भारो ।
१७. रामहरि भारोः मनोहोरसिंह भारोः चिकुटि भारोः साहि भारो । ... ध्वतेस्यन
व्रयंप्रति निस्वप्य माल ।
१८. रोपारापयाकारे पञ्चमाहापातकिः निस्वपं उर्त्तरत्वं ॥ स्वर्ग्ग प्रीति कामनार्थ
सव्वदा-मंगला ॥ शुभ सर्व्वदा ॥
१९. नपार फरे सेल्हो भारको याय मार ॥ भूय संम्वत् ८२१ चैटकृष्ण: सप्तमि कुन्हु
गजुरि छाया दिन जुरो ॥ ॥ शुभ ॥

★★★

(बज्रचार्य, मध्यकालिन अभिलेख, पृ.५३५)

**अ.स. २**


## कीर्तिपुर बाघभैरव मन्दिरको ढोकाको अभिलेख

### मूलपाठ

१. ॐ श्रेयोऽस्तु ॥ सम्वत् ८१४ माघ कृष्ण
२. मासे कृष्णपक्षे षष्ठम्यायान्तिथौ
३. स्वातिनक्षत्रे वृद्धियोगे सोमवास-
४. ले, थ्व कुन्हु क्वाठनायक विश्व-
५. नाथ भारोन श्रीश्रीश्रीव्याघ्रेश्वर
६. भट्टारिकासके सुवर्ण्ण तोलन ख-
७. सिंझ्याल गुंग्वाक दोहोरपा जुरो
८. स्वजेष्ठ पुत्र रघुनाथ एतेसन

(ऐजन, पृ.५३४)

## नक्सा




*(तस्बिर सौजन्य : इन्टरनेट)*

# सन्दर्भ सूची

आचार्य, महेश कुमार, *कीर्तिपुर क्षेत्रका लिच्छिवीकालीन मानव वस्तीहरू,* Nepalese Culture, vol. XIV, कीर्तिपुर : नेपाल तथा एसियाली अध्ययन केन्द्र, त्रि.वि ।

आचार्य, मोहनप्रसाद, (वि.सं. २०३९) *"शक्ति सहितको भैरव मूर्ति"* गोरखापत्र, वर्ष ८२, अंक ९३ काठमाण्डौं ।

झा, हित नारायण (ई. १९७०), *दि लिच्छविज* वाराणसी : दि चौखम्बा संस्कृत सेरिज अफिस ।

टण्डन, गोविन्द (वि.सं. २०७६), *नेपालमा गुठी व्यवस्था, काठमाण्डौ* : साङ्ग्रिला पुस्तक प्रा.लि.।

द्विवेदी, पशुपतिकुमार (वि.सं. २०३८), *अनन्त रूपधारी शिव तथा महाशिवरात्री पर्व पुस्तिका,* काठमाण्डौ : राष्ट्रिय संग्रहालय ।

पाल, प्रतापदित्य (ई. १९७४), *दि आर्टस अफ नेपाल,* पार्ट १ स्ककल्पचर, निदरल्याण्ड : लेडेन को ला, इ. ज. वील ।

पौडेल, बीणा, (वि.सं. २०६०) *"काठमाडौं उपत्यकाका प्रमुख उमा महेश्वर र भैरव मूर्तिहरू"* पुल्चोक, ल:पु: साझा प्रकाशन।

प्रधान, भुवनलाल, (वि.सं. २०३२) *"कीर्तिपुर स्थापना"* मधुपर्क: वर्ष ६ अंक १०, काठमाण्डौं,

प्रधान, भुवनलाल (वि.सं. २०५५), *नेपालको इतिहास र संस्कृतिका केही पक्ष,* पृ.३, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौ ।

प्रधान, प्रयागमान (बि.सं. २०६१), *किर्तिपुरको बाघ भैरव नित्य,* अप्रकाशित शोधपत्र, कीर्तिपुर : नेपालि ईतिहास संस्कृति तथा पुरातत्व केन्द, त्रि.वि।

प्रधान, प्रयागमान (ने.सं.११४१), नेवा: लहना: किपूया लजना, किपू : किपू नगरपालिका।

प्रधान, प्रयागमान (वि.सं.२०६५), *किर्तिपुरको बाघ भैरव नित्य,* कीर्तिपुर: कीर्तिपुर अध्ययन तथा अनुसन्धान केन्द्र, त्रि.वि ।

पौडेल, वीणा (वि.सं.२०६०), काठमाण्डौ उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू, ललितपुर : साझा प्रकाशन ।

पौड्याल वीणा, शर्मा डिल्लीराज, पोखरेल गोपाल (वि.सं.२०७८), नेपाल उपत्यकाका जात्रा, काठमाण्डौ : नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी ।

बनर्जी, जितेन्द्र नाथ (ई.सं. १९७४), *दि डेभलपमेष्ट अफ हिन्दू आइकीनीग्राफी,* न्यू दिल्लीः थर्ड इडिसन, मुन्शिराम मनोहर लाल पब्लिसर प्रा.लि. ।

बज्राचार्य धनबज्र (इ.सं. १९८०), *मल्लकालका प्रख्यात राजा शिवदेव,* कन्ट्रिव्युशन टु नेपालिज स्टडिज भाग ८ संख्या १, पृ. २२१, काठमाण्डौः नेपाल तथा एसियाली अध्ययन केन्द्र, त्रि.वि ।

बज्राचार्य धनबज्र र श्रेष्ठ टेकबहादुर (वि.सं.२०३१), *दोलखाको ऐतिहासिक रूपरेखा,* काठमाण्डौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि ।

बज्राचार्य, धनबज्र (वि.सं.२०३०), *लिच्छविकालिन अभिलेख,* कीर्तिपुर : नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, त्रि.वि ।

बज्राचार्य, धनबज्र (वि.सं.२०५६), *मध्यकालिन अभिलेख,* कीर्तिपुर : नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, त्रि.वि ।

बज्राचार्य, धनबज्र (वि.सं.२०६४), गोपालराजवंशावलीको ऐतिहासिक विवेचना कीर्तिपुर, काठमाण्डौंः नेपाल तथा एसियाली अध्ययन केन्द्र, त्रि.वि ।

मल्ल, कमलप्रकाश र बज्राचार्य, धनबज्र (वि.सं.२०४२), *गोपालराज वंशावली,* काठमाण्डौ : नेपाल रिसर्च सेन्टर पव्लिकेशन ।

यदुवंशी ( ई.१९५५), *शैवमत,* पटनाः राष्ट्र भाषा परिषद विहार ।

राव, गोपिनाथ (सन् १९७१), एलिमेण्ट अफ हिन्दु आइकनोग्राफी, दिल्लीः भोलुम २, नं. १, इण्डोलोजिकल वुक हाउस ।

तिवारी, सुर्दशन राज (सन् १९८८) *टायस टेम्पल्स अफ नेपाल,* काठमाडौः सुनिता तिवारी, पो. वा. नं. १६२० ।

रेग्मी, जगदीश चन्द्र (वि.सं. २०३९), *नेपालको धार्मिक इतिहास,* काठमाण्डौः रत्न पुस्तक भण्डार ।

रेग्मी, वेदनाथ, (वि.सं.२०४६), *नेपालका भैरवहरू,* गरिमा, ललितपुरः साझा प्रकाशन, वर्ष ७, अंक ७ ।

रेग्मी, जगदिशचन्द्र, (वि.सं.२०५८), *नेपालको धार्मिक इतिहास,* काठमाण्डौं;:रत्नपुस्तक भण्डार ।

वाङ्गदेल, लैनसिंह (वि.सं.२०३२), *नेपाली मूर्तिकलाको विकास क्रम,* काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौ ।

श्रेष्ठ, शुक्रसागर (वि.सं. २०५७), कीर्तिपुरको संस्कृति र पुरातात्विक इतिहास, कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.।

श्रेष्ठ, विनोद, (वि.सं.२०६८), *कीर्तिपुरमा मनाईने गाईजात्रा पर्वको सामाजिक एवं सांस्कृतिक महत्व,* अप्रकाशित शोधपत्र, कीर्तिपुर, काठमाण्डौ : नेपाली ईतिहास संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग, त्रि.वि ।

Nepali, Gopal Singh (1965 A.D.), *The Newars, Bombay*: United Asia Publication .